# नीलम कार्की ‘निहारिका’ का उपन्यासमा प्रयुक्त शरीर राजनीति

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

शोधप्रबन्ध


शोधकर्ता

हेमकुमारी सुवेदी

दर्शनाचार्य तह

क्रमाङ्क : २९

नेपाली केन्द्रीय विभाग,

त्रि.वि., कीर्तिपुर, काठमाडौँ


२०८१

## कृतज्ञताज्ञापन

"नीलम कार्की 'निहारिका' का उपन्यासमा प्रयुक्त शरीर राजनीति" शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ र दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा. डा. महादेव अवस्थीको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । शोधप्रस्ताव लेखन, परिमार्जन तथा शोधप्रबन्धलाई अन्तिम स्वरूप प्रदान गर्ने कार्यसम्म उहाँको प्राज्ञिक निर्देशन, अमूल्य सल्लाह एवम् उचित मार्गदर्शनबाट नै मैले यो शोधकार्य सम्पन्न गर्न सकेकी हुँ । तसर्थ सर्वप्रथम मेरा शोधनिर्देशक श्रद्धेय गुरु प्रा.डा. महादेव अवस्थीज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पारुञ्जेलसम्म विशेष सहयोग र सुझाव प्रदान गर्नुहुने दर्शनाचार्य तह, नेपाली केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा.डा.कृष्णप्रसाद घिमिरे, वर्तमान विभागीय प्रमुख प्रा.डा.कृष्णप्रसाद न्यौपाने, नेपाली केन्द्रीय विभागका प्राध्यापकहरु, प्रा.डा. ताराकान्त पाण्डेय, प्रा.डा. रमेशप्रसाद भट्टराई, प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल, प्रा.डा. नारायणप्रसाद गडतौला, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, सहप्रा.डा..नेत्र एटम, सहप्रा. डा. दुर्गाबहादुर घर्ती तथा सम्पूर्ण गुरूप्रति कृतज्ञताज्ञापन गर्दछु । साथै यस क्रममा सहृदयी व्यवहार र सहयोग गर्ने विभागका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत शोधप्रबन्ध लेखनमा सामग्री उपलब्ध गराउने त्रि. वि. केन्द्रीय पुस्तकालय, विभागीय पुस्तकालयलाई पनि धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयारीमा मैले धेरै व्यक्तिहरूको प्रत्यक्ष, परोक्ष प्रेरणा र सहयोग प्राप्त गरेकी छु । यसै सन्दर्भमा मेरो शैक्षिक उन्नयनका लागि सदा उत्प्रेरित गर्दै लेखनका लागि वातावरण तय गरेर सहयोग गर्नुहुने मेरा जीवनसाथी रुद्रराज पाण्डे, छोरी अश्लेषा पाण्डे र चाँदिरा पाण्डेप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अध्ययन एवम् अनुसन्धान कार्यका लागि सदैव हौसला तथा प्रोत्साहन दिने सहपाठी मित्रहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा यस शोधप्रबन्धलाई समुचित मूल्याङ्कनका लागि विभाग समक्ष पेश गर्दछु ।

मिति : २०८१ ।०४।

.................................

हेमकुमारी सुवेदी

शैक्षिक सत्र २०७७/२०७८

दर्शनाचार्य कार्यक्रम

नेपाली केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

# विषयसूची

**पहिलो परिच्छेद**

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य तथा महत्त्व १०

१.६ शोधविधि १०

१.६.१ सामग्री सङ्कलनविधि ११

१.६.२ सैद्धान्तिक आधार र अध्ययन विधि ११

१.७ शोधको सीमाङ्कन १४

१.८ शोधको रूपरेखा १४

**दोस्रो परिच्छेद : नीलम कार्की ‘निहारिका’ का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि १६**

२.१ विषयपरिचय

२.२ महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि १६

२.३ यौनिकता र प्रजननप्रति महिला शरीरमाथिको पितृसत्तात्मक सामाजिक दृष्टि १७

२.४ नीलम कार्की ‘निहारिका’ का उपन्यासमा यौनिकता र प्रजननप्रति महिला शरीरमाथिको पितृसत्तात्मक सामाजिक दृष्टि १८

२.५ शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि २४

२.६ नीलम कार्की ‘निहारिका’ का उपन्यासमा शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि २६

२.७ श्रम र उपार्जनका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ३२

२.८ नीलम कार्की 'निहारिका' का उपन्यासमा श्रम र उपार्जनका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ३३
२.९ धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ३४
२.१० नीलम कार्की 'निहारिका' का उपन्यासमा धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ३५
२.११ लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ४१
२.१२ नीलम कार्की 'निहारिका' का उपन्यासमा लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ४३
२.१३ निष्कर्ष ४६
**तेस्रो परिच्छेद : नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव ४८**
३.१ विषयपरिचय ४८
३.२ युद्धका कारण महिला शरीरको निर्वासन ४६
३.३ नीलम कार्की 'निहारिका' का उपन्यासमा युद्धका कारण महिला शरीर निर्वासन ५०
३.४ सामाजिक परम्पराका कारण महिला शरीरको निर्वासन ५४
३.५ नीलम कार्की 'निहारिका' का उपन्यासमा सामाजिक परम्पराका कारण महिला शरीरको निर्वासन ५६
३.६ उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन ६०
३.७ नीलम कार्की 'निहारिका' का उपन्यासमा उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन ६२
३.८ निष्कर्ष ६४

**चौथो परिच्छेद : नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोध** **६८**

४.१ विषय परिचय ६८

४.२ शरीर प्रयोगप्रतिको प्रतिरोधसम्बन्धी अवधारणा ६८

४.३ यौनिकता र प्रजननका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ६९

४.४ नीलम कार्की 'निहारिका' का उपन्यासमा यौनिकता र प्रजननका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ७०

४.५ धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ७३

४.६ नीलम कार्की 'निहारिका' का उपन्यासमा धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ७४

४.७ लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ८०

४.८ नीलम कार्की 'निहारिका' का उपन्यासमा लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ८१

४.९ शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ८८

४.१० नीलम कार्की 'निहारिका' का उपन्यासमा शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध ९०

४.११ निष्कर्ष ९८

**पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष** **१००**

५.१ सारांश १००

५.२ निष्कर्ष १०७

**सन्दर्भ सामग्रीसूची** **११०**

# शोधपरिचय

## १. विषयपरिचय

कविता लेखनका माध्यमबाट साहित्यिक लेखनमा प्रवेश गरेकी नीलम कार्की 'निहारिका' (२०३१) को लेखनको प्रमुख विधा आख्यान हो । उनका *मौन जीवन* (२०५१) र *नियतिको खेल* (२०५३) शीर्षकका दुई उपन्यासहरू नीलम कार्कीका नामबाट प्रकाशित भएको पाइन्छ भने *अर्की आइमाई* (२०७०), *चीरहरण* (२०७२) र *योगमाया* (२०७४) उपन्यासहरू नीलम कार्की 'निहारिका' का नामबाट प्रकाशन भएका छन् । उनका उपन्यासमा पितृसत्तात्मक दृष्टिकोणका कारण महिलाहरूले भोग्नुपरेको शोषण, दमन, विभेद र उत्पीडनको अभिव्यक्ति हुनुका साथै नारी स्वतन्त्रता र समानताको स्वर प्रस्तुत भएको पाइन्छ । नारी शरीर लिएर जन्मिएकै कारण यी उपन्यासका नारी पात्रहरूले आफ्ना इच्छा, आकाङ्क्षा र स्वतन्त्रतालाई त्यागेर आफ्नो जीवन पनि अरूकै लागि बाँचिदिनु पर्ने परिस्थितिको सामना गर्नु परेको कुरालाई उनका उपन्यासले अभिव्यक्त गरेका छन् ।

शरीर राजनीति सांस्कृतिक अध्ययनको पछिल्लो समयमा विकसित एउटा समालोचना पद्धति हो । सामान्यतः शरीर भन्नाले मानिसको हाड र मासुयुक्त आवयाविक संरचना भन्ने बुझिन्छ तर सांस्कृतिक अध्ययनका दृष्टिले चाहिँ शरीर शैली र प्रस्तुति हो, जुन संस्कृतिद्वारा निर्धारित हुन्छ । शरीरका जीववैज्ञानिक वा प्राकृतिक शरीर र संस्कृतिक शरीर गरी दुई रूप हुन्छन् । सांस्कृतिक शरीरअन्तर्गत परम्परामा विभिन्न ढङ्गले निर्मित मानिसको शरीर सन्दर्भ र त्यस शरीरलाई हेर्ने सांस्कृतिक र राजनीतिक दृष्टिकोण भन्ने बुझिन्छ । मान्छेको शरीरलाई जीववैज्ञानिक तथा प्रकृति वा संस्कृतिका सन्दर्भबाट मानिसहरूले कसरी व्यवहार गर्छन् र त्यसको सामाजिक सांस्कृतिक निर्मिति के कस्तो हुन्छ भन्ने कुरालाई नै शरीर राजनीति भनिन्छ । पाश्चात्य साहित्य सिद्धान्त परम्परामा सन् १९६० को दशकबाट विकसित यो सिद्धान्त विशेष गरी नारी शरीरलाई व्यक्ति, समाज वा राज्यले कसरी नियन्त्रण गर्छ र त्यसको प्रतिरोधको सङ्घर्ष कसरी हुन्छ भन्ने कुराको अध्ययनमा केन्द्रित रहेको छ ।

सांस्कृतिक अध्ययनले शरीर राजनीतिलाई पितृसत्ता, विचारधारा र शक्ति सम्बन्धको विषय मान्छ । परम्परागत समाजमा कानुन, धर्मशास्त्र, परिवार सबैलाई महिला शरीरको शोषण गर्ने संस्थाका रूपमा स्थापना गरिएको पाइन्छ । पितृसत्ताले स्थापना गरेका

भाष्यहरूले यस्ता संस्थाहरूलाई समाजमा अझ बलियो गरी प्रतिस्थापन गरेका छन् । समाजमा महिला शरीरलाई कमजोर तथा यौन मनोरञ्जनका वस्तुका रूपमा लिने संस्कृति विद्यमान रहेको छ । महिलाहरू पुरुषबाट शोषित र दमित भएकै कारण उनीहरूको शरीर पनि पुरुषकै अधीनस्थ बनेको पाइन्छ । उपभोक्तावादी पुँजीवादी संस्कृतिले वस्तुलाई उपभोग्य बनाउन मानव शरीरको प्रयोग गरेको पाइन्छ । उपभोग्य वस्तुलाई आकर्षक बनाई बिक्री वितरण गर्न महिला शरीरको प्रयोग गर्दै यसलाई क्रय बिक्रयको बस्तु बनाइन्छ । प्रचीन कालदेखि नै प्रभुत्वशाली वर्गले आफ्नो शासन टिकाइरहन गरिने युद्धमा पनि महिला शरीर प्रयोग गरेको पाइन्छ । द्वापर युगको महाभारत युद्ध होस् वा एक्काइसौँ शताब्दीको नेपालको दशवर्षे युद्ध होस् यी दुबै युद्धले मानिसलाई मानसिक तथा शारीरिक आघात दिन्छन् । यस्ता युद्ध र शरीरको सम्बन्ध निकट रहेको हुन्छ, अझ महिला शरीर त्यसबाट प्रभावित रहेको पाइन्छ । अतः शरीरमाथिको नियन्त्रण कसको र किन छ ? के कस्ता कारणले महिलाहरूले आफ्नो शरीरको नियन्त्रण गुमाइरहेका छन् ? र शरीर नियन्त्रणको प्रतिरोध कसरी भएको छ भन्ने कुराको अध्ययन सांस्कृतिक अध्ययनले गर्दछ ।

हाम्रो समाजले पुरुष लिङ्ग र महिला लिङ्गको शरीरको अस्तित्वलाई मात्र स्वीकार गर्दै आएको पारम्परिक मान्यतामा तेस्रो लिङ्को शरीर र लिङ्ग परिवर्तन गरेका शरीरहरू पनि स्थापित भइरहेका छन् । शरीरसम्बन्धी पुराना मान्यताहरू भत्किँदै गएको यस समयमा शरीरसम्बन्धी अध्ययनका आयामहरू पनि विस्तारित छन् । प्रस्तुत अध्ययन नीलम कार्की 'निहारिका' का *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यासमा महिला शरीरमाथि भएको राजनीतिको अध्ययनमा केन्द्रित रहेको छ । उनका उपन्यासहरू विशेष गरेर नारी समस्यामा केन्द्रित रहेका छन् । कार्कीका उपन्यासहरू उपन्यासमा नारी जीवनले भोग्नुपरेका विभिन्न समस्याहरू पितृसत्तात्मक समाजले महिलामाथि गरेको विभेद, युद्ध र निर्वासनका कारणले महिलामाथि हुने दमन तथा शोषण, उपभोक्तावादी पुँजीवादका कारण महिलामाथि भएको अन्याय तथा नारी शरीरको अस्तित्व र पहिचान आदिलाई प्रस्तुत गरिएको छ । कार्कीका उपन्यासहरू महिला शरीरमाथिको पितृसत्तात्मक समाजको दृष्टिकोण, निर्वासनको प्रभाव र महिला शरीर राजनीतिप्रतिको प्रतिरोधका दृष्टिले अध्ययनीय विषय भएकाले यहाँ यिनै पक्षको विश्लेषण गरिएको छ ।

## २. समस्याकथन

नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि समाजका विभिन्न पक्षले गरेको राजनीति र त्यसप्रति महिलामा निहित प्रतिरोधको चेतनाको अभिव्यक्ति पाइन्छ । महिला शरीर भएकै कारण उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका, समाजमा तिनको पहिचान, तिनलाई हेर्ने दृष्टिकोणका साथै महिलाको आफ्नो शरीर पनि पुरुषकै अधीनस्थ बनेको कुरालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । कार्कीका उपन्यास प्राज्ञिक अध्ययनका दृष्टिले अध्ययनीय रहेका छन् । उनका उपन्यासमा महिला शरीर के कसरी प्रयोग भएको छ भन्ने विषयमा वस्तुगत, प्राज्ञिक र शोधमूलक अध्ययन नभएकाले यसमा शरीर राजनीतिको अध्ययन गर्नु र वस्तुपरक निष्कर्ष निकाल्नु आवश्यक देखिन्छ । नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि के कसरी राजनीति भएको छ भन्ने मूल प्राज्ञिक जिज्ञासामा आधारित भई अध्ययन गरिने प्रस्तुत शोधका मूल शोधप्रश्नहरू निम्नलिखित रहेका छन् :

(क) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरिरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि के कस्तो रहेको छ ?

(ख) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव के कस्तो रहेको छ ?

(ग) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोध के कस्तो रहेको छ ?

## ३. शोधको उद्देश्य

प्रस्तुत अध्ययनको मूल प्राज्ञिक उद्देश्य नीलम कार्की 'निहारिका' का उपन्यासमा प्रयुक्त शरीर राजनीतिको विश्लेषण गर्नु हो । यही मूल उद्देश्यलाई पूरा गर्नका लागि लागि निम्नलिखित उद्देश्यहरू लिइएका छन् :

(क) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको विश्लेषण गर्नु,

(ख) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव अध्ययन गर्नु,

(ग) नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोधको मूल्याङ्कन गर्नु ।

## ४. पूर्वकार्यको समीक्षा

नीलम कार्की 'निहारिका' नेपाली साहित्य लेखनका क्षेत्रमा २०५० को दशकदेखि सक्रिय रहेकी छन् । उनका उपन्यासहरूमाथि विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको छ । विभिन्न पत्रपत्रिकामा अनुसन्धानमूलक लेखहरू प्रकाशन भएका छन् तापनि उनका उपन्यासमा केन्द्रित रही शरीर राजनीतिको अध्ययन भएको छैन । यस शोधकार्यभन्दा अगाडि उनका उपन्यासमा शरीर राजनीतिसम्बन्धी सङ्केत गरिएका अनुसन्धानमूलक लेखहरू तथा शरीर राजनीति सम्बन्धी केही सैद्धान्तिक पूर्वकार्यहरूको कालक्रमिक विवरणहरू दिएर तिनको समीक्षासमेत यसरी प्रस्तुत गरिएको छ :

ज्ञानु अधिकारी (२०७२) ले "अर्की आइमाई उपन्यासको नारीवादी विश्लेषण" शीर्षकको लेखमा यस उपन्यासलाई नारीवादी उपन्यासका रूपमा चिनाएकी छिन् । यस लेखमा अर्की *आइमाई* उपन्यासमा प्रयुक्त पात्र तारा पितृसत्ताबाट पीडित र शोषित पात्र भएको कुरा उल्लेख गर्नुका साथै नेपाली नारीहरू नेपालमामात्र नभएर नेपालबाहिर अमेरिकामा कागजी विवाह गरी विवाहलाई व्यवसायका रूपमा सञ्चालन गर्ने परम्पराबाट शोषित भएको कुराको उद्घाटन गरिएको छ । प्रस्तुत लेखमा पितृसत्तात्मक प्रभुत्वका कारण नेपाली महिलाहरूलाई कागजी विवाह गरी अमेरिका पुऱ्याइएको र उपभोक्तावादी पुँजीवादले विवाहजस्तो पवित्र संस्थालाई व्यवसायीकरण गर्दै महिलालाई उपभोग्य वस्तु बनाएको कुराको सङ्केत गरेर अध्ययन गरिए पनि शरीर राजनीतिलाई मूल विषय बनाएर महिला शरीरको अध्ययन गरिएको पाइँदैन । तसर्थ नारीवादी कोणबाट विश्लेषण गरिएको तथा महिला अधिकारका सम्बन्धमा आवाज उठाइएको प्रस्तुत अध्ययन शरीर राजनीतिको अध्ययन विश्लेषणमा सहयोगी बनेको छ ।

राम्जी तिमल्सिना (२०७४) ले "इतिहासमाथि जीवन्त सम्बोधन" शीर्षकको लेखमा नीलम कार्की 'निहारिका' को उपन्यास *योगमाया* समाज परिवर्तनका ऐतिहासिक अभियानहरूको पृष्ठभूमिमा रचिएको र यसलाई कुरीति, कुसंस्कार, गलत मनोविज्ञान र असामाजिक तथा अमानवीय जीवन शैलीलाई परिवर्तन गरेर सम्पूर्ण देश र समाजको शिर उँचो बनाउन सहयोग गर्ने कृतिका रूपमा विश्लेषण गरेका छन् । उनले यस लेखमा

छुवाछुत, महिला हिंसा, पुराण र पुरेत्याईंको गलत प्रयोग, सामन्तहरूको कहालीलाग्दो अत्याचार र यी सबैप्रति सरकारी बेवास्ताको पराकाष्टाले पिल्सिएका मानिसको जीवन परिवर्तन हुनुपर्छ भन्ने विचार राख्न उपन्यास सफल रहेको विचार व्यक्त गरेका छन् । उपन्यासले योगमायालाई समाज सुधारकी एक अभियन्ताका रूपमा सम्पूर्ण शक्तिका साथ स्थापना गरेको छ भन्ने कुराको विवेचनाले उपन्यासमा प्रतिरोधी चेतना रहेको कुराको सङ्केत गरिए पनि महिला शरीरकै कोणबाट भने अध्ययन विश्लेषण गरिएको छैन ।

टंकप्रसाद पन्थी (२०७५) ले "चीरहरण उपन्यासमाथि समीक्षात्मक दृष्टि" शीर्षकको लेखमा *चीरहरण* उपन्यासलाई नारीवादी दृष्टिकोणबाट अध्ययन गरेका छन् । यस लेखमा *चीरहरण* उपन्यासका नारी पात्रहरूका भावनालाई कुल्चिएर पुरुषवादी हैकम लादिएको ठानी नारीहरूका भावना, मानसिकता र आग्रहलाई उनीहरूकै मुखबाट ओकल्न लगाइ महाभारतको पुनर्लेखन गर्ने काम भएको कुराको उल्लेख गरिएको छ । पन्थीले *चीरहरण* उपन्यासका नारी पात्रहरू पनि पितृसत्तात्मक सोच र युद्धका कारण शोषणमा परेको कुराको उल्लेख गर्दै प्रस्तुत उपन्यासलाई पुरुषद्वारा महिलालाई भोगविलासको साधनका रूपमा लिई नारीमाथि गरिने दुर्व्यवहारको चित्रण गरिएको कृति हो भनेका छन् । अतः प्रस्तुत पूर्वकार्य नारीकेन्द्री चेतनाका दृष्टिकोणबाट अध्ययन गरिएको भए तापनि शरीर राजनीतिको दृष्टिकोणबाट भने अध्ययन गरिएको पाईंदैन ।

यादेवी ढकाल (२०७५) ले "नीलम कार्की 'निहारिका' का उपन्यासमा नारी सञ्चेतना" शीर्षकको लेखमा *चीरहरण* र *योगमाया* पछिल्लो समयमा लेखिएका पौराणिक तथा ऐतिहासिक विषयमा आधारित नारी केन्द्रित उपन्यास हुन् भनी प्रस्तुत गरेकी छिन् । *चीरहरण* उपन्यासमा महाभारतकालीन अथवा उत्तर वैदिक युगको समाज र त्यस समाजमा महिलाले पितृसत्ताबाट भोग्नु परेका समस्या तथा महिलाप्रति पुरुषको धारणा र महिलाका भोगाइको चित्र उतारिएको कुरा उल्लेख गरिएको छ भने *योगमाया* उपन्यासमा पनि पितृसत्तात्मक समाजमा महिलाहरूले बुहार्तन खेप्न बाध्य भएको कुराको उल्लेख गरिएको छ । कार्कीका उपन्यासमा महिलालाई यौन मनोरञ्जनका साधन, सन्तान जन्माउने मेसिन, घरेलु नोकर र पुरुषको सहयोगी मात्रै ठान्ने प्रवृत्ति रहेको कुरा ढकालले उक्त लेखमा प्रस्तुत गरेकी छन् । तत्कालीन इतिहासलाई राम्ररी प्रष्ट्याएर त्यस्तो इतिहासलाई क्रमभङ्ग गर्दै योगमायाजस्ता विद्रोही महिलाहरू पनि थिए भन्ने कुराको उल्लेख यस लेखमा गरिएको छ । उक्त पूर्वकार्यमा पितृसत्तात्मक समाजबाट महिलालाई विलासका वस्तुका रूपमा लिने तथा

उनीहरूलाई हेर्ने विभेदपूर्ण दृष्टिकोण र व्यवहारप्रति प्रतिरोधी चेतना पनि रहेको कुराको उल्लेख गरिएको छ ।

गायत्रीकुमार चापागाईं (२०७५) ले "योगमाया उपन्यास : शोधयुक्त आख्यान" शीर्षकको लेखमा *योगमाया* उपन्यासलाई अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धाताका लागि उपयुक्त कृतिका रूपमा चिनाएका छन् । यस लेखमा पितृसत्तात्मक समाज र सोचका कारण महिलाहरूले सामाजिक लाञ्छना, हिंसा, दमन र उत्पीडनहरू सहेर बस्नुपर्ने परिस्थिति सिर्जना भएको कुरा उल्लेख गरिएको छ । यस लेखमा *योगमाया* उपन्यासलाई महिलामाथि भएको हिंसा, शोषण, दमन बिरुद्ध वकालत गर्दै राज्य सत्तालाई दबाब दिन सक्षम कृतिका रूपमा विवेचना गरिएको छ । यस उपन्यासकी पात्र योगमायालाई एक निडर पात्रका रूपमा चिनाएका छन् । यसर्थ प्रस्तुत लेखमा परम्परागत सामाजिक मानसिकताकै कारण नारी जीवनले भोग्नु परेका कुण्ठा र त्यसको प्रतिरोधका बारेमा विवेचना गरिए पनि शरीर राजनीतिको पक्षबाट भने अध्ययन गरिएको छैन ।

गीता त्रिपाठी (२०७५) ले "पारिभाषित आँखाहरू उपन्यासमा प्रयुक्त शरीर राजनीति" भन्ने शीर्षकको लेखमा उक्त उपन्यासमा प्रयुक्त महिला पात्रहरूको शरीरलाई उपभोक्तावादी पुँजीवादी संस्कृतिले शोषण गरेको कुरा उल्लेख गरेकी छिन् । यहाँ पुरुष पात्रहरूले पितृसत्ताको आड लिएर नारी शरीरलाई आफ्नो नियन्त्रणमा राखेको कुरा अभिव्यक्त गरिएको छ । यस उपन्यासका नारी पात्रहरूको शरीर वर्गीय, जातीय तथा लिङ्गीय तिनै पक्षबाट शोषणमा परेको कुराको वर्णन पाइन्छ । यस लेखमा पछिल्लो समाजको संस्कृतिको आधार प्रकृति नभएर मानिसको शरीर बन्न पुगेको र उपभोक्तावादी संस्कृतिले वस्तुलाई बढी उपभोग्य बनाउन मानिसको स्वमा प्रहार गरेको कुराको उल्लेख पाइन्छ । पितृसत्तात्मक समाजमा पुरुष शरीरका तुलनामा नारी शरीरको उपयोग बढी भएको छ । यस लेखमा उपभोक्तावादी पुँजीवादी संस्कृतिले महिला शरीरलाई क्रय विक्रयको वस्तु बनाएको, यौनिकतामा नियन्त्रण गरेको, महिलाको स्वपहिचानमा प्रहार गरेको कुराको विश्लेषण गरिएको छ । उक्त पूर्वकार्यमा शरीर राजनीतिलाई विश्लेषणको आधार बनाई प्रभुत्वका बलमा उपभोक्तावादी संस्कृतिको प्रभावका कारण महिलाको शरीरमाथि राजनीति भएको कुरा बताइएको छ । उपभोक्तावादी संस्कृतिको प्रभावका कारण अघोषित किनबेचका रूपमा विज्जीको शरीर खरिद गरेको विनोद यादवले पितृसत्ताका कारण विज्जीको शरीरलाई नियन्त्रणमा लिई आफू अनुकूल प्रयोग गरेको स्पष्ट देखिन्छ ।

त्यसैले प्रस्तुत पूर्वकार्य उपन्यास विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माण गर्न सहयोगी भएको छ ।

ईश्वरा ओझा (२०७६) ले "योगमाया उपन्यासमा रहेको लैङ्गिक विभेदको विश्लेषण" शीर्षकको लेखमा पितृसत्ताले नारीहरूलाई शोषण र दमन गरेर उनीहरूको सेवक बनाएका छन् भनी विवेचना गरेकी छन् । यस लेखमा नारीहरूको बालकैमा विवाह गरिदिने प्रचलन, अरुको घरमा दासीको रूपमा काम गर्नुपर्ने बाध्यता, त्यो घरमा समायोजन गर्न नसक्दा माइतीको पनि हेला हुनु परेको अवस्था, पतिको मृत्युपश्चात उनीहरूलाई जबर्जस्ती चितामा जलाएर जीवन नै समाप्त पारिदिएको प्रसङ्ग, सतीप्रथाको अन्त्य पछि पनि नारीहरूले वैधव्य जीवन तिरस्कार र लाञ्छनामा बाँच्नुपरेको अवस्थाको विश्लेषण गरिएको छ । प्रस्तुत पूर्वकार्यमा ओझाले *योगमाया* उपन्यासको लैङ्गिक विश्लेषण गर्ने क्रममा सामन्ती पुरुष सत्ता र प्रभुत्वले महिलामाथि अन्याय, शोषण, दमन गरेको निष्कर्ष निकालेकी छन् । यस लेखमा लैङ्गिकतको विमर्श गरिएको भए तापनि शरीर राजनीतिमै केन्द्रित भएर अध्ययन भने गरिएको छैन ।

कुमारी लामा (२०७६) ले "समकालीन नेपाली कथामा शरीर राजनीति" शीर्षकको लेखमा समकालीन कथाको शरीर राजनीति विषयक अध्ययनका क्रममा शरीर र समाज, शरीर र शोषण, शरीर र युद्ध, शरीर र सीमान्तता, शरीर र स्वतन्त्रताजस्ता सैद्धान्तिक अवधारणा प्रस्तुत गरेकी छन् । यस लेखमा दशवर्षे युद्धपश्चात उभारमा आएको पहिचानको मुद्दाले गर्दा महिला, दलित, आदिवासी, मधेसी र अन्य सीमान्तकृत समुदायको शरीर धेरै लामो समयसम्म शक्तिकेन्द्रको नजरबाट ओझेलमा पारिएको कुरा अभिव्यक्त गरिएको छ । पितृसत्तात्मक समाजमा सबैभन्दा लामो समयदेखि दलनमा महिला शरीर परेको र सामन्तवादी पितृसत्तात्मक सामाजिक, सांस्कृतिक, मूल्यमान्यताहरूको बन्धनमा परेका महिलाहरूले आफ्नो अस्तित्व र स्वतन्त्रताको बली चढाउनु परेको वास्तविकतालाई यस लेखमा प्रस्तुत गरिएको छ । पछिल्लो समयमा देशमा भएको राजनीतिक र सामाजिक परिवर्तनसँगै महिलाले पनि आफ्नो स्वतन्त्रता र पहिचानका लागि प्रतिरोध गर्न थालेको कुरा यहाँ विश्लेषण गरिएको छ । त्यसैले उक्त पूर्वकार्य शोधकार्यमा उपन्यास विश्लेषणको ढाँचा निर्माण गर्न उपयोगी भएको छ ।

रामप्रसाद खनाल (२०७६) ले "शरणार्थी उपन्यासमा शरीर राजनीति" शीर्षकको लेखमा महिला तथा पुरुष शरीरमाथि भएको राजनीतिको विश्लेषण गरेका छन् । यहाँ नेपाली मूलका बर्मेली, भुटानी तथा भारतेली नागरिकहरू आफ्नो मातृभूमिबाट लखेटिँदा उनीहरूले भोग्नुपरेका पीडा र द्वन्द्वले उनीहरूको शरीरमाथि पारेको प्रभावलाई प्रस्तुत गरिएको छ । महिला शरीरलाई वस्तुका रूपमा ठान्ने संस्कृतिका कारण उनीहरूको शरीरलाई चाहेको बेला उपयोग गर्ने र मिल्काउने मान्यता रहेको कुरा उक्त पूर्वकार्यमा उल्लेख गरेको पाइन्छ । परम्परागत समाजमा कानुन, धर्मशास्त्र र परिवारजस्ता संस्थागत सङ्गठनहरूले महिला शरीरलाई यौनका रूपमा र त्यसभन्दा भिन्न पारिवारिक दासका रूपमा उपयोग गरिएको कुरा यस लेखमा विश्लेषण गरिएको छ । प्रस्तुत पूर्वकार्य युद्ध र पितृसत्तात्मक शक्तिलाई मापदण्ड बनाएर शरीर राजनीतिको अध्ययन गरिएकाले शोधकार्यमा उपन्यास विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माण गर्न सहयोगी भएको छ ।

ज्ञानु अधिकारी (२०७७) ले "योगमाया : इतिहासले अन्याय गरेको पात्रमाथि न्याय" शीर्षकको लेखमा *योगमाया* उपन्यास समाजमा धर्मका नाममा बढ्दै गएको विकृति, विसङ्गति र कुसंस्कारप्रतिको प्रतिरोधमा उभिएको उपन्यास हो भनी विश्लेषण गरेकी छिन् । धर्मका नाममा कोही कसैबाट ठगिनु हुँदैन, छुवाछुत र उँचनिच सबै खारेज हुनुपर्छ र सबैले समान हक अधिकार पाउनुपर्छ भन्ने जस्ता कुरालाई योगवाणीका रूपमा प्रचार गर्ने ठूलीहजुरलाई एउटी भक्तिनीका रूपमा मात्र नदेखाइ परिवर्तनकामी चेतनाको अभियन्ताका रूपमा प्रस्तु गरिएको कुरा यस लेखमा उल्लेख गरिएको छ । उक्त लेखमा महिला सशक्तीकरणको पक्षमा वकालत गर्दै प्रस्तुत उपन्यासलाई लैङ्गिक विभेद विरुद्धको सशक्त प्रयासका रूपमा विवेचना गरिएको छ यद्यपि यहाँ नारी शरीरमाथि भएको राजनीतिको बारेमा भने अध्ययन भएको छैन ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* शीर्षकको समालोचनात्मक कृतिमा सांस्कृतिक अध्ययनसँग सम्बन्धित वर्गीय, लैङ्गिक र जातीय सैद्धान्तिक आधारहरूको विश्लेषण गरेका छन् । यस कृतिमा लैङ्गिक अध्ययनको विवेचना गर्ने क्रममा यसको विकास परम्परा, पितृसत्ता, यौनिकता, लैङ्गिक विभेद, शरीर, दमन र शोषण, हिंसा र अधीनस्थता, लिङ्गीय सम्बन्ध र पहिचानजस्ता विषयमाथि अध्ययन गरिएको छ । शरीर राजनीति  लैङ्गिक अध्ययनकै एउटा विषय हुनका साथै शरीरको शोषण, दमन, हिंसा र अधीनस्थताबाट नै शरीरको राजनीति

हुने कुराको उल्लेख यस पुस्तकमा गरिएको पाइन्छ । शरीर राजनीतिको सम्बन्ध पितृसत्ता, विचारधारा, शक्ति सम्बन्ध तथा उत्पादन र उपभोक्तावादी संस्कृतिसँग रहने कुरा भट्टराईले यस कृतिमा उल्लेख गरेका छन् । यहाँ आजको उपभोक्तावाद विज्ञापनमा अडेको र विज्ञापन एजेन्सी र सञ्चार माध्यमले महिलाको आदर्श र उपयुक्त शरीर खोज्ने नाममा महिलाको शरीर प्रदर्शन गरिरहेको यथार्थको विवेचना गरिएको छ । त्यसैले शोधकार्यमा उपन्यास विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माण गर्ने क्रममा यो सैद्धान्तिक पूर्वकार्य उपयोगी भएको छ ।

शक्तिराज नेपाल (२०७७) ले "योगमाया उपन्यासमा सबाल्टर्न" शीर्षकको लेखमा *योगमाया* उपन्यासको जातीय, वर्गीय, सबाल्टर्न आवाज, प्रतिनिधित्व, लैङ्गिक, प्रतिरोध र शक्ति सम्बन्धका आधारमा अध्ययन गरेका छन् । तत्कालीन समाज ज्यादै नै रुढीवादी, परम्परावादी, लिङ्गभेदी र अनुदार भएकाले अन्धविश्वासको भुमरीमा परेको कुरा प्रस्तुत गरिएको छ । त्यसबेला प्रचलित बालबिबाह, बहुविवाह आदि कुरीति र अन्धविश्वासले समाज र खास गरी महिलाहरूको जीवनलाई पीडायुक्त वा पशुतुल्य बनाएको कुरा उक्त पूर्वकार्यमा उल्लेख गरिएको छ । त्यस समयमा कमारा कमारी केवल घरमा मात्र राखिने नभई बजारमा उपभोग्य वस्तुलाई बिक्री गरेझैँ बिक्री गर्ने परम्परा रहेको साथै पतिको मृत्युमा सति जान नामञ्जुर गर्ने पत्नीहरूलाई परिवार, छिमेकी एवम् समाजले बलपूर्वक र जबर्जस्ती रूपमा चित्तामा जल्न बाध्य बनाउने जस्ता कुराको उल्लेख यस लेखमा गरिएको छ । प्रस्तुत आलेखमा पितृसत्तात्मक समाजले महिलालाई शोषण गरेको र उपभोक्तावादी पुँजीवादले महिलालाई बजारका उपभोग्य सामग्रीझैँ बेचबिखनको अवस्थासम्म पुऱ्याएको निष्कर्ष निकाल्दै सबाल्टर्नको कोणबाट अध्ययन गरिएको भए पनि शरीर राजनीतिको कोणबाट अध्ययन भने अध्ययन गरिएको छैन ।

षडानन्द पौड्याल (२०७७) ले *नेपाली आख्यानमा शरीर राजनीति* शीर्षकको समालोचना ग्रन्थमा कथा र उपन्यासलाई एउटै साहित्यिक विधा आख्यानका रूपमा राखेर शरीर राजनीतिका दृष्टिकोणबाट अध्ययन गर्न सकिने सैद्धान्तिक आधारहरूको उल्लेख गरेका छन् । लिङ्ग, उमेर, र रङका आधारमा शरीर राजनीति, वर्गीय शरीर राजनीति, सामाजिक तथा धार्मिक मान्यतामा आधारित शरीर राजनीति, स्वार्थ, शक्ति र प्रभुत्वका आधारमा शरीर राजनीति तथा सांस्कृतिक चेतनाका आधारमा शरीर राजनीतिका दृष्टिकोणबाट नेपाली आख्यानमा नीहित मानव शरीरमाथि भएको राजनीति अध्ययन गर्न सकिने कुराको विवेचना

गरेका छन् । प्रस्तुत पूर्वकार्य शोधकार्यमा उपन्यास विश्लेषणको ढाँचा निर्माणमा सहयोगी भएको छ ।

उल्लिखित पूर्वकार्यको अध्ययनबाट के स्पष्ट हुन्छ भने नीलम कार्की 'निहारिका' का उपन्यासमा नारीवादी विश्लेषण, नारी दमन र शोषण, लैङ्गिक विभेद, पितृसत्तात्मक सामाजिक मानसिकता आदिका कारणले नारीले भोग्नुपरेका समस्याहरू तथा नारी सञ्चेतना आदि विषयमा रहेर अध्ययन गरिए तापनि शरीर राजनीतिका दृष्टिले अध्ययन भएको देखिँदैन । त्यसैले यो अभावलाई पूर्ति गर्न यहाँ उठाइएको शोध समस्या नवीन र अनुसन्धेय भएकाले प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## ५. शोधको औचित्य तथा महत्त्व

नीलम कार्की 'निहारिका' का उपन्यासमा शरीर राजनीति शीर्षकको शोधकार्य सांस्कृतिक अध्ययनको नवीन समालोचना परम्परामा विकसित शरीर राजनीतिका दृष्टिले विश्लेषण गरी वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । यस शोधप्रबन्धमा गरिने अनुसन्धानात्मक कार्यले उनका उपन्यासमा प्रयुक्त शरीर राजनीतिका बारेमा प्रमाणिक निष्कर्ष प्रस्तुत गरेको हुनाले यसको प्राज्ञिक एवम् अनुसन्धानात्मक औचित्यको पुष्टि भएको छ । यस अनुसन्धानले शरीर राजनीतिको अध्ययन परम्परामा सहयोग पुग्नेछ तथा यससँग सम्बन्धित समीक्षक, समालोचक तथा जिज्ञासु पाठकहरूलाई समेत सहयोगी हुने हुनाले यसको औचित्य र महत्व स्पष्ट भएको छ । नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीर प्रयोगको प्रस्तुत अध्ययन मौलिक र प्राज्ञिक दृष्टिले महत्वपूर्ण भएकाले औचित्यपूर्ण रहेको छ ।

## ६. शोधविधि

प्रस्तुत शोधप्रबन्धमा शोधविधिअन्तर्गत सामग्री सङ्कलन कार्य तथा सैद्धान्तिक आधार र विश्लेषणको ढाँचाको अवलम्वन गरिएको छ ।

### ६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका समस्याहरूको समाधानका निम्ति आवश्यक सामग्री सङ्कलन मूलतः पुस्तकालीय अध्ययनका आधारमा गरिएको छ । अध्ययन सामग्रीका स्रोतहरू प्राथमिक र द्वितीयकमध्ये प्राथमिक स्रोतअन्तर्गत *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यासलाई लिइएको छ । प्रस्तुत अध्ययनको सामग्री सङ्कलनमा साद्देश्य छनोट

पद्धतिलाई अवलम्बन गरिएको छ । यसका साथै यो शोधकार्य सम्पन्न गर्न प्रयोग गरिने सैद्धान्तिक अवधारणसँग सम्बन्धित ग्रन्थ तथा उपन्यासका बारेमा गरिएका पूर्ववर्ती अध्ययन विश्लेषणलाई द्वितीयक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## ६.२ सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

पाश्चात्य समालोचना चिन्तन परम्पराको नवीन समालोचना पद्धतिका रूपमा देखा परेको सांस्कृतिक अध्ययनले समग्र सामाजिक जीवन पद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । सांस्कृतिक अध्ययनभित्र सामाजिक, क्रियाकलाप, चालचलन, परम्परा, रीतिरिवाज, जीवनशैली, भेषभूषा, खानपान, परिवारको संरचना, उत्पादन शक्ति, उत्पादनमाथिको स्वामित्व, राज्य व्यवस्था, लैङ्गिकता र यौनिकता, शरीर राजनीति आदि कुराहरू पर्दछन् । ज्ञानको विभाजनलाई जोड्ने वा अनावृत गर्ने अथवा सार्वजनिक र स्थानीय ज्ञानलाई विभाजन गर्ने यस अध्ययनले शिष्ट र अशिष्ट दुवै खाले साहित्यलाई स्वीकार गर्दछ । शरीर राजनीति सांस्कृतिक अध्ययनको क्रममा विकसित समालोचना पद्धति हो । सांस्कृतिक अध्ययनको प्रारम्भ सन् १९६० को दशकमा बेलायतबाट भएको मानिन्छ । यसका बेलायती र अमेरिकी गरी दुई मोडेलहरू विकसित छन् । अमेरिकी सांस्कृतिक अध्ययनको आरम्भ सन् १९८० को दशकबाट भएको हो । यसको अध्ययनको महत्वपूर्ण पक्ष लैङ्गिक अध्ययन हो । अमेरिकी सांस्कृतिक अध्ययनले साहित्यको सांस्कृतिक अध्ययनका क्रममा साहित्यलाई पाठका रूपमा लिँदै कृतिमा निहित शक्ति सम्बन्धको खोजी, परिधीय शक्तिको पहिचान र परिधिका शक्तिहरूको प्रतिरोध क्षमतालाई देखाउने काम गर्दछ । उपभोक्तावादी संस्कृतिअन्तर्गत वस्तुलाई बढी उपभोग्य बनाउनका लागि मानिसको शरीरको विशेष गरी महिलाको शरीर र यौनिक दुरुपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । अमेरिकी संस्कृतिको केन्द्रीयतामा बहुल संस्कृतिको विकास भयो र सलाद संस्कृतिका रूपमा बहुल सांस्कृतिक अध्ययन देखा पऱ्यो । यसरी यो अमेरिकी सांस्कृतिक अध्ययन केन्द्र विहीनता (नो सेन्टर) को स्थापनाको रूपमा विकास भयो । समाजमा केन्द्रविहीनताको विकास (नो सेन्टर) को प्रारम्भ बहुलवादलाई हेर्ने दृष्टिकोण जनजाति जातीय हुन् । लैङ्गिक दृष्टिकोणमा नारीवाद ट्रान्सजेण्डर आदिजस्ता कुराको उपस्थितिलाई हेरिन्छ । अमेरिकी सांस्कृतिक अध्ययनमा शरीरको अध्ययन गरिन्छ (पाण्डेय, २०६८, पृ. १-४) । फुकोको मान्यतामा सिब्गो समाज नै शरीर हो भन्ने अर्थ बुझिन्छ । उपभोक्तावादमा मानव शरीरको उपयोग गरिएको कुरालाई सांस्कृतिक अध्ययनमा अध्ययन

गरिन्छ । शरीरमाथि कसको नियन्त्रण छ ? जसको शरीर छ उसले आफ्नो शरीरमाथि नियन्त्रण गर्न सकेको छ कि छैन ? शरीरमाथिको नियन्त्रण मान्छेले कसरी गुमाइरहेको छ ? यी कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ ।

फ्रान्सेली दार्शनिक मिचेल फुको (सन् १९२६-१९८४) उत्तर संरचनावादलाई भिन्न तरिकाले विकसित तुल्याउने व्यक्ति हुन् । शक्ति सधैं नियन्त्रणकारी हुन्छ भन्ने मान्यतालाई फुकोले उल्ट्याएका छन् । शक्ति नियन्त्रणकारी छ वा आनन्ददायी छ भन्ने कुरा उनी शक्ति कुन परिवेशमा निर्माण भएको छ भन्ने कुरा अगाडि ल्याएर व्याख्या गर्छन् । शक्ति छरिएर रहेको हुन्छ । त्यो तेर्सो क्रम, ठाडो क्रम सबैतिर रहेको हुन्छ । यसलाई फुकोले शक्तिको सूक्ष्म भौतिकीसँग व्याख्या गरेका छन्। यसलाई उनले शरीरसँग जोडेका छन् । शक्ति एक ठाउँमा मात्रै केन्द्रित हुँदैन भनेर उनले यसलाई शक्तिको सूक्ष्म भौतिकी भनेका छन् । यसले शरीरमाथि प्रयोग गर्छ । शरीर यस्तो सतह हो जसमा विमर्शले विभिन्न किसिमको अर्थ छोड्ने काम गर्छ । शरीरलाई विभिन्न किसिमले खण्डित गर्ने काम विमर्शले गर्छ । फुकोका मान्यताअनुसार शरीरमाथि कस्तो दृष्टिकोण रहेको छ भन्ने कुरा पनि हेरिन्छ । यो शरीरमाथिको विमर्शको व्यवहार हो । विमर्शका माध्यमबाट महिलाको शरीरमाथि शक्तिको प्रयोग गरिएको हुन्छ । पत्नी, दासी, सेविका, छोरी, बुहारीका रूपमा नारीको शरीरलाई पृथकीकृत हुन्छ । शरीर एउटा स्पेश हो, जसमाथि विमर्शका माध्यमबाट शक्तिको प्रयोग गरिन्छ । फुकोका मान्यतामा यो शरीरको विनिर्माण हो । अनेक रूपमा शरीर खण्डित भएको हुनाले फुकोले यसलाई शरीरको विनिर्माण भनेका हुन् (फुको, सन् १९८४, पृ.१७३) ।

पितृसत्तात्मक समाजमा महिलाका धेरै पक्षहरू पुरुषको नियन्त्रणमा रहन्छन् । पितृसत्ताले महिलाको उत्पादन तथा श्रम शक्तिमाथि नियन्त्रण गरेको हुन्छ भने अर्कोतिर महिलाको गतिशीलता र यौनिकता एवम् प्रजनन शक्तिमाथि समेत नियन्त्रण गरेको हुन्छ । पितृसत्तामा महिलाको यौनिकता र यौनिकतासम्बद्ध सम्पूर्ण अधिकारबारे स्वतन्त्र निर्णय गर्नबाट रोक्न छेक्न अनेक जाल बुनिन्छ । सामाजिक, सांस्कृतिक, संरचनागत स्वरूप र त्यसका विमर्शहरू त्यसै अनुकूल निर्माण गरिएका हुन्छन् । पितृसत्तात्मक समाजमा विवाहित महिलाहरूको हैसियत तिनका पतिका अगाडि यौनदासी सरह हुन्छन् । त्यस्तै कतिपय सन्दर्भमा समाजमा पुरुषले बलात्कार तथा धम्कीद्वारा पनि महिलाको यौन स्वतन्त्रतामाथि रोब जमाउने गरेको पाइन्छ (पाण्डे, २०६९, पृ. १४) । मानव सभ्यता र समाजका

इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्तकृत बनाइदै आएका छन् । उनीहरूको पहिचानलाई पुरुष आधारित बनाइएको छ र पुरुषका यौनसुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुऱ्याएको छ । ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तुझैं उपभोग्य बन्न पुगे र तिनको बजारीकरण भयो । पुँजीवादी र अझ उत्तर पुँजीवादी उपभोक्तावादी समाजमा पनि महिलाको शरीर कमोडिफिकेसन भएको छ । महिलाको शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा लिइएको छ (पाण्डेय, २०६९, पृ. ७-८) । सामन्ती पुँजीवादी आर्थिक संस्कृतिक एउटा विचारधारा हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक वा अमानुषिक ठान्दैन । पाश्चात्य समालोचना चिन्तन परम्परामा विकसित सांस्कृतिक अध्ययनले समग्र सामाजिक जीवनपद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । महिला शरीरको प्रयोग पनि समाजमा संस्कृतिका रूपमा रहेको हुन्छ । आफ्नो शरीरको नियन्त्रण महिलाले नै गर्न पाइरहेका हुँदैनन् । शरीरमाथिको नियन्त्रण मान्छेले कसरी गुमाइरहेको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । सांस्कृतिक अध्ययनमा शरीरको अध्ययन भनेको सांस्कृतिक शरीर अथवा संस्कृतिले शरीरमा पारेको प्रभाव र त्यसबाट पुनर्निमित शरीरको अध्ययन हो । शरीर राजनीतिमा साहित्यमा प्रयुक्त व्यक्तिको शरीरको अध्ययन गरिन्छ । यसै सैद्धान्तिक पर्याधारको उपयोग गरी यस अध्ययनमा नीलम कार्की 'निहारिका' का उपन्यासहरूमा शरीर राजनीतिको प्रयोग के कसरी गरिएको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्य मुख्यतः पाठविश्लेषण विधिमा आधारित छ । त्यसक्रममा अनुसन्धेय पाठको सूक्ष्म पठन गरेर शरीर राजनीतिका सूचकहरू पहिल्याई तिनका आधारमा पाठको विश्लेषण गरिएको छ । शरीर राजनीतिको सन्दर्भ सामाजिक संरचनासँग जोडिएकाले विश्लेषणका क्रममा समजिक संरचनका सन्दर्भको पनि उपयोग गरिएको छ । प्रस्तुत शोधको सैद्धान्तिक आधार सांस्कृतिक अध्ययन हो । सांस्कृतिक अध्ययनका क्रममा विकसित शरीर राजनीतिका सम्बन्धमा सांस्कृतिक अध्ययनका विभिन्न मान्यता प्रतिपादन भएका छन् । तीमध्ये महिला शरीरप्रतिको सामाजिक दृष्टि, महिला शरीरमाथि निर्वासनको प्रभाव, महिला शारीरिक राजनीतिक प्रतिरोध पनि हुन् । प्रस्तुत शोधका शोध्य प्रश्नका सापेक्षतामा सामग्री विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

(क) समस्याकथनमा प्रस्तुत पहिलो शोधप्रश्नको समाधानका लागि महिलाप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको व्याख्या गर्दै त्यसद्वारा निर्दिष्ट व्यवहारको विश्लेषण गरिएको छ ।

(ख) समस्याकथनमा उल्लिखित दोस्रो शोधप्रश्नको समाधानका लागि निर्वासनले महिला शरीरमाथि पारेको प्रभावलाई शरीर राजनीतिको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

ग) समस्याकथनमा उल्लिखित चौथो प्रश्नको समाधानका लागि नीलम कार्की 'निहारिका' उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोधलाई शरीर राजनीतिको सिद्धान्तका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ७. शोधकार्यको सीमाङ्कन

नीलम कार्की 'निहारिका' ले साहित्यका विभिन्न विधामा कलम चलाएकी छन् तर उनको मुख्य परिचय आख्यानकारका रूपमा कायम रहेको छ । कविता लेखनबाट साहित्यक लेखनमा प्रवेश गरेकी कार्कीका *मौन जीवन, नियतिको खेल, अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्याहरू प्रकाशित छन् । प्रस्तुत शोधकार्यमा *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यास शरीर राजनीतिका दृष्टिकोणले सशक्त भएको हुनाले यी तीनओटा उपन्यासको अध्ययन गरिएको छ । सांस्कृतिक अध्ययन एक बहुविषयात्मक अध्ययन पद्धति भएकाले यसको क्षेत्र बृहत् रहेको छ । प्रस्तुत शोधकार्यमा सांस्कृतिक अध्ययनको सम्पूर्ण पक्षको अध्ययन नगरी शरीर राजनीति अन्तर्गतको महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, महिला शरीरप्रति निर्वासनको प्रभाव र शारीरिक राजनीतिक प्रतिरोधको आधारमा मात्र अध्ययन गरिएको छ । शरीर अध्ययनका अन्य कोणहरू पुरुष शरीर राजनीति, लैङ्गिक रूपमा शरीरप्रतिको दृष्टि, महिला शरीरको सामाजिकीकरण प्रक्रिया, फेसन संस्कृतिका रूपमा शरीरको प्रयोग, शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग, सामाजिक संरचनामा शरीरको प्रयोग, पहिचानका रूपमा शरीरको प्रयोग, शरीरप्रतिको लचिलोपना आदिका आधारमा अध्ययन गरिने छैन जुन प्रस्तुत शोधको सीमा हो ।

## ८. शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित तथा व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि यस शोधप्रबन्धको मूल भागलाई पाँचओटा परिच्छेदहरूमा विभाजन गरिएको छ र ती

परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समेत बाँडिएको छ । यस शोधप्रबन्धको सम्भाव्य परिच्छेदगत रूपरेखा यसप्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

तेस्रो परिच्छेद : नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव

चौथो परिच्छेद : नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोध

पाँचौँ परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको अध्ययन गरिएको छ । महिला शरीरसम्बन्धी पितृसत्ताको आफ्नै चिन्तन विकास भएको छ, जसका कारण महिला शरीर दमित हुन पुगेको सन्दर्भ कार्कीका उपन्यासमा चित्रण भएको छ । यस परिच्छेदमा महिला शरीरप्रति पितृसत्ताको दृष्टिकोणको अध्ययन गर्ने विभिन्न आधारहरू यौनिकता र प्रजनन, धर्म र संस्कृति, शक्ति र प्रभुत्व, श्रम र उपार्जन, लैङ्गकता जस्ता विषयका अधारमा नीलम कार्की 'निहारिका' का *अर्की आइमाइ, चीरहरण* र *योगमाया* उपन्यासमा प्रयुक्त महिला पात्रका शरीरप्रति स्थापित पितृसत्तात्मक दृष्टिको अध्ययन र विश्लेषण गरिएको छ ।

## २.२ महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

'पितृसत्ता' शब्द अङ्ग्रेजी शब्द 'Partriarchy' को नेपाली रुपान्तर हो । पितृ र सत्ता शब्द मिलेर पितृसत्ता शब्द निर्माण भएको हो । पितृको अर्थ पिता र सत्ताको अर्थ शासन हो । सोझो अर्थमा पितृसत्ताको अर्थ पिताको शासन भन्ने हुन्छ । यसको वास्तविक अर्थ पुरुषको शासन भन्ने हुन्छ (लर्नर, १९८५, पृ. २३९) । "पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो, जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुष मुखियाको अधीनमा रहन्छन्" (पाण्डे, २०६९ पृ. ११) । अर्थात् सम्पूर्ण स्रोत साधनमाथि पूर्ण रूपमा पुरुषको स्वामित्व र स्वतन्त्र निर्णयको अधिकार रहेको हुन्छ । यसले समाजमा रहेको मूलभूत शक्तिलाई पुरुषको नियन्त्रणमा राखेर राजनीतिक, नैतिक प्रभुत्व, सामाजिक अधिकार, नैतिक प्रभुत्व र सम्पत्तिमाथि आफ्नो भूमिकालाई सर्वेसर्वा देखाउने काम गर्छ । पितृसत्ताले महिला र पुरुषको भिन्न जैविक लिङ्गलाई आधार मानेर उनीहरूको फरक सामाजिक भूमिका, छवि र सम्बन्ध निर्माण गर्दै महिलालाई कमजोर, निरीह अधिकारविहीन अवस्थामा रहने संस्कृतिको निर्मिति गरिदिन्छ र यही निर्मितिले गर्दा नै पुरुषले महिलाको शरीरमाथि नियन्त्रण गर्न खोज्छन् ।

## २.३ यौनिकता र प्रजननप्रति महिला शरीरमाथिको पितृसत्तात्मक सामाजिक दृष्टि

यौनिकता जीवित प्राणीमा रहेका विभिन्न आयामहरू मध्येको एउटा प्रमुख प्राकृतिक आयाम हो । यसले लिङ्ग, लैङ्गिक पहिचान र शरीरका आधारमा रहेको प्रजनन भूमिकालाई पनि समेटेको छ । पितृसत्ताद्वारा स्थापित समाज र परिवारले प्राकृतिक रूपमा रहेको यौनिकतालाई साँस्कृतिक निर्मिति बनाइदिएको छ र महिलाको शरीरलाई यौन तृप्ति गर्ने साधन तथा पारिवारिक दासका रूपमा लिएको पाइन्छ । सयै सन्दर्भमा नेत्र एटम लेख्छन् : "पितृसत्ताले नारीलाई खालि योनी र गर्भासयका रूपमा मात्र लिएको हुन्छ, किनभने यसले नारीको शरीरलाई पुरुषको यौनक्षुधा पूरा गर्ने र सन्तान जन्माउने साधनका रूपमा मात्र हेर्छ" (एटम, २०७९, पृ. ५७-५८) । यौनसँग सम्बन्धित विषयवस्तुहरूमा महिलाहरूको संलग्नता न्यून रहेको छ । यौन, गर्भधारण, अनिच्छित गर्भपतनजस्ता महिला शरीर विषयक मुद्दामा निर्णय गर्ने अधिकार महिलालाई दिइँदैन ।

महिलाले विवाह गर्ने वा नगर्ने, परिवार बसाउने वा नबसाउने, परिवारनियोजन गर्ने वा नगर्ने, बच्चा जन्माउने वा नजन्माउने वा कहिले जन्माउने भन्ने विषयहरू महिला शरीरसम्बन्धी विषयहरू हुन् । समाजमा यी सबै विषयहरूमाथि पितृसत्ताको नियन्त्रण रहेको छ । "महिलाको आफ्नो शरीरसँग सम्बन्धित प्रजनन अधिकारसमेत पुरुषको नियन्त्रणमा रहन्छ" (खनाल, २०७६ पृ. २२) । कति सन्तान कहिले जन्माउने भन्ने कुराको निधो पुरुषले नै गर्छ । अझ पुरुष प्रधान समाजमा पुरुषले दोस्रो विवाह गर्ने र दोस्री श्रीमतीलाई पहिलेकी श्रीमतीबाट जन्मिएका सन्तानको रेखदेख गर्ने अनि आफ्नो यौन इच्छा तृप्ति गर्ने बस्तुका रूपमा मात्र लिने गरिन्छ । शरीर तथा प्रजनन्मा नियन्त्रण भएकै कारणले सानै उमेरमा विवाह गरिदिने, बच्चा पाउनै पर्ने, धेरैवटा बच्चा जन्माउन पर्ने वा छोरा पाउनै पर्ने बाध्यताहरू सृजना हुन्छन् (भद्रा, २०७०, पृ. २५) । त्यसै गरी अनिच्छित गर्भपतन गर्ने अधिकारबाट पनि महिलाहरू वञ्चित नै रहेका छन् । गर्भपतन गराउने वा नगर्ने भन्ने छनोट गर्ने अधिकार महिलाको हो । "आफ्नो शरीर पुरुषकै नियन्त्रणमा रहेकाले महिलाले सुरक्षित, सस्तो र निःशुल्क गर्भपतन गर्ने अधिकार गुमाएका छन् । पितृसत्तात्मक चिकित्सा प्रणालीले महिलाको शरीरमाथि अधिकार जमाएर अनिच्छित रूपमा रहेको गर्भ पतन गर्ने अधिकारबाट वञ्चित गरेको छ" (हुक्स, २००, पृ. २६) । पितृसत्ताले महिलाको शरीरलाई यौन तृप्त गर्ने साधनका रूपमा लिएको हुन्छ । महिलालाई आफ्नै शरीरमाथि पनि अधिकार

जनाउन हक छैन । महिलाको शरीर उसको पतिको निजी वस्तु हो अनि त्यसलाई लोग्ने भएको नाताले आफ्नो इच्छा अनुसार भोग गर्छ ।

## २.४ नीलम कार्की 'निहारिका' का उपन्यासमा यौनिकता र प्रजननप्रति महिला शरीरमाथिको पितृसत्तात्मक सामाजिक दृष्टि

पितृसत्तात्मक समाजले थोपरेका सामाजिक तथा सांस्कृतिक मान्यताले नारीको शरीर तस्करीका विभिन्न घटनाक्रमलाई चित्रण गरिएको नीलम कार्की 'निहारिका' को *अर्की आइमाई* नेपालदेखि अमेरिकासम्मको परिवेशमा लेखिएको उपन्यास हो । यस उपन्यासमा नेपालबाट विवाह गरेर अमेरिका पुगेकी एउटी युवतीलाई अर्की आइमाई बनी बाँच्नु परेको विवशतालाई कथ्य बनाइएको छ । उपन्यासमा प्रयुक्त पुरुष पात्र पितृसत्तात्मक चिन्तनबाट ग्रस्त रहेको छ । यस उपन्यासमा प्रयुक्त पुरुष पात्र सुवर्णले ताराको शरीरमाथि राजनीति गर्दै यौन सुखभोगका साधनका रूपमा प्रयोग गरेको कुरा उपन्यासकी पात्र ताराद्वारा यसरी अभिव्यक्त गरिएको छः "सबैका लागि बाँच्ने भनेको दिन आफ्नो लागि भने मर्ने दिनजस्तो हुने गर्थ्यो । जुठो भाँडा यसै छाडेर बाँकी काम नै नसकी सुवर्णजीको खनपान सकिएपछि पछिपछि उक्लिदिनुपर्थ्यो । त्यो एक नियम नै बनेको थियो" (कार्की, २०७०, पृ. ५०) । यहाँ सुवर्णले पितृसत्ताले निर्माण गरेको परम्परागत पुरुषवादी हैकमी व्यवस्थाको प्रक्षपोषकका रूपमा आफ्नो पहिचान बनाएको छ । हरेक शुक्रबार पार्टी चल्ने सुवर्णको परिवारमा घरेलु कामदारको जस्तै जीवन बिताएकी ताराले घरका सारा काम आफैँ गर्नुपर्ने अवस्था रहेको छ । पति सुवर्णले खानपान सकेपछि बाँकी रहेका सम्पूर्ण काम आफैँलाई थाँती राखेर सुवर्णको यौनेच्छा पूरा गरिदिनका निम्ति पछिपछि बेडरुममा जानु पर्ने बाध्यता ताराको रहेको छ । यसरी हेर्दा यहाँ सुवर्णले ताराको शरीरलाई एउटा वस्तुसरह आफूले चाहेबमोजिम उपभोग गर्ने साधनका रूपमा लिएर शोषण गरेको देखिन्छ ।

पितृसत्तात्मक सामन्तवादी चिन्तन भएका पुरुषहरूले महिलाको शरीरलाई निर्जीव र जड वस्तुका रूपमा लिइएका हुन्छन् । यसै सन्दर्भमा समालोचक नेत्र एटमको वैचारिकी यसप्रकार रहेको पाइन्छः "पितृसत्ताले नारीको शरीरलाई कोमल र पुरुषले जे गरे पनि हुने, अचेत, भौतिक पदार्थ र यौनक्षुधा मेट्ने मासुको डल्लाका रूपमा मात्र चिनेको हुन्छ" (एटम, २०७९, पृ. ५६) । यहाँ सुवर्णले ताराको शरीरलाई यस्तै अचेत, निर्जीव पदार्थका रूपमा लिएर प्राकृतिक तथा अप्राकृतिक तवरले यौन शोषण गरेको कुरा यसरी व्यक्त गरिएको छः

"तिमी लासजस्ती छौ । लाससँग सुतेजस्तो लाग्छ । .... सुवर्णजीले अलिपर धकेलिदिएर लासझैँ आफू खुसी गर्न थाले, मन लाग्दो प्राकृतिक-अप्राकृतिक व्यवहार" (कार्की, २०७०, पृ.४०) । तारा नेपाली समाजको ग्रमीण भेगकी निम्न वर्गीय आर्थिक स्थिति भएकी पात्र हो । आधुनिकताभित्रको यौन विकृति नबुझेकी उसलाई उसको सहमतिबिना सुवर्णले आफूखुसी अप्राकृतिक रूपमा यौन शोषण गरेको छ । यसबाट सुवर्णले आफ्नो यौनतुष्टि मेट्नकै लागि ताराको शरीरलाई खेलौनाझैँ प्योग गरेको प्रस्ट हुन्छ ।

यहाँ सुवर्णले मात्र नभएर उसको नजिकको साथी जगन्नाथले पनि ताराको शरीरलाई यौनजन्य शोषण गरेको छ । आफ्नै देवरहरूले कहिल्यै भाउजू भनी सम्बोधन नगरेको अवस्थामा अफ्नो बाबुभन्दा दोब्बर उमेर भएको जगन्नाथले भाउजू भनी सम्बोधन गर्दा तारा खुसी त हुन्छे तर पितृसत्तात्मक सामन्तवादी सोच बोकेको जगन्नाथले देखाएको मायालु सम्बोधनमा ताराको शरीरमाथि नै राजनीति गरेको देखिन्छ । यस सन्दर्भलाई यस साक्ष्यले यसरी प्रस्तुत गरेको छः "खाना निकाल्ने निहुँमा अलि नजिक आउनु, हस्तरेखा हेर्ने निहुँमा हात समाउनु, हजुरको गालामा केही लागेको छ भन्दै पुछ्ने निहुँमा गाला सुम्सुम्याउन खोज्नु । उनका यस्तै यस्तै क्रियाकलाप बढेपछि उनलाई सम्झाउन बाध्य हुन्थेँ" (कार्की, २०७०, पृ. ९३) । यहाँ आफ्नै साथीकी पत्नी हो भन्ने कुराको जनकारी हुँदाहुँदै पनि जगन्नाथले तारालाई महिला भएकै कारणले उसको शरीरमाथि कुदृष्टि लगाएको छ । ताराको नजिक जानु, अनावश्यक रूपमा उसको गालामा हातले छुनु, हात समाउनुजस्ता क्रियालापहरूले ताराको शरीरमाथिको राजनीति हो भन्ने कुराको पुष्टि गर्छ ।

पितृसत्तात्मक सामाजिक चिन्तनले महिलाको यौनिकता तथा प्रजनन शक्तिमाथि नियन्त्रण गरेको हुन्छ । एउटी महिलाले सन्तान जन्माउने वा नजन्माउने, कति सन्तान कहिले जन्माउने, छोरा वा छोरी के जन्माउने भन्ने कुराको निर्णय गर्ने स्वतन्त्रता स्वयम् महिलामा नभई उसको लोग्नेमा रहेको हुन्छ । यस उपन्यासकी नारी पात्र तारामा सन्तान जन्माएर आमा बन्ने तीव्र चाहना हुँदा हुँदै पनि पितृसत्तात्मक चिन्तनबाट ग्रसित उसको लोग्ने बाधक बनेको कुरा यहाँ यसरी प्रष्ट हुन्छः

> अब त हाम्रो बच्चा हुनुपर्ने होइन र ? ढिला नगरी भनेकी थिएँ ।
> सुवर्णजी मेरो अप्रत्यासित प्रश्नले यसरी तर्सिए कि, मेरो आमा बन्ने चाहना डरलाग्दो आकृति हो । त्यो भयङ्कर आकृति ठिङ्ग उभिएको छ उनको अघिल्तिर

उनैलाई झम्टुँलाझैँ गरी । निमोठुँलाझैँ गरी । हो, त्यसरी नै तर्सिए सुवर्णजी । (कार्की, २०७०, पृ.९०)

ताराको लोग्ने सुवर्णको पहिलेकी पत्नीबाट दुई सन्तान जन्मिएका हुन्छन् । दोस्रो सन्तान जन्मिएपछि उसले परिवार नियोजन गरेको हुन्छ तर यो कुरा तारासँग लुकाइएको हुन्छ । ऊ ताराले तिनै सन्तानको रेखदेख, हुर्काइबढाई, स्याहारसुसार गरिदेओस् भन्ने चाहन्छ । ऊ ताराबाट सन्तान जन्माउन चाहँदैन, जसले गर्दा ताराको आमा बन्ने चाहना पूरा हुन सकेको पाइँदैन । यस कुरालाई सुवर्णले मात्र नभई उसकी आमा जो स्वयम् महिला भइकन पनि पितृसत्तात्मक चिन्तनबाट ग्रसित छ, उसले पनि ताराको प्रजनन् अधिकारलाई नियन्त्रण गरेकी छे । यस सन्दर्भमा यहाँ प्रस्तुत साक्ष्य उल्लेखनीय देखिन्छ : "सासूको सधैँको कथन, तिमीहरूलाई दुईभन्दा कति चाहियो सन्तान ? एक छोरा एक छोरी ठिक्क छ । छोराको ठाउँमा छोरा, छोरीको ठाउँमा छोरी । तिमी भाग्यमानी रै'छौ, नौ महिना भुँडीमा बोकेर हिँड्ने टन्टा नै भएन । जन्माउने दुःख सहनु नै परेन" (कार्की, २०७०, पृ. ८९) । प्रस्तुत साक्ष्यलाई हेर्दा यहाँ महिलाको शरीरलाई यौन उपभोग्य वस्तुका रूपमा मात्र हेरिएको पाइन्छ । तारालाई सन्तान जन्माउन गरिएको बन्देजलाई उसको राम्रो भाग्यसित जोडिन्छ । सन्तान जन्माउने दुःख, कष्ट नगरीकन छोरा र छोरी दुवै प्राप्त भएकोमा गर्व गर्न लगाइन्छ ।

यसरी यहाँ ताराबाट सन्तान जन्माउन स्वीकार नगर्ने उसको पति र सासूबाट उसको प्रजनन अधिकारमाथि दमन गरी शरीरको दोहन गरिएको छ भने अर्कातिर उसकै नन्दे भाइले उसित सन्तान जन्माउन लालायित रहेको र उसको साथी आशुतोषले उसलाई लुकीछिपी विवाह गर्न खाजेको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छः "एक जना प्रेम गर्छ रे, त्यही प्रेम सार्थक पार्न चाहन्छ । त्यसैले सार्थक प्रेमको लागि लुकीछिपी स्वास्नी बनाउँछु भन्दै छ रे । अर्कोले निः सन्तानलाई सन्तान दिन चाहन्छ रे । त्यही हुनाले स्वास्नी बनाउँछु रे " (कार्की, २०७०, पृ. २२३) । सुवर्णबाट सन्तान नहुने कुराको जानकारी प्राप्त गरेको ताराको नन्दे भाइले आफ्नी एउटी श्रीमती र एउटी गर्ल फ्रेन्ड राखेर पनि ताराबाट सन्तान जन्माउन खोज्नु र छोराको चाहनामा श्रीमतीलाई तीन ओटी छोरी जन्माउन बाध्य पर्ने आशुतोषले तारालाई स्वास्नी बनाउन खोज्नु पितृसत्तात्मक सोचको उपज हो । पितृसत्तात्मक संरचनाका कारण पढेलेखेका शिक्षित वर्ग पेसाले प्रोफेसर र डाक्टर दुबैले

महिलालाई आफ्नो यौन आवश्यकता परिपूर्ति गर्ने र खेल्ने साधनका रूपमा उसको शरीर प्रयोग गर्ने गरेको देखिन्छ ।

नारी सौन्दर्यको मानकीकरण पनि पितृसत्ताले गर्छ । शरीरको संरचनाका दृष्टिले बाह्य आकारमा देखिने रूप, रङ, आकार, बनोटका आधारमा नारी शरीरको सौन्दर्य निर्धारण गरिन्छ । महिलाको शरीरलाई त्यही सौन्दर्यको प्रलोभनमा पारी दमन गरिन्छ । नीलम कार्कीद्वारा लिखित उपन्यास चीरहरणकी पात्र सत्यवतीको शरीरलाई परिवारले मात्र नभएर पराशरजस्ता ऋषिले समेत रूपको प्रलोभनमा पारी दमन गरिएको कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> तिम्रो यो अधर, तिम्रो मुहार, सुन्दर कलाकारिताको अनुपम उपहारको दर्शन पाएपश्चात् म स्वयम् आफ्नो वशमा रहिनँ । मलाई सम्हाल युवती ! तिमीमा म लीन हुन चाहन्छु । एकपटक मेरो आज्ञापालन गरिदेऊ, अनि म बदलामा तिमीलाई नयाँ जुनी प्रदान गर्नेछु । यो दुर्गन्धबाट मुक्त गराई तिमीलाई सुगन्धित तुल्याइदिनेछु । सुगन्ध नै सुगन्धको जीवन हुनेछ तिम्रो युवती । (कार्की, २०७२, पृ. ४०)

यहाँ परासर ऋषिले समेत नारीलाई भोग्या बस्तु बनाएका छन् । आकर्षक शरीरलाई सुन्दर मान्ने पितृसत्तात्मक सोचका कारण ऋिषिलेसमेत मत्स्यगन्धाको आकर्षक शरीरसँग मोहित भएर शरीर भोग गरेका छन् । विवाह गर्ने हेतुले नभई शरीर भोग गर्ने मनसायले मात्र आफ्नो शक्तिको दुरुपयोग गर्दै ऋषिले सत्यवतीलाई आफ्नो वसमा पार्छन् । उनी मन्त्रमा नै शक्तिशाली रहेका ऋषिमूनि हुन् । यदि उनले चाहेका भए बिना सर्त नै सत्यवतीको शारीरिक दुर्गन्ध हटाइदिन सक्थे तर पितृसत्तात्मक स्वार्थी समाजमा सत्यवतीले आफ्नो दुर्घन्धित शरीर परिवर्तनका लागि आफ्नो शरीर नै सुम्पेर मूल्य चुकाउनु परेको कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : “महर्षिले चाहेका भए निःसर्त मलाई सुन्दरी र सुगन्धित तुल्याइदिन सक्नुहुन्थ्यो, परन्तु यहाँ कोही कसैको निम्ति निःशुल्क केही गर्दैन । मूल्य चुकाउनुपर्छ मैले चुकाएँ” (कार्की, २०७२, पृ.७३) । सत्यावतीको यस भनाइमा परासरजस्ता महान् ऋषिले पनि शारीरिक सुखभोगको स्वार्थमा लागी नारी दमन गरेका देखिन्छ । यहाँ सुन्दरी बनाइदिने लोभ देखाई परासर ऋषिले सत्यावतीको सतित्व लुटेको कुरा उल्लेख गरिएको छ । काली र माछाको जस्तो दुर्गन्ध आउने मत्स्य गन्धालाई गोरी र सुगन्धित बनाइदिने लोभ देखाई यौन भोग गरिएको छ । परासर जस्तो ऋषिले नारी भोगको

चाहना नराखेको भए सत्यावतीलाई बिनासर्त सुन्दरी बनाइदिने थिए । तर परासरले नारी भोगको उद्देश्यले सुन्दरी बनाइदिएका हुन् । यसरी विभिन्न प्रलोभनमा पारी अविवाहित युवतीसँग समागम गरी पुत्र लाभ गर्नु र पुत्रलाई आफूसँग राखी आमालाई पुत्रबाट वियोग गराउनु नारी शरीरमाथि हुने गरेको दमन हो ।

राजनीतिक उद्देश्य पूरा गर्नका लागि पनि पितृसत्ताले नारी मातृत्वमाथि हस्तक्षेप गर्दै आएको छ । यसै प्रसङ्गमा कुमारी लामा लेख्छिन् : "मातृत्वप्रतिको उनको स्वतन्त्रता महिलाका अस्तित्व र स्वतन्त्रतासँग जोडिएको एक सघन विषय हो । के नेपाली महिलाहरूलाई बच्चा जन्माउने या नजन्माउने स्वतन्त्रता छ ? निश्चय नै आजसम्म त छैन । विवाह भएपछि भने वंश धानिदिनका लागि सन्तान जन्माइदिनैपर्छ" (लामा, २०७६, पृ. ९७) यस्ता काममा पुरुषमात्र समावेश नभई महिलामा पनि पितृसत्तात्मक सोच हावी भएका कारण महिलाले महिलालाई नै शोषण गरेका छन् । विचित्रविर्यको अकालमै निधन भए पश्चात् राजमाता सत्यवतीका आग्रहमा अम्बिका र अम्बालिकाले वंश अर्थात् राज्यको उत्तराधिकारीका लागि परपुरुषसँग सन्तान जन्माउन बाध्य रहेको कुराको अभिव्यक्ति उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पत्नी भन्नु पतिको खेत हो । खेतको मालिक भन्नु पति हो । तसर्थ खेतमा बाली जासुकैले लगाए तापनि त्यसमा उब्जिएको बालीको स्वामित्व खेत मालिककै हुन्छ । तात्पर्य विचित्रविर्यका पत्नीहरू, तिमीहरूको देह, उनको हो । तिमीहरूका मालिक थिए उनी । यसर्थ तिमीहरूले जन्म दिने सन्तान विचित्रविर्यकै कहलिनेछ । तिमीहरू मात्र बीउ उमार्ने र हुर्काउने अभिभारा लेऊ । (कार्की, २०७२, पृ. १४८)

प्रस्तुत साक्ष्यमा भर्खर राजाको मृत्यु भएको अवस्थामा त्यो पीडाबाट मुक्त हुन नपाउदै राजमाता सत्यवतीको दवावमा अम्बिका र अम्बालिकाले इच्छा नहुँदा नहुँदै पनि परपुरुषबाट गर्भ धारण गर्न पर्ने बाध्यात्मक परिस्थितिको निर्माण भएको छ । हस्तिनापुर राज्यको लागि ढिलो गर्दा राजाको सन्तान होइन भन्ने हुनाले उनीहरुको आँशु नपुछिदै राजमाताको परासरसँगको संसर्गबाट जन्मिएका वेदव्यासलाई ल्याई पहिला अम्बिकामा गर्भ धारण गर्न लगाइन्छ । वेदव्यास ज्ञानी थिए, रानीले मसँग भेट्दा आँखा चिम्म गरेकाले यो जम्मिने पुत्र अन्धो हुन् सक्ने भन्ने कुरा भएपछि फेरी अम्बालिकामा गर्भ धारण गर्न लगाइन्छ । तत्पश्चात पनि जन्मिने सन्तान भने जस्तो भएन भनेर अन्ततः अम्बिकामा पुन गर्भ धारण गर्न लगाइन्छ तर उनी त्यस बखत नगएर आफ्नी सबभन्दा राम्री दासीलाई

आफ्ना कपडा लगाएर पठाउँछिन् । यसरी यहाँ राज्यमा आफ्नो वर्चस्वको निरन्तरता दिनका लागि उत्तराधिकारी जन्माउन परपुरुषसँग सम्बन्ध राख्न बाध्य महारानीदेखि दासीसम्मले आफ्नो शरीरलाई स्वतन्त्रतापूर्वक प्रयोग गर्न पाएका छैनन् ।

यस उपन्यासमा प्रयुक्त दरबारभित्रका नारी शरीरमात्र नभई दरबारबहिरका नारी शरीर पनि दमित छन् । विवाहको प्रलोभनमा पारी आफ्नो यौनेच्छा पूरा गरेर गर्भवती तुल्याई अलपत्र पारेका प्रसङ्ग उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> मलाई गर्भवती तुल्याएर गएको पुरुष फर्किएर आएनन् । आउन त आए, आउँदा अर्काको पोइ र धेरै सन्तानका पिता भएर आए । उनी समाजमा स्वीकृत भए । अनि म र मेरी छोरी अस्वीकृत । त्यसैले म दासी बनेँ । त्यसो त मेरो गर्भलाई नै प्रश्न उठाइएको थियो, ऊ फर्किआएपछि समाजले निर्णय नै सुनायो । बहिष्कृत मात्र भइन, कलङ्को टीका पनि लगाइदिए मेरो निधारमा । (कार्की, २०७२, पृ.२१४-२१५)

दासीका माध्यमबाट प्रस्तुत यस कथनलाई हेर्दा महाभारत कालदेखि नै नारी शरीरमाथि दमन हुँदै आएको पाइन्छ । यहाँ सामाजिक अवस्था नै नारीका प्रति प्रतिकूल रहेको छ । समाजमा पुरुषले जतिसुकै गल्ती गरे पनि स्वीकार हुने तर नारीले विवशतापूर्वक भोगेका पीडाहरूमा पनि दण्डित हुनुपर्ने विवशता दासीको रहेको छ । नारीलाई पुरुषले बलात्कार गर्ने र त्यसको सजाय पनि नारीले नै पाउनुपर्ने असमान समाजको व्यवस्था गरी पितृसत्ताले नारी शरीरमाथि नियन्त्रण गरी राजनीति गरेको कुरा प्रस्ट हुन्छ ।

कतिपय परम्पराका नाममा प्रचलित बनेका सामाजिक व्यवहारबाट शरीर राजनीति प्रतिबिम्बित भएको छ । बाल्यावस्था पार गरिनसकेका कन्यालाई जुनसुकै उमेर पुगेको पुरुषले विवाह गरी यौन तृप्ति गर्ने साधनका रूपमा लिएर महिला शरीरका साथ खेल्ने र नारी शरीरलाई खेलौनाका रूपमा स्थापित गर्ने पद्धति तत्कालीन समयमा विकास भएको कुरा योगमाया उपन्यासमा उल्लेख भएको पाइन्छ । पतिको मृत्युपश्चात् नारी शरीर हेय र रद्दीको टोकरीमा फाल्ने वस्तुका रूपमा लिइएको तथ्य यहाँ उल्लेखनीय देखिन्छ :

> यो गर्भसँग छ भन्ने थाहा पाएपछि यसका घरकाले जबर्जस्ती केरा खान दिएर हुन्छ कि, कटर खान दिएर हुन्छ कि, सुडेनी लाएर हुन्छ कि यसका गर्भ तुहाउन गर्नु कोसिस गरेछन् । सकेनन् । त्यसपछि हाम्रा बाको गर्भ हुँदै होइन भने र तिनका

छोराहरूले बखेडा सुरु गरे रे । अनि जन्मेपछि पञ्च भलादमी राखेर पहिलाको कमारोका खोक्राँ लगेर हुलिदिए । (कार्की, २०७४, पृ. २५३)

प्रस्तुत उदाहरण दिङ्लाबाट छोरीलाई अन्याय भएको भन्दै ठूलीहजुरसँग न्याय माग्न आएका छोरीको बाउले भनेका वाक्य हुन् । यहाँ अनमेल उमेरको विवाहको नतिजा महिला शरीरमा नै परेको देखिन्छ । छोरीको पेटमा बच्चा रहेको बेला उनको श्रीमान्को मृत्यु भएको र घरकाले बच्चा नस्वीकारेर कमाराको घरमा हुलिदिएको कुरा व्यक्त गरेका छन् । पुरुषले छोराको उमेरभन्दा पनि सानी केटीसित विवाह गरेर सानै उमेरमा गर्भवती तुल्याउने अनि कुनै कारणले मृत्यु भएमा गर्भ फालेर उसलाई त्यो घरबाट नै निकाल्नेजस्ता हर्कत पितृसत्तात्मक समाजमा गरेको पाइन्छ । यहाँ बाबुको मृत्युपश्चात् बाबुले विवाह गरेर ल्याएकी नारीलाई आमा मान्न तयार नभएका छोराहरूले अन्य पुरुषको गर्भ धारण गरेको आरोप लगाएर सुत्केरी अवस्थामा कमारालाई जबर्जस्ती जिम्मा लगाएर शोषण गरेका छन् ।

## २.५ शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

शक्ति भनेको सत्तामा रहेर शक्तिहीनहरूमाथि कुनै न कुनै प्रक्रियाद्वारा आफ्नो नियन्त्रणमा राख्ने क्षमता हो । पितृसत्ताले नारी शरीरलाई आफ्नो शक्ति र प्रभुत्वमा राखी नियन्त्रण गरेको छ । शरीरको राजनीति शक्ति संरचनासँग सम्बन्धित रहेको छ । शक्ति संरचनाको केन्द्रमा पुरुषकै बाहुल्यता रहेकोले उनीहरूले धर्म, कानुन र ज्ञानको निर्माण र व्याख्या आफू अनुकूल गरेको पाइन्छ । त्यसैले महिलाको शरीरलाई नियन्त्रण गर्ने नीति, नियम, कानुन पनि पुरुषकै दृष्टिकोणबाट निर्देशित छन् । समाजमा विवाहअघि महिलाको शरीरमाथि यस्तो शक्ति र प्रभुत्व पिता र दाजुभाइबाट प्रदर्शित हुन्छ भने विवाहपछि उसको लोग्नेबाट हुन्छ ।

मिसेल फुको आफ्नो निबन्ध 'बडी कन्डेम' मा लेख्छन्, "शरीरको राजनीति यस्तो विषय हो, जसले शरीर, शक्ति संरचना र त्यसले निर्माण गर्ने ज्ञानको सम्बन्धबारे प्रस्ट पार्छ अनि त्यसको प्रत्यक्ष सम्बन्ध शरीर र शक्ति संरचनासँग रहन्छ" (फुको, १९९७, पृ. १४) । फुकोले नारी शरीरको सामाजिक अध्ययन गर्दै पत्नी, दासी, सेविका, छोरी, बुहारीका रूपमा नारीका शरीरलाई टुक्राइएको हुँदा शरीर एउटा स्थान हो, जसमाथि विमर्शका माध्यमबाट शक्तिको प्रयोग गरिने बताएका छन् । महिलाहरू तुलनात्मक रूपमा पुरुषभन्दा शक्तिका हिसाबले पनि तल्लो दर्जामा राखिएका हुन्छन् । पारिवारिक सत्ता वा राज्यसत्ताले पनि

नारीलाई निरीह र कमजोर हुन्छन् भनी भाष्य निर्माण गरेको छ । यसै सन्दर्भमा सञ्जिव उप्रेतीले आफ्नो पुस्तक सिद्धान्तका कुरामा लेखेका छन्,- “पितृसत्ताको आइडियोलजीले अवचेतनको रूपमा भन्छ- शारीरिक शक्ति प्रदर्शन पुरुषत्वको परिचायक हो । नारीहरू कोमल हुन्छन्, पुरुषहरू कठोर । नारीको कोमल शरीरमाथि हिंसाको छाप अङ्कित गरी बहादुरीको नमुना पेस गर्न सक्ने पुरुष नै वास्तविक पुरुष हुन्छ” (उप्रेती, २०६८, पृ. २५६) । समाजमा सानै उमेरबाट नै छोरो बलियो हुन्छ र हुनुपर्छ अनि छोरी चाहिँ रुन्चे, पिलन्धरे हुन्छन्, बलका कामहरू छारीले गर्न सक्दैनन् भन्ने मानसिकताको विकास गराइन्छ । साथै पितृसत्ताले नारीहरूको सुरक्षाकवच पुरुष हो भन्ने विचारधाराको निर्माण गर्दै आएको छ ।

आफू शक्तिशाली हुँ भन्ने मानसिकताबमोजिम पुरुषले महिला शरीरमाथि आफ्नो शक्ति र प्रभुत्व प्रदर्शन गरेर कमजोर सावित गरिरहेको हुन्छ ।  यसै सन्दर्भलाई कुमारी लामाले प्रष्ट पार्दै लेखेकी छिन्- “शरीर शक्ति चलखेलको एक संवेदनशील स्थल हो । सर्वमान्य सत्य यो हो कि, जहिल्यै बलियो र शक्तिशाली शरीरले निर्धो र कमजोर शरीरमाथि नै शोषण गर्ने गरेको छ” (लामा, २०७६, पृ. ८२) । सामाजिक संरचनामा शक्तिमा रहेको वर्गले शक्तिबाहिर रहेका वर्ग, जाति, लिङ्गलाई शोषण गरेर आफूले चाहेअनुसारको कार्य गर्न लगाउँछ । घर, परिवार, समाजदेखि हरेक निकायमा पुरुषकै पहुँच र प्रभुत्व रहनाले महिलामाथि विभेदका श्रृङ्खला कायम हुन्छन् त्यसैले महिलाहरू तथा कमजोर वर्ग शोषित भएको पाइन्छ । प्रभुत्वको यो अवधारणा पाश्चात्य चिन्तक अन्तनियो ग्राम्चीबाट विकसित मान्यता हो । ग्राम्चीका विचारमा शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोग मात्र होइन सांस्कृतिक साधनहरूद्वारा उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक र सांस्कृतिक रूपमा बढी जोड दिएको हुन्छ (चैतन्य, २०७०, पृ.१५) । ग्राम्चीले प्रभुत्व वा सत्ताका राजनैतिक समाज र नागरिक समाजका रूपमा दुईवटा तह रहेको बताएका छन् । यिनै तहअन्तर्गत न्यायलय, सेना, शैक्षिक संस्थाहरू रहने र यिनै संस्थाहरूले सहमति गरेर समाजलाई प्रभावित गर्छन् । यस क्रममा शक्तिशाली वर्गले विभिन्न सामाजिक संस्थामार्फत् आफ्नो इच्छाअनुसार कमजोर वर्गलाई शोषण गर्छ ।

समाजमा आफ्नो प्रभुत्व कायम गर्ने वर्गले सत्ता र शक्तिका आडबाट विचारधारा स्थापित गर्ने अभीष्ट राखेको हुन्छ । त्यही विचारधाराबाट सत्तामा रहेको पुरुषले महिलाको विचारमाथि, शरीरमाथि र उनीहरूको मस्तिष्कमाथि नियन्त्रण गरेको छ । त्यसकारण प्रभुत्वशाली वर्गले शक्ति तथा प्रभुत्वको आडमा पुरुष तथा महिलाको शरीरको प्रयोग गरेको

हुन्छ । "शक्ति अरुमाथि गरिने वा देखाइने वर्चस्व मात्र होइन, यो सामाजिक संरचनाका विविध स्तरमा गरिने अनेक प्रकारका सामाजिक क्रियाकलाप, मानवीय गतिविधि र त्यसले निर्माण गर्ने भूमिका समेत हो" (खनाल, २०७६, पृ. १२०) । पितृसत्तात्मक समाजमा परिवार तथा समाजमा स्थापित अनेक पदमा केवल पुरुष चरित्रको प्रतिनिधित्व रहने र महिलाको प्रतिनिधित्व भए तापनि पुरुषले आफ्नो वर्चस्व कायम गरी महिलाको विचारधारालाई किनारामा पुऱ्याउने काम गर्छ । पद, प्रतिष्ठा, अधिकार प्राप्ति र स्वामित्व लिने आधारमा पुरुष चरित्रलाई मात्र केन्द्रमा राखेर कार्य सम्पादन गरिने व्यवहार यसमा निहित पाइन्छ" (पौड्याल, २०७७, पृ. ३३४) । परिवार, समाज र राज्यको सत्तामा पुरुष रहेको छ । समाजले पुरुषलाई आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक हैसियत दिएको छ त्यसैले पुरुषले महिलाहरूलाई पारिभाषित गर्ने र उनीहरूको स्थान तथा भूमिकाको निर्णय गर्ने काम गरेको पाइन्छ ।

### २.६ नीलम कार्की 'निहारिका' का उपन्यासमा शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

पितृसत्तात्मक समाजमा नारीलाई कमजोर र निरीह पात्रका रूपमा पहिचान गरेको पाइन्छ । कार्कीको *अर्की आइमाई* उपन्यासमा प्रयुक्त पात्र सुवर्ण अमेरिकामा स्थायी बसोबास गरी अमेरिकी केटीसँग विवाह गरेर दुई सन्तान जन्मिएपछि सम्बन्ध विच्छेद गरी बसेको पात्र हो । दोस्रो विवाह गर्न नेपाल आएको सुवर्णले भर्खर क्याम्पस पढ्दै गरेकी, नेपालको ग्रामीण परिवेशमा हुर्किएकी तारालाई त्यसबारे जानकारी नै नगराई विवाह गरेको देखिन्छ । विवाहजस्तो संवेदनशील विषयमा महिलाहरूको स्वीकृति बिना नै घरका पुरुष सदस्यहरूले दुई सन्तानको बाबुसँग विवाह गरेर नारी शरीरको शोषण गरेको कुरा यस सन्दर्भले प्रस्ट पारेको छ : "काठमाडौं पुगेको केही दिनमा पालेकी स्वास्नीबाट धमिलो गरी थाहा पाएकी थिएँ, सुवर्णजी विवाहित हुन् भनेर । पछि सुवर्णजीबाटै थाहा पाएँ, उनी दुई सन्तानका बाउ पनि हुन्" (कार्की, २०७०, पृ. ४५) । प्रस्तुत साक्ष्यलाई हेर्दा कुनै पुरुषसँग विवाह गरेर जीवन बिताउनु पर्ने गम्भीर विषयमा पनि विवाह गर्ने चाहना, पति छनौट गर्ने महिलाको अधिकारभन्दा परिवारका पुरुष सदस्यहरू बुवा, काका, दाजु, भिनाजु तथा वडाध्यक्षहरूको निर्णयमा आफूभन्दा दोब्बर, विवाहित र दुई सन्तानको बाबुसँग बिहेको सम्झौतामा सही गर्न बाध्य नारी पात्र ताराको शरीरमाथि राजनीति भएको देखिन्छ ।

नारी शरीरलाई आफ्नो प्रभुत्वमा राखी आफूलाई मनलाग्दी खेलौनाको रूपमा प्रयोग गर्ने प्रवृत्ति पितृसत्तात्मक समाजमा व्याप्त रहेको छ । विवाहपश्चात् महिलाहरू लोग्नेको चाहनाअनुरुप आफूलाई परिवर्तन गर्न बाध्य हुन्छन् । यसै सन्दर्भमा समालोचक कुमारी लामा आफ्नो विचार प्रस्तुत गर्दै भन्छिन्:

> विवाहपश्चात अधिकांश महिलाहरू लोग्ने वा परिवारको चाहनानुसार आफूलाई पूरै बदल्न बाध्य हुन्छन् । उनीहरूले लाउने, खानेदेखि बोली व्यवहारसम्म परिवर्तन गर्नुपर्ने हुन्छ । यसो गराउनमा सामन्तवादी पितृसत्तात्मक प्रवृत्तिले ठुलो खेल खेल्छ । यस खाले पुरुष हैकम एकदमै डरलाग्दो पुरुषवादी सोचको उपज हो, जसले महिलालाई भोग्या वस्तुबाहेक केही देख्दैन । (लामा, २०७६, पृ. ९५-९६)

अर्की आइमाई उपन्यासकी पात्र ताराले विवाहपश्चात् उसको लोग्नेको चाहनाअनुरुप आफूलाई परिवर्तन गर्नुपरेको कुरा यसरी अभिव्यक्त गरिएको छ : “म समेत वाइन हुँदै ह्विस्की, ब्रान्डीतिर पुगिसकेकी हुन्छु । सुवर्णजी जतिदिन घरमा हुन्थे त्यो बेला ह्स्किीसँगै बेडरूममा बसेर एडल्ट मुभी हेर्न मन पराउने हुँदा, त्यसैमा साथ दिँदै जनुपर्ने भयो, दिँदै गएँ” । (कार्की, २०७०, पृ. ५४) यस उपन्यासको पुरुष पात्र सुवर्णलाई रक्सी पिउन र अश्लील चलचित्र हेर्ने बानी परेको छ । आफूसँगै पत्नीलाई पनि ह्विस्की र अश्लील चलचित्र हेर्न सँगै राख्ने उसको मनसाय आफ्नो प्रभुत्वमा राखेर उसको शरीरलाई उपभोग गरिरहने चाहना हो ।

राजनीतिक सत्ता र शक्तिका आडमा बलियो शरीरले निर्धो शरीरमाथि राजनीति गर्छ । नेपाली समाजलाई हेर्ने हो भने पुरुषको शरीरलाई बलियो र महिलाको शरीरलाई कमजोर मान्ने प्रचलन रहेको छ । त्यसैगरी सत्तामा रहने शरीर बलियो र शक्तिशाली हुने र सत्ताबाहिरको शरीर निर्धो हुने गर्दछ । नेपाली समाजमा सत्तामा पुग्ने भनेको पुरुष नै हो । *चीरहरण* उपन्यासकी पात्र सत्यवतीलाई सुन्दरी देख्नासाथ हस्तिनापुरका महाराज शान्तनुले विवाह गर्ने सर्तमा शारीरिक समागमको चाहना राख्छन् । आफ्ना माता, पिता यो विवाहमा राजी हुनुहोला त ? भन्ने सत्यावतीको प्रश्नमा राजा शान्तनुले यस्तो जवाफ दिन्छन् : “किन राजी नहुनु ? हस्तिनापुर-नरेशलाई आफ्ना ज्वाइँ तुल्याउन पाउँदा को हर्षित नहोला ? अर्को कुरा कस्को हिम्मत होला नामञ्जुर गर्ने” (कार्की, २०७२, पृ. ६७) ? यस साक्ष्यमा राजा शान्तनुमा महाराज भएको हैसियतले आफूले जुन स्त्री चाह्यो उसैलाई पत्नी बनाउन सक्छु भन्ने पुरुष अहमता प्रकट भएको छ । राजनीनिक शक्तिका आडमा जुन

स्त्रीको चाह्यो त्यही स्त्रीको शरीर भोग गर्न सक्ने अहमतावादी सोच सान्तनुमा देखिएको छ । यहाँ महाराज शान्तनु सत्यवतीप्रति हार्दिक प्रेमभन्दा पितृसत्तात्मक चिन्तन हावी भएका कारण उसको शरीर भोगप्रति आकर्षित भएको देखिन्छ ।

पितृसत्तात्मक समाजमा राजनीतिक सत्ता पुरुषकै केन्द्रमा रहेको हुन्छ र राज्यको उत्तराधिकारी पनि पुरुष नै हुन्छ । यस्तो सत्तामा समाज व्यवस्थाका सम्पूर्ण क्षेत्रमा पिताको अधिकार हुन्छ । "पितृसत्तात्मक समाजमा पुरुष अधिकारसम्पन्न हुन्छ भने महिला अधिकारविहीन हुन्छे, त्यसैले पितृसत्ता महिलामाथि दमन र शोषणको प्रमुख कारक तत्व हो" (खनाल, २०७६, पृ. २१) । राजनीतिक सत्तालाई आफ्नो वर्चस्वमा राख्नका लागि राजा धृतराष्ट्रले आफ्नो भाइ पाण्डुलेभन्दा अगाडि सन्तान जन्माउन चाहन्छन् । त्यसका लागि उनी छोरो नै जन्माउन चाहन्छन् । केही गरी गान्धारीबाट पुत्र प्राप्तिमा ढिलाइ भएमा युवराज पाण्डुपुत्र हुनेछन् र आफू शक्तिहीन हुने डरले आफ्नो स्याहारमा खटिएकी दासीलाई पनि गर्भवती बनाएर नारी शरीरमाथि राजनीति गरेको कुरा चीरहरण उपन्यासमा गान्धारीको तलको भनाइले प्रस्ट पारेको छ :

> म गर्भवती भएपश्चात् महाराजको रातको सेवामा दुई दासी खटिएका थिए । पतिको सुख-सुविधाका खुसीको निम्ति पत्नीले नै त्यसको प्रबन्ध मिलाउनुपर्थ्यो । त्यस वैश्य-दासीलाई मैले नै नियुक्त गरेकी थिएँ । युवराज बनाउने मनसायका साथ वैश्य-दासीलाई भोगिएको तथ्यले विचलित बनायो । महाराजलाई आफ्नो पुत्र युवराज हुनुसँग मात्र सरोकार रहेछ, चाहे त्यो गान्धारीबाट जन्मिएको होस् या सुगाधाबाट । मेरो गर्भमाथि आफ्नै पतिको राजनीतिले निक्कै व्यथित तुल्यायो । (कार्की, २०७२, पृ. १९८)

पितृसत्तात्मक समाजले राजनीतिका माध्यमबाट पनि नारी शरीरको स्वतन्त्रतामाथि नियन्त्रण गरेको हुन्छ । राजा पाण्डु केही समय आराम गर्न भनी वनविहार गर्न गएका बखत धृतराष्ट्रलाई पान्डुको श्रीपेच प्राप्त भएको हुन्छ र त्यो श्रीपेचलाई आफ्नो र आफ्नो सन्ततिलाई जसरी पनि दिलाउने मनोकाङ्क्षा रहेकोले पाण्डुभन्दा अगाडि आफूले छोरो जन्माउन गान्धारीलाई दबाब दिइरहेको, यदि गान्धारीबाट समयमा पुत्र नजन्मिएमा दासीबाट भए पनि पुत्र जन्माउन दासीलाई गर्भवती तुल्याएको, गान्धारी तथा दासी दुबैलेभन्दा पाण्डु पत्नी कुन्तीले चाँडो पुत्र जन्माएपछि दासीको गर्भमा धृतराष्ट्रले लात्ती प्रहार गरेका घटनाहरूले पितृसत्ताले नारी शरीरको दुरुपयोग गरेको प्रस्ट हुन्छ ।

राजनीतिक सत्ता र शक्तिका आडमा शक्तिशाली राष्ट्रका पुरुषद्वारा कमजोर राष्ट्रका महिलाहरूको शरीरमाथि शोषण गरिएको छ । भीष्मले काशीराजका तीन जना छोरीहरूको विवाह विचित्रविर्यसित गरिदिनका लागि जबर्जस्ती लान लग्दा लाचार काशीराजको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ : "यसरी हरण गरी लाने निश्चित भएको अवस्थामा मेरा तीन पुत्री नै लिएर जाऊ ! स्वयम्भर-सभा बिथोलिसकेको अवस्थामा मसँग अर्को मार्ग पनि रहेन" (कार्की, २०७२, पृ.३३०) । स्वयमवर कक्षबाटै भीष्मले आफ्ना बाहुबलले काशीराजका तीन ओटी छोरीहरू अम्बा, अम्बिका र अम्बालिकालाई अपहरण गरी विचित्रविर्यसँग लागि विवाह गरिदिन्छन् । पुरुषले चाहेमा जस्तोसुकै परिस्थितिलाई पनि सहर्ष स्वीकार्नु पर्ने बाध्यता पितृसत्तात्मक समाजमा रहन्छ । नचाहँदा नचाहँदै पनि पुरुष वर्चस्वकै कारण दिदी बहिनीले एउटै पुरुषलाई पति वरण गर्नुपरेको प्रसङ्ग अम्बिकाको यो भनाइबाट स्पष्ट हुन्छ : "अन्ततः एकै पुरुषलाई हामी दुई बहिनीले पति स्वीकार गऱ्यौं । तमाम नारीका नियतिलाई हामीले निरन्तरता दियौँ" (कार्की, २०७२, पृ. २३०) । राजा काशीराजले आफ्नी छोरीको स्वयम्वरमा हस्तिनापुरका राजकुमारलाई निमन्त्रणा नगरेको रिसिवीका कारण राजनीतिक शक्तिका आडमा भीष्मको पुरुष अहमताले नारीको इच्छा विपरित अपहरण गरेर जबर्जस्ती विचित्रविर्यका पत्नी बनाइनु नारी शरीरको दोहन हो ।

पितृसत्तात्मक समाजमा महिलाहरू पुरुषको अधीनस्थ हुन्छन् । विवाहअघि बाबुको अधिनमा त विवाहपछि पतिको अधिनमा रहन्छन् । पुरुषहरू महिलाप्रति आफ्नो शक्ति प्रदर्शन गरिरहन्छन् । यसै सन्दर्भमा सञ्जीव उप्रेती भन्छन्: "पितृसत्ताको आइडियोलजीले अवचेतनको तहमा भन्छ शारीरिक शक्ति प्रदर्शन पुरुषत्वको परिचायक हो । नारीहरू कोमल हुन्छन्, पुरुषहरु कठोर । नारीको कोमल शरीरमाथि हिंसाको छाप अङ्कित गरी बहादुरीको नमुना पेस गर्न सक्ने पुरुष नै वास्तविक पुरुष हुन्छ" (उप्रेती, २०६८ पृ. २५६) । महिलासँग सम्बन्धित सम्पूर्ण निर्णयहरू पनि पुरुष आफैं गर्छ । पुरुषवादी सङ्कथनले आफ्नो निर्णय नै ठीक हो भन्ने मानसिकतको निर्माण गरेको हुन्छ । यसै सन्दर्भमा यस उपन्यासकी प्रमुख पात्र द्रौपदी विवाहपूर्व आफ्नै पिताको र विवाहपछि आफ्ना पतिहरूको अधिनमा रहेको देखिन्छ । आफ्नो विवाहको निर्णय पनि आफ्नो अधिकारभित्र नरहेको र पिताले जे जसरी गरिदिए पनि सहर्ष स्वीकार गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको कुरा उनले व्यक्त गरेको यो कथनले पुष्टि गर्छ :

जब मेरो स्वयंवरको निम्ति लक्ष्यभेदन परीक्षा हुने घोषण हुँदै थियो, आजपर्यन्त स्वयंवरको राजकन्याले स्व-इच्छाले वर छान्न पाउने परम्परा रहेकोमा, यो समय पिताश्रीले किन यस्तो जटिल सर्त राख्नुभएको ? कोही व्यक्ति धनुर्विद्यामा सर्वश्रेष्ठ छ भन्दैमा ऊ मेरो निम्ति उत्तम वर सिद्ध होला भन्नेमा के आधार भयो ? रत्तिभर मेरो हृदयले स्वीकार गर्न नसक्ने पुरुषले लक्ष्यभेदन गरेको अवस्थामा मेरो के हाल होला ? (कार्की, २०७२, पृ. २६७)

पितृसत्तात्मक समाजमा पुरुषको प्रमुख स्थान हुन्छ । पितृसत्ताले पुरुषलाई नै बलियो बनाउने सामाजिक विमर्शको निर्माण गरेको हुन्छ । त्यही पितृसत्तात्मक सामाजिक विमर्शले गर्दा यहाँ द्रौपदीका पिताले आफ्नी पुत्रीका लागि शक्तिशाली वर खोजी गरेका छन्, जसका लागि जसले लक्ष्यभेदन गर्न सक्छ उसैलाई द्रौपदीले वरमाला पहिरिने सर्त राखिएको हुन्छ । सर्वश्रेष्ठ शक्तिशाली पुरुषले लक्ष्यभेदन पश्चात् पुरस्कारका रूपमा प्राप्त गर्ने वस्तुका रूपमा दौपदीको शरीरलाई उच्च आसनमा राखिनु, देश देशावरका राजा महाराजाहरू आफ्नो शक्तिको प्रदर्शन गरेर द्रौपदीलाई पत्नी बनाउन उपस्थित हुनु, उपस्थित राजा महाराजाबाट लक्ष्यभेदन हुन नसकेपछि नियम परिवर्तन गरी त्यस सभामा उपस्थित जो कोहीले पनि लक्ष्यभेदन गर्न पाउने नियम राख्ने पितृसत्तात्मक समाजिक चिन्तनले महिला शरीरमाथि शक्ति प्रदर्शन गरी हिंसा गरेको छ । यसरी लक्ष्यभेदन पश्चात् अर्जुनसँग साथ लागेर आएकी द्रौपदीलाई बहुमूल्य वस्तु ल्याएका छौँ भनी जनकारी गराउँदा माता कुन्तीले वस्तुका बारेमा जानकारी नै नलिई पाँच भाइले बराबरी बाँडेर लिनू । भन्ने आदेश गरेबाट द्रौपदीले पाँच पुरुषमा बाँडिनु पर्ने नियतिको समना गर्नुपरेको छ । द्रौपदीको रोजाइ पुरुष अर्जुन नै हुन्, तर पनि अर्जुनले पटकपटक सौता थपेर द्रौपदीमाथि शोषण गरेका छन् ।

पितृसत्ताले महिला शरीरलाई वस्तुका रूपमा हेर्छ र आफ्नो नियन्त्रणमा राखेर प्रयोग गर्छ । यस प्रसङ्गमा षडानन्द पौड्याल लेख्छन् : “समयको कालखण्डमा अभिभावकत्व ग्रहण गरेको दुश्चक्रले नारी शरीरको अग्निपरीक्षा गरेको छ भने व्यक्तिलाई वस्तुका रूपमा अपनाएर पासाको खेलमा दाउ पनि लगाएको छ । दाउ लगाउने वा परीक्षा लिने सामर्थ्य तिनले मात्र लिन सक्छन्, जसले व्यक्तिको शरीरलाई आफ्नो अधिन भएको ठानेका हुन्छन्” (पौड्याल, २०७७, पृ. १४७) । यहाँ आफ्नै पति युधिष्ठिरले द्रौपदीको रायबिना जुवामा राखेर हार्छन् । आफ्नै पत्नीको इच्छाविरुद्ध वस्तु बनाएर जुवामा दाउ थापेपछि जुवा हारेर दुर्योधनको अधिकारमा सुम्पिदिने युधिष्ठिर नारी शरीरको दमकका

रूपमा देखिएका छन् । यसै प्रसङ्गमा दुःशासनले द्रौपदीका सामू प्रस्तुत गरेको यो अभिव्यक्ति सान्दर्भिक देखिन्छ : “तँ हाम्री दासी भइसकिस् । ल खुरुक्क हिँड् जुवा-घरमा ! तेरो जेठो पतिले तँलाई जुवामा हारिसक्यो” (कार्की, २०७२, पृ.३६२) । धृतराष्ट्र पुत्र कौरवहरू र पाण्डु पुत्रहरूमा सानैदेखि शत्रुता रहेको हुन्छ । कौरवहरूले मनोरञ्जन र पारीवारिक मिलाप गराउने उद्देश्यले जुवाको आयोजना गरेको भन्ने झुटा कुरा गरी जुवा खेलको आयोजना गर्छन् । युधिष्ठिर जुवाडे थिए । जुवा खेल्दै जाँदा युधिष्ठिरले जुवामा सबै सम्पत्ति हार्दै जान्छन् र सम्पत्ति सकिएपछि भाइहरूलाई र द्रौपदीलाई समेत जुवामा राखेर हार्छन् । धर्मका रक्षक भनिएका युधिष्ठिरले पितृसत्तात्मक प्रवृत्तिकै कारण आफ्नै पत्नीलाई जुवामा राखेर शोषण गरेका छन् । यसरी आफ्नै पतिबाट जुवामा हराइएकी द्रौपदीलाई राजसभामा आफ्नै मान्यजनहरूका अगाडि देवर दुर्योधनका आदेशमा दुःशासनबाट बस्त्र हरण गर्ने दुश्कार्य गरेको पाइन्छ । यस कुरालाई प्रष्ट पार्न द्रौपदीको यो मार्मिक अभिव्यक्ति प्रस्तुत भएको छ : “दुःशासनले मलाई नङ्ग्याउने प्रयोजनका साथ मेरो वस्त्र तान्न प्रारम्भ गरिसकेको थियो । धर्मात्मा वीर न्यायकर्ता भनिने पुरुषबाट रक्षको निम्ति हात नबढेपछि र म स्वयम् आफ्नो बचावटमा विफल भएपश्चात् मेरो निम्ति अन्तिम भरोषा भन्नु मेरा ईश्वर हुनुहुन्थ्यो” (कार्की, २०७२, पृ. ३६९) ।

हस्तिनापुरका महाराजा, राजगुरु, कुलगुरु, महामन्त्री तथा आफ्ना पतिहरूका अगाडि आफ्नो वस्त्रहरण भएको घटनाले द्रौपदी मरेतुल्य हुन्छिन् तर त्यतिका ज्ञानी, वीर र धर्मका रक्षक भनिएका पुरुषहरूले द्रौपदीमाथि भएको त्यस्तो जघन्य अपराधलाई नरोकी टुलुटुलु हेरेर बस्नु भनेको नारी जातीकै अपमान गर्ने प्रवृत्तिलाई पक्षपोषण गर्नु हो । वस्त्रहरण हुनु भनेको बलात्कार हुनु हो । यसरी एउटा पुरुषले त्यतिका पुरुषका अगाडि एउटी महिलाको शरीर नाङ्गिएको चुपचाप हेर्नु नारीमाथि भएको बलात्कारलाई साथ दिनु हो । यसै सन्दर्भमा भारतीय समालोचक ज्याती पुरी लेख्छिन् : “बलात्कारीहरू सामान्यतया मानसिक रूपमा बिरामी हुन्छन् । बलात्कारीले शारीरिक बल प्रयोग गरेर नारी शरीरलाई आफ्नो अधिनमा राख्छन्” (पुरी, १९९९, पृ. ८०) । यस सन्दर्भलाई हेर्दा पुरुषले महिलालाई कमजोर ठानी शारीरिक बलका आधारमा महिलामाथि बलात्कारजन्य क्रियाकलाप गर्छन् । यहाँ दुर्योधन राज्यसत्ता हात पार्नका निम्ति जस्तासुकै घृणित काम गर्न पनि पछि हट्दैन र ऊ एक किसिमको मानसिक रोगीका रूपमा पनि देखिएको छ । यसरी दुर्योधनका निर्देशनमा दुःशासनले भारी सभामा शारीरिक बलका आधारमा द्रौपदीको शरीर नङ्ग्याएर नारी

शरीरको दुरुपयोग गर्नु हो । यसैगरी कर्णले भारी सभामा द्रौपदीलाई “पाँच भाइ लोग्नेले पुगेन अब कौरबकी स्वास्नी भएर सय भाइसँग बस्” (कार्की, २०७२, पृ. ४३७) भन्ने तुच्छ वचन प्रयोग गर्दै वेश्यासँग तुलना गर्नु, महाराज धृतराष्ट्रका ज्वाइँ जयद्रथले “तँ मेरो एक रातकी मात्र पत्नी भएपश्चात् पनि तेरा पतिहरूले तेरो इज्जतमा लागेको फोहोर पखाल्नुभन्दा तँलाई त्यागिदिँदा उत्तम ठहऱ्याउनेछन् । अनि म तँलाई पत्नी बनाऊँ दासी; मेरो इच्छाबमोजिम हुनेछ” (कार्की, २०७२, पृ. ४१७-४१८) । भनी बलात्कार गर्न खोज्नु, द्रौपदी गुप्तबासमा रहेका देला हिरा-मोतीले सुसज्जित पारिदिने, महारानी बनाउने प्रलोभन देखाउँदै धेरै पत्नीका पती किच्चकजस्तो यौन पिपाशुले उनको शरीर भोग गर्न खोज्नु पितृसत्ताले नारी शरीरप्रति गरेको राजनीति हो ।

## २.७ श्रम र उपार्जनका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

आर्थिक उपार्जनका हिसाबले महिला शरीर शोषणमा परेको छ । पुरुषलाई मूलतः उत्पादनमूलक काममा सहभागी गराउने, आर्थिक उपार्जन गर्ने र घर चलाउने व्यक्तिका रूपमा हेरिन्छ भने महिलालाई अनुत्पादनमूलक कामहरू अर्थात् घरभित्रका कामहरू खाना पकाउने, बच्चा हुर्काने, स्याहार गर्ने र वृद्धवृद्धाको रेखदेखमा संलग्न व्यक्तिका रूपमा हेरिन्छ । नारीले गर्ने घरको काम प्रायः गरी उत्पादक श्रमका रूपमा लिइँदैन । न त तिनले उक्त श्रमको ज्याला नै पाउँछन् । “नारीले गर्ने घरको कामलाई उत्पादक श्रम मान्ने हो भने समसामयिक श्रमको दुई तिहाइ श्रम महिलाले गर्छन् तर विश्वव्यापी संसारको आयको दश प्रतिशत मात्र नारीको पोल्टामा जान्छ भने संसारको एक प्रतिशत सम्पत्ति मात्र तिनका नाममा छ” (उप्रेती, २०७८, पृ. २३८) । यसरी हेर्दा महिलालाई पूर्ण रूपमा पुरुषको अधीनमा रहने वातावरण मिलाइएको हुन्छ । उनीहरू आफ्नो इच्छाअनुसार केही गर्न सक्दैनन् । महिलाहरूलाई घरबाहिर जाँदासमेत पुरुषको अनुमति लिनुपर्ने अवस्था रहन्छ ।

पितृसत्तात्मक समाज महिलाको शरीरलाई वस्तुसरह ठानेर काम, अधिकार र उचित व्यवहार, नियम अनि सम्पत्तिमा समेत एकाधिकार गर्ने सोचबाट परिपोषित बनेको छ । महिलाहरू सापेक्षित रूपमा पुरुषभन्दा आर्थिक उपार्जनका हिसाबले तल्लो हैसियतमा रहेका हुन्छन् । समान कामका सन्दर्भमा पनि महिलाका लागि र पुरुषका लागि भनेर असमान ज्याला तोकिन्छ । महिला तथा पूरुषले समान प्रकारको कार्यसम्पादन गर्दा महिलालाई तल्लो दर्जाको र कमजोर ठानेर कम ज्याला तथा पुरुषलाई धेरै ज्याला दिइन्छ । यसरी ज्यालामा

विभेद गरिनु भनेको कामको मूल्याङ्कन नभएर पितृसत्तात्मक दृष्टिले शरीरको मूल्याङ्कन गरी महिला शरीरप्रति गरिएको राजनीति हो ।

## २.८ नीलम कार्की 'निहारिका' का उपन्यासमा श्रम र उपार्जनका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

सांस्कृतिक अध्ययनमा शरीरलाई जैविक शरीर मात्र नभएर निर्मित शरीर मानिएको छ । नेपाली समाजमा महिलाको शरीरलाई पुरुषले आर्थिक उपार्जनको माध्यम बनाएको पाइन्छ । कार्कीको *अर्की आइमाई* उपन्यासलाई हेर्दा यस उपन्यासकी पात्र ताराको शरीर पितृसत्तात्मक समाजको आर्थिक शोषणमा परेको देखिन्छ । भिनाजु नाता पर्ने एउटा पुरुषले आर्थिक प्रलोभनमा परी ताराको शरीरलाई बिक्री गरेको देखिन्छ । यस सन्दर्भमा यहाँ एउटा साक्ष्य प्रस्तुत छ : "भिनाजु बिदा हुनु अगाडि कोटको गोजीबाट मुठीभरि केही निकालेर सुवर्णजीले उनको हातमा राखिदिएर केही कुरा राखिदिएका थिए कानैमा" (कार्की, २०७०, पृ. १३) । प्रस्तुत साक्ष्यलाई हेर्दा पितृसत्तात्मक सामन्ती प्रवृत्तिभित्र वर्गीय आधारमा पनि नारी शरीरको दोहन गरेको पाइन्छ । यहाँ धनी वर्गको सुवर्णले ताराको भिनाजुसँग ताराको शरीर खरिद गरेको देखिन्छ । यसरी पितृसत्तात्मक समाजमा निम्न वर्गका महिलाको शरीरलाई बिक्री गर्ने वस्तु बनाएर उच्च वर्गका पुरुषले नारी शरीरको शोषण गरेको पाइन्छ ।

पितृसत्तात्मक समाजमा महिलाहरू सापेक्षित रूपमा पुरुषभन्दा शक्ति, इज्जत र आम्दानीका हिसाबले तल्लो स्तरमा रहेका हुन्छन् । महिलाहरूको शरीर श्रममा पनि शोषणमा परेको हुन्छ । पितृसत्तात्मक समाजमा महिलालाई घरभित्रका अनुत्पादक काम छोराछोरी हुर्काउने, खाना बनाउने, घर सफा गर्नेजस्ता काममा श्रम गर्न लगाइन्छ । यसको विपरित पुरुषहरू घरबाहिर निस्किएर जागिर खाने, व्यापार व्यवसाय गर्ने अनि आर्थिक उपार्जन गर्ने काममा श्रमको प्रयोग गर्छन् । जसले गर्दा समाजमा उनीहरूको हैसियत राम्रो देखिन्छ । महिलाहरूले श्रम गरे तापनि आर्थिक उपार्जन नहुने भएकाले समाजमा उनीहरूको हैसियत कमजोर रहेको पाइन्छ । यस उपन्यासकी नारी पात्र तारालाई पनि उसको पतिको घरमा अत्यधिक श्रम गराएर उसको शरीरको शोषण गरेको कुरा यस साक्ष्यले प्रस्ट पारेको छ :

> म आउनासाथ घरमा काम गर्ने न्यानीले बिदा पाएकी रहिछ । रोजगारीबाट सधैंका लागि छुट्टी ! एक दिन न्यानी आफ्नो बाँकी सामान लिन आएकी थिई । त्यो बेला मेक्सिकन न्यानीले अङ्ग्रेजी र इसारा मिसाएर सुटुक्क सोधेकी थिई, हप्तामा कति दिँदै छन् तिमीलाई ? नयाँ मान्छेलाई यिनीहरू ठग्छन् । काम साह्रै धेरै छ । विचार गर्नु । (कार्की, २०७०, पृ.४६)

प्रस्तुत साक्ष्यलाई हेर्दा सुवर्णको घरमा राम्रो पारिश्रमिक दिएर घरको काम गर्ने मानिस राखेको देखिन्छ । तारा त्यो घरमा भित्रिएपछि घरका सारा काम उसलाई सुम्पिने उद्देश्यले न्यानीलाई कामबाट अवकाश दिइन्छ । तारा त्यही घरकी सदस्य भए तापनि सुवर्णको परिवारले त्यो हैसियत नदिएका कारण न्यानीले उसलाई नयाँ कामदारका रूपमा हेरेकी छे । पितृसत्तात्मक सोचकै कारण सुवर्णकी आमाद्वारा तारालाई घरका सारा काम खाना पकाउने, घर सफा गर्ने, छोराछोरी हेर्ने, देवर देवरानी तथा सासु ससुराको ओच्छ्यान मिलाउने, लुगा धुने, भाँडा माझ्ने मेसिन चलाउने, भ्याकुम लगाउने आदि काममाआफू हाकिमझैं गरी ताराको शरीरको मालिक बनेर निर्देशन दिने काम गरेको पाइन्छ । हरेक शुक्रबार देखि शनिबार सम्मको रात्रीभोजको आयोजना गरी सम्पूर्ण कामको कार्यान्वयनमा महिला शरीरलाई मात्र प्रयोग गरेर राजनीति गरिएको प्रस्ट हुन्छ ।

### २.९ धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

समाजमा जो शक्तिमा छ, त्यसले नै अरुको शरीरमाथि धर्म र संस्कृतिलाई आधार मानेर राजनीति गरेको पाइन्छ । नेपाली समाजलाई हेर्दा सदियौंदेखि पितृसत्ता शक्तिमा रहेका कारण यसले महिला शरीरलाई धर्म र संस्कृतिलाई हतियार बनाएर राजनीति गरेको पाइन्छ । तेस्रो विश्वका अधिकांश देशहरूमा धर्म र संस्कृतिलाई सामाजिक र राजनीतिक सम्बन्धसँग जोडेर लैङ्गिक विभेदीकरण गर्दै महिला शरीरलाई नियन्त्रण गर्ने विवरणात्मक सङ्केतहरू स्थापित गरेको पाइन्छ (कार्टक, २००६, पृ.१४) । पितृसतात्मक समाजले धर्म, संस्कृति, रीतिरिवाजका आधारमा पुरुष र महिलाले गर्ने काम तोकेर महिलालाई तिनै नियमअनुसार हिँड्न बाध्य बनाउँछ । पितृसत्तात्मक विचारधाराले सामाजिक प्रणालीहरूलाई कायम राख्न र मानिसहरूको दिमाग नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

पितृसत्तात्मक समाजमा धार्मिक तथा सांस्कृतिक मान्यतामा महिलालाई परिवार तथा समाजले दोस्रो दर्जाको रूपमा हेर्ने गर्दछ । एकै बाबुआमाका सन्तानमा पनि धार्मिक कार्यहरूमा

छोरालाई काखा र छोरीलाइ पाखा गर्ने प्रचलन पहिले देखि नै चल्दै आएको पाइन्छ । यसै सन्दर्भमा ष्डानन्द पौड्याल लेख्छन् :

> बाबुआमाको मृत्युपछि कपाल खौरने र काजकिरिया गर्ने मानिस भनेको छोरो मात्र हो भनेर अर्थ्याउने पद्धति स्वयम्मा शरीर राजनीति गर्ने गतिलो औजार बनेको छ । घरमा छोरीहरू भए पनि शरीरको उत्तराधिकार ग्रहण गरेको छोरो विदेशमा रहेछ भो पनि उसैलाई बोलाउने र दाहसंस्कार गर्ने मान्यता सामाजिक व्यवहारमा प्रकट भएको विषय हो । (पौड्याल, २०७७, पृ. २२३)

शरीर राजनीतिको सुरुआत नै घरपरिवारबाट नै भएको हुन्छ । यसरी छोरा र छोरीलाई पृथक् मान्ने बित्तिकै यसले अन्य क्षेत्रमा पनि प्रभाव पार्न थाल्छ । पहिलो सनतान छोरो नै चाहिन्छ भन्ने हाम्रो समाजको मान्यता रहेको छ । पहिलो सन्तान छोरो भएमा त्यस्ता अभिभावकलाई भाग्यमानी मान्ने प्रचलन हाम्रो समाजको रहेको छ । यसले गर्दा छोरीलाई गर्भमै भ्रुण हत्या गरी छोरो नै जन्माउने परिपाटीले पनि प्रश्रय पाइरहेको छ । यो महिलाको शरीरमाथि हुने राजनीतिको गतिलो उदाहरण हो ।

धर्मले महिलालाई अछुत पनि बनाइदिने प्रचलन रहेको छ । रजस्वला भएको चारदिनसम्म अपवित्र मानेर घरबाट टाढा राख्ने चलन छ । पहिला चोटी रजस्वला भएकी नारीले सूर्यको दर्शन गर्न नहुने, घरमा टेक्न नहुने, बाबु तथा दाजुभाइको अनुहार हेर्न नहुने भन्ने परम्परागत मान्यता रहेको छ र यी सबैबाट लुकाएर बन्द कोठामा राख्ने चलन छ । यसरी धर्मका नाममा शरीरको विभेद गर्ने प्रचलन पनि शरीर राजनीति हो । विशेष गरेर महिला शरीरलाई ध्यानमा राखेर विभिन्न खालका मान्यता र परम्परा निर्माण गरिए र तिनकै आधारमा महिला शरीर दमित हुन थाल्यो । परम्परा कै नाममा महिला शरीरलाई देवत्वकरण गर्दै कन्या, कुमारी बनाइयो र दान गर्ने वस्तु तथा मन्दिरमा चढाइने वस्तुका रूपमा प्रयोग गर्न थालियो ।

## २.१० नीलम कार्की 'निहारिका' का उपन्यासमा धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

समाज विभिन्न सामाजिक संस्कार, मान्यता, आस्था र विश्वासमा अडेको हुन्छ । सामाजिक मान्यता र संस्कारका आधारमा सामाजिक चिन्तन विकसित हुन्छ । नेपाली समाज धार्मिक, सांस्कृतिक र पारम्परिक मान्यतालाई आत्मसात् गर्दै अघि बढेको समाज हो । यिनै धार्मिक, सांस्कृतिक मान्यतालाई अघि सारेर पितृसत्ताले सामाजिक विचारधाराको

निर्माण गरेको छ । यस्ता सामाजिक, सांस्कृतिक विचाधाराबाट महिलाको शरीर पनि अछुतो रहन सकेको छैन । धर्म तथा संस्कृतिले सामाजमा स्थापना गरेका विवाह, जन्म, मृत्यु, विधवाजस्ता मान्यताले महिलाको शरीरप्रति दमन गरेको छ । समाज लामो समयदेखि पितृसत्ताबाट निर्देशित भइरहेको छ। घरको निर्णयमाथि पुरुषको एकाधिकार रहेको हुन्छ अनि परिवारभित्रको शक्तिसम्बन्ध पुरुषकै प्रभुत्वमा रहेको हुन्छ । यही सामाजिक परिवेशका कारणले गर्दा *चीरहरण* उपन्यासकी पात्र कुन्तीले आफू कुमारी अवस्थामै रहँदा जन्म दिएको नवजात शिशुलाई त्याग गर्नुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भएको छ । दुर्वाशा ऋिषिले दिएको मन्त्रलाई अज्ञानवश प्रयोग गर्दा कुन्तीले कुमारी अवस्थामै पुरुष संसर्गबाट जन्माएको शिशु कर्णलाई लोकलाज र परम्पराको डरले गंगामा विसर्जन गर्न विवश भएको कुरालाई कुन्तीद्वारा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> अन्ततः पिताश्रीको नाम-इज्जत सम्झिएँ । आफूमाथि लाग्ने लाञ्छना सम्झेँ । पुत्रभन्दा इज्जत प्रिय भनी रोजेँ, इज्जतभन्दा प्राथमिकतामा केही हुने देखिनँ । .... पुत्र-जन्मको समयमा सहयोगीहरूले लिई आएको सन्दुक त्यहीँ थियो । त्यसमा पुत्रलाई राखेँ, उनी रोइरहेका थिए, परन्तु दह्रो हृदय बनाएर भागीरथीको जलप्रवाहमा पुत्र राखेको टोकरी छाडिदिएँ । ढकनीको छिद्रबाट पुत्रको रोदन आइरहेको थियो, श्रवण गर्न नसकी म दूर भागेँ । (कार्की, २०७२, पृ. २११)

प्रस्तुत उदाहरणमा कुन्तीको सम्पूर्ण क्रियाकलाप पितृसत्तात्मक समाजकै निर्देशनबमोजिम छन् । अविवाहित अवस्थामा आफूले नचाहँदा नचाहँदै सूर्यबाट जबर्जस्ती गर्भधारण गर्नु, सन्तानलाई जन्म दिएपश्चात् समाजकै डरले आफ्नो सन्तानलाई गंगामा बगाइदिनु, जीवनभर सन्तान वियोगमा छटपटाउनुका पछाडि पितृसत्तात्मक समाज नै कारण बनेको छ ।

पितृसत्तात्मक सामाजिक सांस्कृतिक चरित्रका आडमा पुरुषले नारी शरीरमाथि नियन्त्रण गर्दछ । नेपाली सामाजिक सांस्कृतिक परम्पराहरू पितृसत्तात्मक छन् । तिनै पुरुष निर्मित संस्कृतिका आडमा महिला शरीर शोषित भइरहन्छ । यस प्रसङ्गलाई यस साक्ष्यले पुष्टि गर्छ : “खोपीको माली निकालेर तुलसाको बाको गोडामा चिल्लो घस्न थालेँ । ....दुबै गोडा एकै ठाउँ पारेर ढोग गरेँ” (कार्की, २०७४, पृ. ३०) । प्रस्तुत उदाहरणबाट महिलाले घरका सदस्यहरूको सेवा र सत्कार गर्नुपर्छ भन्ने मान्यता तत्कालीन नेपाली समाजको

रहेको देखिन्छ । महिलाहरू पुरुषका सेवक हुन् र उनीहरूको शरीर मेसिनझैँ चौबिसै घन्टा चल्न सक्छ, उनीहरूले  दिनभरि शारीरिक श्रम गरेर बेलुका पकाइ तुल्याइ, खुवाइ सबै काम सकेर सुत्ने बेलामा पतिका गोडामा तेल लगाइ सेवा गर्नुपर्ने सामाजिक मान्यताले महिलालाई पुरुषको सेवकका रूपमा लिएको छ । यहाँ गंगाले दिनभरि पतिसरह काम गरेर मध्य रातसम्म पनि परिवार तथा पतिको सेवा गरेकी छ, तर उसको बारेमा अग्निधरले केही गरेको देखिँदैन । पितृसत्तात्मक सामाजिक सांस्कृतिक चरित्रले महिलाले पतिले खाइसकेपछि मात्र उसले खाएको जुठोपुरो खानुपर्ने सामाजिक परम्राको नीति बनाएको छ । यस प्रसङ्गमा यस उपन्यासकी पात्र गंगाको कथन सान्दर्भिक देखिन्छ : “खाएर पुरो र’को थाली मतिर सरक्क सर्काएर जुरुक्क उठे तुलसाका बा । अनि मैले तातो पानी टक्र्याएको सानो कासको अम्खोरा टपक्क टिपी जस्केलोबाट बाहिर निस्किए” (कार्की, २०७४, पृ. २८) ।

पितृसत्तात्मक ब्राह्मणवादीहरूको थिचोमिचो र विभेदपूर्ण व्यवहारमा नारी शरीर सदियौँदेखि दमित हुँदै आएको छ । धर्म र पुराणका हतियार बनाएर ब्राह्मणवादी पितृसत्ताले नारी देहको चरम शोषण गर्ने विचारधाराको निर्माण गरेको पाइन्छ । *योगमाया* उपन्यासमा तत्कालीन समयमा पतिले पत्नी छँदा नै जति ओटी पत्नी पनि विवाह गर्न पाउने तर पत्नीले पतिको मृत्युपश्चात् ज्युँदै चितामा जल्नुपर्ने नीतिको निर्माण गरेर पितृसत्ताले महिला शरीरको दोहन गरेको प्रसङ्ग यसरी अभिव्यक्त गरिएको छ : “थिचोमिचो तरह-तरहका ! मासिने जनानाकै शरीर । जिउँदै जलाउने भनेपछि कहाँसम्मको अत्याचार होला ? मनमा हरि नभएकाहरू । छोराले जिउँदी आमा पोल्छन् । जिउँदी आमा पोल्ने आत नकाँप्दो हो ? आफ्नी जननीको जिउँदो शरीरमा आगो सल्काउन कसरी मानेका मर्दानाका ती हातहरू” ( कार्की, २०७४, पृ. १७७) । यस उदाहरणमा महिलाको बाँच्न पाउने अधिकार पनि पितृसत्ताले समाप्त गरिदिएको छ । पितृसत्ताले आफैँले नौ महिनासम्म कोखमा राखेर जन्म दिई हुर्काएका छोराहरूलाई आमाको रक्षा गर्नुको सट्टा जिउँदै आगामा राखेर आमाको अस्तित्व समाप्त गर्न अनुमति दिएको छ । तत्कालीन नेपाली महिलामाथि पुरुषहरूले कठोर नियम बनाएर आफू मरेर जाँदा पनि स्वर्गमा पत्नी चाहिने र सती गए मात्र स्वर्गमा सँगै रहने धार्मिक अन्धविश्वासका कारण महिलाको शरीरलाई जिउँदै जलाएर दमन गरिएको पाइन्छ ।

पितृसत्ता अत्याचारी सामाजिक व्यवस्था हो । यसले धर्मलाई पनि आफ्नो प्रभुत्वमा राखेर आफू अनुकूल धार्मिक विचारधाराको निर्माण गर्छ । यसले छोरीलाई दान गर्ने वस्तुका रूपमा व्याख्या गर्छ । कन्यादान गरेमा पुण्य कमाइन्छ, छोरीको विवाह रजस्वला हुनु पूर्व नै गरिदिनुपर्छ नत्र पाप लाग्छ भन्ने मान्यता धर्मले राख्छ । त्यसैले लोग्ने जतिसुकै उमेरको होस्, विवाहित अथवा अविवाहित बालकैमा रजस्वला हुनुपूर्व नै छोरीको विवाह गरिदिने चलन तत्कालीन समयमा रहेको पाइन्छ । यस उपन्यासमा प्रस्तुत पात्र नैनकला आफूभन्दा ठूला छोरा भएका र पत्नी वियोग परेका हजुरबाको उमेरका व्यक्तिसित बिहे गर्न बाध्य भएर वालविधवाको जीवन व्यतित गर्ने प्रतिनिधि पात्र हो । यस कुरालाई प्रस्ट पार्न योगमायाले आफ्नी छोरी नैनकलाप्रति सङ्केत गरेको यो प्रसङ्ग उल्लेखनीय छ : “नाबालिकहरूको वृद्धसँग पनि विवाह भएको छ । कतिलाई कमलो उमेरमै विधवा जीवन बाँच्न परेको छ” (कार्की, २०७४, पृ. १७९) । नेपाली समाजमा विधवालाई उनका रङ्गीन चाहनाबाट बन्चित गराइ वैधव्यको कठोर अनुशासनभित्र कैद गर्ने तथा विभिन्न सामाजिक लाञ्छना लगाउनेजस्ता घृणित कार्य हुने गरेका छन् । यस्ता कार्यले नाबालिक तथा महिलाहरूको जीवन जविन बर्बाद भएको र यसको जिम्मेवार पितृसत्तात्मक रुढ संस्कार नै रहेको छ । यसले प्रत्यक्ष प्रभाव महिला शरीरमा नै पारेको छ दमन गरेको छ । पत्नीको मृत्यु भए पतिले पैँतालिस दिन नकट्दै विवाह गर्ने तर महिलाले पतिको मृत्यु भएमा जीवनभर वैधव्यको जीवन बाँच्नुपर्ने र सामाजिक लाञ्छना सहनुपर्ने बाध्यात्मक परिस्थिति रहेको प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत गरिएको छः

> विधवा भएर बस्न कति गाह्रो छ यो समाजाँ । उठ्दै पोइटोकुवी, बस्दै अलच्छिनी ! हेला कति हो कति ! शुभकार्ज्यमा सरिक गराइन्न । विधवाले शुभकाज्य हेऱ्यो भने समेत अपसगुन मान्छन् । साइतमा देख्यो भने पनि अपसकुन रे नरक बनाइदिन्छन् विधवाको जीवन । जोइ अघि मरेकी छ भने पोइलाई जोइटोकुवा त भनिँदैन नि । अलच्छिनो पनि भनिन्न । तिनलाई कहिले हेला गरिन्न । बरु नरसिङ्गा फुकेर, बाजा ठाकेरै अर्को बिहे गर्न छुट दिइन्छ; गरिदिइन्छ बिहे फेरि जग्गे थापेर, जन्तेबाखो पनि खाएर । (कार्की, २०७४, पृ. १७९-१८०)

उपर्युक्त साक्ष्यलाई हेर्दा महिलाहरूले वैधव्य जीवनमा अनेक सामाजिक लाञ्छना भोग्नुपर्ने, आफ्नै कालगतिले मृत्यु भएको लोग्नेको मृत्युको कारक बनेको आरोप खेप्नुपर्ने, सामाजिक शुभकार्यहरूमा तिरस्कृत हुने तथा अपसकुन हुने मान्यता नेपाली समाजमा रहेको

छ । पुरुषले चाहिँ पत्नी मरेको पैंतालिस दिन पछि बाजा बजाएर बिहे गर्न हुने, समाजबाट तिरस्कृत नहुने, उल्टै उनीहरूकै गुणगान गाउने सामाजिक परम्पराले महिलालाई दोस्रो दर्जाको व्यक्तिका रूपमा हेरेको छ । पितृसत्तात्मक सामाजले निर्माण गरेको यस्तो बिषम सामाजिक संस्कारमा महिला शरीर नै दमनमा परेको छ ।

ब्राह्मणवादी पितृसत्तात्मक सामन्ती वर्चस्वका कारण तथाकथित प्रवृत्तिभित्र जातीय आधारमा पनि महिला शरीर दमनमा परेको देखिन्छ । नेपाली ब्राह्मण समाजमा कन्यादान गरेर दिएको घरमा नबसेर वा विधवाले अर्को पुरुषसँग विवाह गर्ने महिलाको जात झर्ने समाज निर्मित कानुन रहेको छ । यही कानुन अनुसार दोस्रो विवाह गर्ने महिलाको शरीर अछुत बन्छ र आफ्नै माइतीको भान्साबाट अलग्याइन्छ । यहाँ अग्निधरले आफ्नो पनि जात खस्ने डरले दोस्रो विवाह गरेकी आफ्नै दिदी योगमायालाई भान्सामा जान रोक लगाएको तथ्य सान्दर्भिक देखिन्छ :

> तुलसाका बाले घरमाथिको बारितिर र तलबाछ आउने बाटातिर हेरेर बिस्तारै भने, तँ किन अबुझ बन्छेस् ? दिदीलाई भान्छामा मिसाउन मिल्दैन । मायामा काया हाल्न सकिन्न गङ्गा । के गर्छेस् समाजमा बसेपछि यहीँको चलनमा चल्नपर्छ । दिदीलाई कोही छेत्रिनी भन्छन्, कोही जैसिनी । अब उपाध्यायको भान्छामा तिनलाई बसाल्न मिल्दैन । हाम्रो पनि जात काट्न लागे भने के होला ? (कार्की, २०७४, पृ. ६७-६८)

प्रस्तुत उदाहरणमा तत्कालीन नेपाली समाजमा महिलाले बाल्यकालमै पतिको मृत्यु भएमा जीवनभर उनीहरूकै सत्मा बस्नुपर्ने, विवाह गरिहालेमा समाजबाटै बहिष्कृत हुनुपर्ने तथा ब्राह्मण उपाध्याय कुलमा जन्मे पनि जैसीमा जात खस्ने र भान्साकाटै अलग्गिनु पर्ने परिस्थिति पितृसत्तात्मक समाजले निर्माण गरेको छ । यहाँ भाइ अग्निधरमा रहेको पितृसत्तात्मक चिन्तनका कारण अर्को विवाह गरी जात खसेर जैसिनी भएकीले योगमायालाई चुलामा जान निषेध गरिएको छ । समाजले बसाएको विभेदयुक्त नीतिका कारण एउटै कोखबाट जन्मिएका दिदी र भाइका बिचमा महिला शरीर शोषणमा परेको पाइन्छ ।

पितृसत्तात्मक सामाजिक सांस्कृतिक संरचनाले शिक्षामा पनि छोरा र छोरी तथा नारी र पुरुषमा विभेद गर्छ । शुद्र र महिलाले वेद सुन्न हुँदैन, सुन्यो कि खत्तम हुन्छ भनियो । पितृसत्ताले शिक्षाको शक्ति बुझेका कारणले महिला र शुद्रले पढ्न थाले भने त पितृसत्ता समाप्त हुन्छ भनेर महिलालाई पढ्न दिइएन । छोरालाई पढाउने, उच्च शिक्षा

अध्ययनका लागि घरबाहिर पठाउने तथा छोरीलाई घरका काममा लगाउने गरेको पाइन्छ । "एकै कोखका सन्तान भनेर के भन्नु भाइ मेरा पढेका छन्" (कार्की, २०७४, पृ. ७१) । गङ्गाद्वारा व्यक्त गरिएको प्रस्तुत तथ्यलाई हेर्दा तत्कालीन नेपाली समाजमा एकै बाबुआमाका छोराछोरीमा छोरालाई सुशिक्षित बनाउने तर छोरीलाई घाँस दाउरा, मेलापात तथा घरभित्रका काममा लगाएको देखिन्छ । एकै कोखबाट जन्मिए पनि भाइ पढेर ठूला पण्डित भएको र आफू छोरी भएर पढ्न नपाएको गुनासो गङ्गाले गरेकी छिन् । पितृसत्तात्मक सोचका कारण छोरालाई पढाएर वेद पढ्न सक्ने बनाउनुपर्दछ तर छोरी अर्काको घर जाने जात पढेर के काम घरको काम सिक्नुपर्दछ भन्ने धारणा रहेकोले नपढाएको माथिको वाक्यबाट प्रस्ट हुन्छ । छोरी मान्छेलाई पढायो भने बाठा हुन्छन् र पितृसत्ता कमजोर हुनपुग्छ भन्ने मानसिकताका कारण पनि छोरी शिक्षाबाट वञ्चित भएका छन् । यहाँ पढेलेखेका सरकारी अधिकारीलेसमेत महिलाले पढ्न अघि सर्दा होच्याएर व्यवहार गरेको प्रसङ्ग उल्लेख गरिएको छ : "दुखुनाले पढ्न तम्सेकाले खिसिटिउरी गरी मुख छोपेर हाँसे अधिकारी खितिति" (कार्की, २०७४, पृ. ४५८) । यस प्रसङ्गबाट पितृसत्ता महिलालाई लेखपढ गर्नबाट वञ्चित गरी आफू शक्तिमा रहेर महिलामाथि शोषण गरिरहन चाहन्छ भन्ने कुरा प्रस्ट हुन्छ ।

"पितृसत्ता महिलामाथिको शोषण र दमनको प्रमुख कारक हो । पितृसत्ता एउटा संरचना हो जसमा पुरुषले महिलालाई संस्थागत रूपमै दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ" (भट्टराई, २०६८, पृ.२६६) । पितृसत्ताले महिलाको मानसमा पनि पुरुषले महिलाका लागि बनाएका नियमहरू न्याय सङ्गत नै छन् भन्ने भ्रम सिर्जना गरिदिएको हुन्छ र महिलाहरू तिनै नियमहरू पालना गर्न अग्रसर देखिन्छन् । यहाँ गङ्गाले छोरी तुलसालाई आवाज निकालेर हिँडेको सन्दर्भमा प्रस्तुत गरेको "सुस्तरी हिँड केटी मान्छेले पैताला बजाको निको होइन" ( कार्की, २०७४, पृ. २९) । भन्ने भनाइमा उसमा पितृसत्तात्मक चिन्तन रहेको कुराको पुष्टि हुन्छ । नेपाली समाजमा छोरा र छोरीले यापन गर्ने जीवनशैली नै फरक फरक हुनुपर्ने कुरामाथि जोड दिएको पाइन्छ । छोराले जस्तोसुकै तरिकाले हिँडे, खाए पनि राम्रै हुने तर छोरीले पाइलापाइलामा सावधानी अपनाउनुपर्ने, महिलाको शरीरले हिँड्दा तथा खाँदा आवाज निकालेमा अलच्छिन लाग्ने मान्यताले महिलामा पनि भ्रम सिर्जना गरिदिएको छ र उनीहरूले छोरी पुस्तामा त्यही चिन्तन हस्तान्तरण गर्दै आएका छन् । घरभित्रका कामहरू

पकाउने, घर सफा गर्ने, लिपपोत गर्ने काम छोरीले मात्र गर्नुपर्छ भन्ने गङ्गामा आएको सोच पितृसत्तात्मक सोच हो । उपन्यासमा गङ्गाले छोरीलाई भनेको यो तथ्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ: "यसो सघाउली भनेको सानो भाइ जसोजसो गर्छ उसै उसै खोज्छे छोरी भएर" (कार्की, २०७४, पृ. २८) । प्रस्तुत तथ्यलाई हेर्दा नेपाली समाजमा छोराले उपभोग गर्ने सुख सुविधा छोरीले उपभोग गर्न पाएका छैनन् । छोरी भएपछि दासीलेझैँ घरायसी काममा चुर्लुम्म डुब्नुपर्ने, दाजुभाइले खाएका जुठाभाँडा माझ्ने, उनीहरूका लुगा धुनेजस्ता घरव्यवहारका कामहरू सम्पन्न गर्नुपर्ने भएकाले ऊ जीवनभर बाँधिन्छे । यसरी सानैबाट घरायसी काममा पोख्त नभएमा विवाहपश्चात् पतिका घरमा गएर दुःख पाइने कुरा गङ्गाले उपन्यासमा यसरी व्यक्त भएको छ : "हेर ढङ्ग । सबै छरियो । पोइको घर खाने बेला भइसक्यो ढङ्ग भने यस्तो छ । कस्ती हामाले हुर्काएकी छोरी भन्ने अबगाल आउने मलाई त हो पछि" (कार्की, २०७४, पृ. ७५) । यस सन्दर्भलाई हेर्दा छोरीको बाल्यकाल बालमैत्री बन्न सकेको देखिँदैन । महिलामा रहेको पितृसत्तात्मक चिन्तनका कारण आमाले सानै उमेरबाट पतिका घरमा कामका लागि योग्य बनाउने तालिम दिइन्छ । बाल्यकालको रङ्गीन जीवनको मुखसम्म देख्न नपाइ उनीहरूको शरीर काममा मात्र जोतिइरहन्छ । गङ्गाले पनि छोरीलाई सानैबाट घरायसी काममा लगाई उसको शरीरको शोषण गरेको देखिन्छ ।

## २.११ लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

मानिस जन्मँदा पुरुष र महिलाको जैविक शरीर संरचना फरक हुन्छ । यही जैविक भिन्नताबाट सुरु भएको महिला र पुरुषको परिचयलाई सामाजिक, सांस्कृतिक मान्यताले अलग अलग भूमिकामा स्थापित गरिदिन्छ । समाजद्वारा निर्मित महिला तथा पुरुषको भूमिकालाई नै लैङ्गिकता भनिन्छ । "समाजमा पुरुष र महिलाका बिचमा सामाजिक सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा लैङ्गिक विभेदको जन्म भएको कुरा पुरुष र महिलासँगका परम्परागत व्यवहारले प्रष्ट्याउँछन्" (भट्टराई, २०७७, पृ. १३५) । मानव शरीरको लिङ्गगत संरचनात्मक भिन्नतालाई नै परिचयको आधार बनाएर यसप्रति सामाजिक व्यवहार पनि फरक फरक हुन थाल्यो । महिला शरीर र पुरुष शरीरको भावना एकै भए पनि महिलाको पृथक् शरीर संरचनालाई केन्द्र बनाएर समाजले महिला शरीरप्रति विभेद गर्न थाल्यो । विशेष गरेर महिला शरीरलाई ध्यानमा राखेर विभिन्न खालका मान्यता र परम्परा निर्माण गरिए र तिनकै आधारमा महिला शरीर दमित हुन थाल्यो ।

परम्परा कै नाममा महिला शरीरलाई देवत्वकरण गर्दै कन्या, कुमारी बनाइयो र दान गर्ने वस्तु तथा मन्दिरमा चढाइने वस्तुका रूपमा प्रयोग गर्न थालियो ।

महिलाहरूको शरीर गर्भावस्थादेखि नै शोषित बन्न पुगेको छ । गर्भधारण गर्नु र त्यसलाई सुरक्षितसाथ जन्म दिनु महिलाको शरीरसँग सम्बन्धित विषय हो । पितृसत्ताले आफ्नो गर्भमा रहेको शिशुलाई जन्म दिने वा नदिने भन्ने विषयमा निर्णय गर्ने अधिकारबाट महिलालाई बन्चित गरेको छ । पितृसत्ताको दवदवाका कारण गर्भावस्थामा नै लैङ्गिक पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने तथा छोरी जन्माए पनि छोरी जन्माएकै कारण आमा छोरी दुबैको शरीरप्रति विभेद गर्ने प्रवृत्ति नेपाली समाजमा रहेको छ । वैज्ञानिक तथ्यलाई हेर्ने हो भने छोरा वा छोरी जन्मिने कुरामा महिलाको नभइ पुरुषको भूमिका रहन्छ । पुरुषले सुरक्षित राखेर जन्माउन दिएको अधिकार मात्र उपयोग गरेकी नारी छोरी जन्माएपछि अपहेलित हुने र छोरी शिशु अवस्थादेखि नै तिरस्कृत भई त्याग गर्ने परिपाटी पितृसत्तात्मक समाजमा व्याप्त रहेको छ ।

नारी शरीर रजस्वला भएको समयमा अछुत मानिन्छ । यस समयमा नारी शरीर कमजोर हुने भएकाले उसलाई कुनै पनि घर तथा घरबाहिरका काममा लगाउन नहुने परम्परागत मान्यतालाई टेकेर समसामयिक युगमा आइपुग्दा पनि सृष्टिको द्योतक रजस्वलालाई अपवित्र, अछुत मान्ने सामाजिक पद्धतिको विकास भएको छ । सामाजिक पद्धति भनेको समाजले निर्धारण गर्ने मान्यतामा आधारित रहने विषय हो । रजस्वलाका विषयमा फरक भूगोल, फरक जात तथा धर्ममा पनि समानता पाइँदैन । यो विषयलाई समाजले आफू अनुकूल व्याख्या गर्ने गरेको पाइन्छ । भान्सा तथा पुरुषहरूलाई छुन नहुने, मन्दिर जान नहुने तर श्रमका कामहरू गर्न चाहिँ हने मान्यताले महिला शरीर रजस्वला भएको समयमा अछुत भएर काममा जोतिनुपर्ने सामाजिक विधान पितृसत्ताले निर्माण गरेको छ । त्यही रजस्वलाका कारण जन्मिएको छोराबाट पनि आमा अछुत बन्छे, यो विषय नेपाली समाजको बिडम्बना रहेको छ ।

पितृसत्तात्मक समाजले नारी शरीरलाई दासीका रूपमा पनि परिभाषित गरेको छ । नारी शरीरलाई दासी बनाउने र उसबाट सन्तान जन्मिए पनि कुनै प्रकारको अधिकार प्राप्त गर्न नसक्ने परम्परा पनि रहेको थियो । यो परम्पराबाट नेपाली नेपाली साहित्य प्रभावित रहेको छ । तत्कालीन सामाजिक परम्परामा दासी भनेका एकप्रकारले खेलौनासरह ठानिने मानिस हुन् । शक्ति र सत्तामा रहेका राजा, महाराजा, मुखियाहरूले महिला शरीरलाई

दासीका रूपमा भोग्य वस्तु बनाएको पाइन्छ । उनीहरूको शरीरलाई वस्तुकरण गरी आफ्नो स्वार्थ अनुकूल भोग गरी स्वार्थ सकिएपछि वस्तुसरह मिल्काउनु महिलाप्रति गरिने चरम राजनीति हो ।

## २.१२ नीलम कार्की 'निहारिका' का उपन्यासमा लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

नीलम कार्की 'निहारिका' को *चीरहरण* उपन्यासमा पितृसत्तात्मक समाजले सिर्जना गरेको लैङ्गिक असमानताका कारण महिला पात्रहरू शोषणमा गर्नुका साथै पितृसत्ताले विभिन्न किसिमले उनीहरूको शरीरमाथि राजनीति गरेको पाइन्छ । पितृसत्ता परिवारमा हावी भएपछि नारीमाथिको दमन आफ्नै परिवारबाट सुरु हुन्छ । परिवारमा धर्म, लिङ्ग आदिका बाहानामा महिला शरीरमाथि शोषण, दमन गरिन्छ । प्रस्तुत उपन्यासमा पनि परिवारबाटै छोरा र छोरीमा कसरी भेदभावको क्रम सुरु भयो भन्ने कुरा सत्यवतीको यस कथनबाट प्रस्ट हुन्छ :

> निकटबाट नै देखेँ । मेरो जस्तै कालो वर्ण रहेछ दाजु मत्स्यको पनि । त्यसबखत कल्पिएँ म पनि पुत्र भई जन्मिएको भए दाजुछेउ त्यसरी नै उभिएको हुन्थेँ । त्यसैले भेषभूषामा, त्यहीँ सम्मानमा । दाजुँसँगसँगै खेल्दै-खाँदै हुर्कन पाउने थिएँ । महत्वपूर्ण कुरा, दाजुको स्नेह अनुभूति गर्न पाउने थिएँ । हामी दुईमा लिङ्गभेद भयो, त्यहीँ पृथकताले न्यायमा फरक हुन गयो चेदीराजाबाट (कार्की, २०७२, पृ. ३१) ।

यहाँ सत्यवती छोरी भएकै कारणले परिवारबाट अपहेलित भएर राज्यबाट निकालिएकी छ । माछोजस्ती काली र गनाउने शरीर भएकी मत्स्यगन्धालाई घरबाट निकालेर निषेध देशका दासराज र रानीलाई पालनपोषण गर्न दिइन्छ भने उसको दाजु मत्स्यलाई छोरो भएका कारण राज्यकै उत्तराधिकारी बनाइन्छ । यसरी महिला शरीर भएकै कारण आफ्नै बाबु आमाबाट मत्स्यगन्धा दमनमा परेकी छ ।

पितृसत्तात्मक समाजमा बाबु अर्थात् पुरुष सर्वेसर्वा हुन्छन् । बुबाको निर्णय नै परिवारका सदस्यले मान्नुपर्छ । पितृसत्तात्मक सामाजिक संरचनाले छोरीलाई बोझको रूपमा हेर्छ अनि छोरीको उमेर नै नपुगी सानैमा विवाह गरिदिएपछि आफ्नो कर्तव्य पूरा भएको सम्झिन्छ । यहाँ छोरीको नाबालक अवस्थामा विवाह गरिदिएपछि आफू जिम्मेवारी र दायित्वबाट मुक्त हुने पितृसत्तात्मक सोचका कारण श्रीमती तथा छोरीको रायबिना नाबालक

छोरी योगमायालाई हिँडेर तीन दिन लाग्ने ठाउँमा विवाह गरिदिएको तथ्य यसरी पुष्टि भएको छ :

नैनकलाजत्री थिएँ होला धोद्ले बिहे हुँदा । सप्पै त के जान्नु ? अलिअलि सपनाझैं सम्झन्छु ।....आमाहरूले कसार बनाको । मलखातछेउको हातो लागेको केराको थाम उखेलेर आँगनमा जग्गे बनाको... त्यहीँ बसेर पूजा गरेको...आमाले पिठ्युँमा बोकेर जग्गे घुमाको, पछि डहर कटाएर दगुराको... म झनै रोएकी... रुँदारुँदा निदीकी... अनि कता हो कता जङ्गलाँ टपरीमा मासुभात खाको सम्झना छ... जन्तेबाखो र'छ भनुम् न । मेरा बाआमाकहाँ जान्छु; आमा बोलाइदेउ भनेर रोएकी थेँ रे त्यो बेला । कतै बोक्दै कतै हिँडाउँदै लेर गाका । .. कुनै अलिकति आफैँ सम्झेका कुरा कुनै पछि पछि अरुबाट सुनेका कुरा हुन्....। (कार्की, २०७४, पृ. ७९)

यस उदाहरणमा पितृसत्तात्मक चिन्तनका कारण छोरीको सानै उमेरमा विवाह गरिदिए आफ्नो कर्तव्य पूरा हुने चिन्तन योगमायाका बाबुमा देखिएको छ । यसले गर्दा नाबालक छोरीमा अप्ठ्यारो स्थिति आउँछ, उसले दुःख पाउँछे भन्ने कुराप्रति वेवास्था गरिएको छ । श्रीमतीले त्यति टाढा छोरी दिँदा छोरीलाई गाह्रो हुने कुरा गर्दा बोलेको वचन फर्किंदैन भन्ने पुरुषवादी चिन्तन बाबुमा देखिन्छ । विवाह केहो, श्रीमान के हो, घर परिवार के हो ? भन्ने कुराको बोध समेत नभएका नाबालक छोरीले विवाहपछि धेरै श्रम गर्नुपर्ने, समयमा खान नपाउने, सानैमा बच्चा जन्माउनु पर्ने, समयमा सुत्न र उठ्न नपाउनेजस्ता समस्याको सामना गर्नुपर्ने छुन्छ । यहाँ यस उपन्यासकी पात्र योगमायाले पनि यस्तै किसिमको समस्या भोग्नुपरेको कुरा यसरी अभिव्यक्त गरिएको छ : “भोकका बेला खान दिन्नन्; काम मात्रै गराउँछन् । भाले नबास्दै उठाउँछन् । लिपपोत, पानी-पँधेरो घाँस-दाउरा, मेला-पात, गोठालो सबै गर्नुपर्छ । बिरामी भए पनि आज सन्चो छैन भन्न पाइन्न” (कार्की, २०७४, पृ. १०१) । यसमा कामलाई मात्र ख्याल गर्ने पितृसत्तात्मक समाजले नाबालक महिलाको शरीरलाई मिसिनझैं ठानेर साही अनुसारको व्यवहार गरेको छ । नाबालक मानव शरीर, त्यसमा पनि भर्खर जन्म दिने बाबुआमा छोडेर नयाँ पविवेशमा आएकी छे भन्ने कुराको हेक्का नै नराखी नारी शरीरलाई कमाइ खाने भाँडो बनाइएको छ । समयमा खान र पुग्दो निद्रासमेत सुत्न नदिई दिनरात श्रममा लगाएर यहाँ नारी शरीरको शोषण गरिएको छ ।

महिला अघि सरेर घरका बारेमा केही निर्णय लिन खोज्यो भने अलच्छिन लाग्ने सङ्केत गरिन्छ । यहाँ गङ्गाले पकाएको भात भान्जी नैनकलाले छोएको निहुँमा उनका लोग्ने अग्निधर रिसाउँदा गङ्गाले दिदी र नैनकलाको पक्षमा बोलेकाले अग्निधरले यस्तो जवाफ दिन्छन्: "यो घरका बारेमा तँ जान्ने भएर बोल्ने होइन अब । आइमाई जान्ने भा'को राम्रो हुन्न । कुखुरी बासेको कहीँ सुहाउँला ? यसै हो कुखुरी बास्दा निमोठेर धुरी कटाउने" ( कार्की, २०७४, पृ. १२२) ? पितृसत्तात्मक सोचले ग्रस्त अग्निधरका अनुसार घरका बारेमा बोल्ने अधिकार पुरुषको मात्र हुन्छ महिलाको हुन्न । महिलाले त पुरुषले भनेका कुरा खुरुखुरु गर्नुपर्ने, आफ्ना विचार राख्न नहुने, घर तथा समाजमा कहीँ निर्णयात्मक भूमिकामा रहनु नहुने विचार व्यक्त गरिएको छ । अग्निधरले महिला बोल्दा कुखुरा बासेको भन्दै महिलालाई कुखुरीको संज्ञा दिएका छन् । नेपाली समाजमा भलेले मात्र बास्नुपर्छ, पोथी बास्यो भने अनिष्ट हुन्छ भनी त्यसलाई निमोठेर मारिन्छ । अग्निधरमा पनि आफ्नी श्रीमतीलाई घरका बारेमा बोल्न नदिने र आफूले भनेको नै हुनुपर्छ भन्ने पितृसत्तात्मक चिन्तन हावी भएको पाइन्छ ।

"पितृसत्ता महिलामाथिको शोषण र दमनको प्रमुख कारक हो । पितृसत्ता एउटा संरचना हो जसमा पुरुषले महिलालाई संस्थागत रूपमै दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ" (भट्टराई, २०६८, पृ.२६६) । पितृसत्ताले महिलाको मानसमा पनि पुरुषले महिलाका लागि बनाएका नियमहरू न्याय सङ्गत नै छन् भन्ने भ्रम सिर्जना गरिदिएको हुन्छ र महिलाहरू तिनै नियमहरू पालना गर्न अग्रसर देखिन्छन् । यहाँ गङ्गाले छोरी तुलसालाई आवाज निकालेर हिँडेको सन्दर्भमा प्रस्तुत गरेको "सुस्तरी हिँड केटी मान्छेले पैताला बजाको निको होइन" ( कार्की, २०७४, पृ. २९) । भन्ने भनाइमा उसमा पितृसत्तात्मक चिन्तन रहेको कुराको पुष्टि हुन्छ । नेपाली समाजमा छोरा र छोरीले यापन गर्ने जीवनशैली नै फरक फरक हुनुपर्ने कुरामाथि जोड दिएको पाइन्छ । छोराले जस्तोसुकै तरिकाले हिँडे, खाए पनि राम्रै हुने तर छोरीले पाइलापाइलामा सावधानी अपनाउनुपर्ने, महिलाको शरीरले हिँड्दा तथा खाँदा आवाज निकालेमा अलच्छिन लाग्ने मान्यताले महिलामा पनि भ्रम सिर्जना गरिदिएको छ र उनीहरूले छोरी पुस्तामा त्यही चिन्तन हस्तान्तरण गर्दै आएका छन् । घरभित्रका कामहरू पकाउने, घर सफा गर्ने, लिपपोत गर्ने काम छोरीले मात्र गर्नुपर्छ भन्ने गङ्गामा आएको सोच पितृसत्तात्मक सोच हो । उपन्यासमा गङ्गाले छोरीलाई भनेको यो तथ्य प्रस्तुत गर्नु

सान्दर्भिक देखिन्छ : "यसो सघाउली भनेको सानो भाइ जसोजसो गर्छ उसै उसै खोज्छे छोरी भएर" (कार्की, २०७४, पृ. २८) । प्रस्तुत तथ्यलाई हेर्दा नेपाली समाजमा छोराले उपभोग गर्ने सुख सुविधा छोरीले उपभोग गर्न पाएका छैनन् । छोरी भएपछि दासीलेझैं घरायसी काममा चुर्लुम्म डुब्नुपर्ने, दाजुभाइले खाएका जुठाभाँडा माझ्ने, उनीहरूका लुगा धुनेजस्ता घरव्यवहारका कामहरू सम्पन्न गर्नुपर्ने भएकाले ऊ जीवनभर बाँधिन्छे । यसरी सानैबाट घरायसी काममा पोख्त नभएमा विवाहपश्चात् पतिका घरमा गएर दुःख पाइने कुरा गङ्गाले उपन्यासमा यसरी व्यक्त भएको छ द्धः "हेर ढङ्ग । सबै छरियो । पोइको घर खाने बेला भइसक्यो ढङ्ग भने यस्तो छ । कस्ती हामाले हुर्काएकी छोरी भन्ने अबगाल आउने मलाई त हो पछि" (कार्की, २०७४, पृ. ७५) । यस सन्दर्भलाई हेर्दा छोरीको बाल्यकाल बालमैत्री बन्न सकेको देखिँदैन । महिलामा रहेको पितृसत्तात्मक चिन्तनका कारण आमाले सानै उमेरबाट पतिका घरमा कामका लागि योग्य बनाउने तालिम दिइन्छ । बाल्यकालको रङ्गीन जीवनको मुखसम्म देख्न नपाइ उनीहरूको शरीर काममा मात्र जोतिइरहन्छ । गङ्गाले पनि छोरीलाई सानैबाट घरायसी काममा लगाई उसको शरीरको शोषण गरेको देखिन्छ ।

*योगमाया* उपन्यासमा प्रयोग भएका महिला पात्रहरूको शरीरमाथि पितृसत्ताबाट कुनै न कुनै कोणबाट राजनीति भएको छ । तत्कालीन समयमा पितृसत्तात्मक समाजले निर्माण गरेका विभिन्न भाष्यहरूका माध्यमबाट महिला शरीर शोषणमा परेको पाएन्छ । योगमाया, नैनकला, गङ्गा, दुखुना, तुलसा, आदि पात्रहरूको शरीरप्रति पितृसत्ताबाट स्थापित सामाजिक संरचना धर्म, संस्कृति, राजनीति, श्रम आदिका माध्यमबाट शोषण गरिएको छ । महिला शरीरलाई श्रममा जोताउने, बालविवाह गरिदिने, घर खान नसके सामाजिक लाञ्छना खप्नुपर्ने, धर्मका नाममा जिउँदै जलाउने, आजीवन वैधव्यको जीवन बाँचेर तिरस्कारपूर्ण जीवन बाँच्नुपर्नेजस्ता पितृसत्तात्मक सामाजिक व्यवस्थाले यस उपन्यासका महिलाहरूको शरीर दमन गरेको छ ।

## २.१३ निष्कर्ष

नीलम कार्की 'निहारिका' द्वारा लेखिएका अर्की आइमाइ, चीरहरण र योगमाया उपन्यासमा प्रयुक्त नारी पात्रहरूमाथि पितृसत्ताले गरेको दमन र उनीहरूको शरीरप्रति गरिएको राजनीतिको विश्लेयाण गरिएको छ । पितृसत्तात्मक समाजमा लामो समयदेखि नै

महिला शरीर शोषणमा पर्दै आएको पाइन्छ । अझ समयको गतिसँगै शोषणको आयाम पनि झन फराकिलो बन्दै गएको छ । सामाजिक र रानीतिक परिवर्तनसँगै मानिसमा भएको चेतनाले गर्दा महिलाहरूले स्वत्व, पहिचान र अधिकारका लागि आवाज उठाउन त थालेका छन् तर पनि नेपाली समाजमा महिलाको शरीरलाई हेर्ने दृष्टिकोणमा धेरै परिवर्तन भएको चाहिँ पाइँदैन । *अर्की आइमाई* उपन्यासमा नेपाली महिलालाई नेपालमा मात्र नभएर विदेशी भूमि अमेरिका लगेर पनि शोषण र दमन गरिएको छ । यस उपन्यासमा नारी शोषणका अनि नेपालको परिवेशमा केन्द्रित भएर लेखिएको यस उपन्यासका नारी पात्रहरू पितृसत्तात्मक चिन्तनबाट दमित भएका छन् । उनीहरूको शरीरलाई पितृसत्ताले श्रम, यौनिकता, प्रजनन्, आदिका माध्यमबाट नियन्त्रणमा लिएर शोषण तथा दमन गरेको छ ।

# तेस्रो परिच्छेद

# नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा नीलम कार्की 'निहारिका' का उपन्यासहरू *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यासमा महिला शरीरमाथि निर्वासनको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा अध्ययन गरिएको छ । निर्वासन शरीर राजनीतिको महत्त्वपूर्ण पक्ष हो । पितृसत्तात्मक समाजमा शक्ति र प्रभुत्व, राजनीतिक स्वार्थ, धार्मिक परम्परा, उपभोक्तावादी प्रवृत्ति, युद्ध, सामाजिक मूल्यमान्यता, वर्ग आदिका कारण महिला शरीर निर्वासित भएको पाइन्छ । यसरी निर्वासनमा परेको शरीरले कतै आत्मनिर्वासन कतै आन्तरिक निर्वासन त कतै बाह्य निर्वासनको अवस्थामा पुगी आफ्नो पहिचानसमेत गुमाउन पुग्छ । निर्वासन हुने क्रममा कहीँ महिलाहरू आफैँ स्वनिर्वासित भएको पाइन्छ भने कहीँ बाध्यात्मक निर्वासित भएको पाइन्छ । यहाँ कार्कीका उपन्यासमा युद्ध, सामाजिक परम्परा र उपभोक्तावादी संस्कृतिका कारण महिलाहरूको शरीर के कसरी निर्वासनको अवस्थामा पुगेको छ र महिला शरीरमाथि निर्वासनले के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अध्ययन गरिएको छ ।

## ३.२ युद्धका कारण महिला शरीरको निर्वासन

युद्ध भनेको परस्पर बिरोधी दुई पक्षका बिचमा एकले अर्कालाई दमन गर्ने, हराउने आदि उद्देश्यले गरिने आक्रमण हो । यो राज्य, सरकार, समुदायहरूका बीचको सशस्त्र द्वन्द्व हो । "समाज वा राष्ट्रमा रहेका स्रोत साधनहरूको असमान वितरण, अवसरहरूमा असमान पहुँच, शक्तिको असमान वितरण प्रयोग, दण्ड, न्याय एवम् पुरस्कारको असमान अनि विभेदपूर्ण वितरण, अल्पसङ्ख्यक एवम् सीमान्तकृत वर्गहरू बीच गरिने सामाजिक विभेदहरू युद्धका कारण हुन्" (लामा, २०७६, पृ. ८५) । युद्ध आफैँमा राम्रो होइन । यसले महिलाहरूको शरीरमाथि नकारात्मक प्रभाव पार्छ । शक्तिहरूको टकरावबाट योद्धाहरूले मानसिक आघात व्यहोर्नुपर्ने हुन्छ र यो आघातको असर शरीरमा पर्छ । युद्धमा महिला शरीर जोखिममा पर्ने गरेको छ । पहिलो र दोस्रो युद्धको असर महिलामा नै परेको थियो । महिला हिंसा र बलात्कारका घटनाहरू ह्वात्तै बढेर महिला शरीर बढी प्रभावित भएको थियो र बढी जोखिममा परेको थियो ।

निर्वासन भन्नाले आफ्नो घर, सहर, राज्यबाट टाढा हुनु हो भन्ने बुझिन्छ । राजनीतिक कारण अथवा गैरकानुनी काम गरेबापत सरकारबाट देश निकाला गर्नु निर्वासन हो । सांस्कृतिक अध्ययनमा निर्वासनले अलि व्यापक अर्थ राख्छ । विभिन्न कारणले व्यक्ति आफैँभित्र हराउनु, एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण हुनु र एउटा देशबाट अर्को देशमा स्थानान्तरण हुनु निर्वासन हो । “निवार्सनलाई आत्मनिर्वासन, आन्तरिकनिर्वासन र बाह्यनिर्वासन गरी अध्ययन गर्न सकिन्छ । आत्मनिर्वासन भन्नाले आफैँभित्र हराउनु भन्ने बुझिन्छ । त्यस्तै आन्तरिक निर्वासनले परिवार, समुदाय, समाज र राष्ट्रभित्रको निर्वासनलाई बुझाउँछ । बाह्यनिर्वासनले आफ्नो देश छोडेर अन्यत्र हुने निर्वासनलाई जनाउँछ” (पाण्डे, २०७६, पृ. ५५) । युद्ध, पितृसत्ता, शक्ति तथा प्रभुत्व, राजनीति, परम्परा आदिका कारण महिला शरीर निर्वासित भएको पाइन्छ । यसरी महिलाले आफ्नो शरीरलाई कतै स्वैच्छिक त कतै बाध्यात्मक रूपमा निर्वासन गराएर आफ्नो पहिचान गुमाएका छन् ।

पूर्वीय समाजलाई हेर्ने हो भने वाल्मीकिबाट रचित रामायणकालीन समयबाट नै युद्ध व्यहोर्नु परेको थियो भन्ने कुरा रामायणमा वर्णित रामचन्द्र र रावणको युद्धबाट बुझिन्छ । युद्ध भोग्दै जाने क्रममा महाभारतकालीन युगमा कुरुक्षेत्रको युद्ध भएको थियो । यो युद्ध कुरु साम्राज्यको सिंहासन प्राप्त गर्न कौरब र पाण्डवहरू बीचमा लडिएको युद्ध थियो । यी दुबै युद्धमा महिला शरीरहरू निर्वासित भएका थिए । नेपाली समाजले पनि विभिन्न समयमा युद्धको नमिठो अनुभव बटुल्दै आएको छ । यसका कारण धेरै महिलाहरू आन्तरिक तथा बाह्य निर्वासित भएका थिए । नेपाली आख्यानमा यस्ता युद्ध र निर्वासनका विषयले प्रश्रय पाउँदै आएका छन् । यसै सन्दर्भमा कुमारी लामाको विचार यस्तो रहेको छ :

> युद्ध शक्तिको टकराव हो, तर अमूर्त शक्तिको मूर्त रूप भन्नु योद्धाहरूले वेहोरेको शारीरिक र मानसिक आघातहरू हुन् । शारीरिक, मानसिक अभिघात युद्धसँगै निम्तिन्छन् र मृत्यु, स्थानान्तरण साथै युद्धका ती नमिठा सम्झनाहरू जसले जीवनलाई कायापलट गरिदिन्छन् । शरीर र युद्धको सम्बन्ध एकदम निकट छ त्यसमा पनि महिला शरीर झन बढी प्रभावित हुन्छन् । (लामा, २०७६, पृ. ८५)

युद्धको समयमा महिला शरीरप्रति यौन हिंसा हुने गरेको पाइन्छ । आइ. आर. आइ. एन. का अनुसार “युद्धको प्रभाव विशेष गरी महिलाहरूमा परेको हुन्छ, जसले यौन हिंसा निम्त्याउँछ । विशेष गरी युद्धबाट बाँचेर बलात्कारमा परेका महिला शरीरहरूले न्याय प्राप्त गर्न धेरै अवरोधहरू सामना गर्छन्” (आइ. आर. आइ. एन., २००४, पृ. ११) । युद्धमा

खटिएका सैनिक वा अन्य पुरुषहरूद्वारा महिलाको शरीर बलात्कृत हुने र युद्धपश्चात ती सैनिकहरू त्यहाँ नरहने हुँदा ती महिला शरीरले न्याय पाउन असम्भव देखिन्छ । बलात्कृत शरीरलाई समाजले स्वीकार नगर्ने हुँदा महिला शरीर निर्वासित हुन पुग्छ । यसै सन्दर्भमा मङ्कलर आफ्नो पुस्तक *द न्यु वार*मा लेख्छन् : "युद्धका समयमा धेरै महिलाहरू र बालिकाको बलात्कारपछि हत्या हुने गरेको छ । यदि तिनीहरू बाँचे भने गर्भवती हुन्छन् वा तिनका शरीर अपमानित हुन्छन्" (मङ्कलर, २००५, पृ. ८३) । रणभूमिमा उत्रिएका योद्धाहरूले युद्धको मातले महिलाको शरीरमा आफ्नो शक्ति प्रदर्शन गर्छन् । यसले गर्दा महिलाहरू बलात्कृत भई गर्भवती हुन पुग्छन् र समाजबाट तिरष्कृत हुने भएकाले त्यो ठाउँ नै छाडी निर्वासित हुन पुग्छन् ।

युद्धपछि महिलाहरूले त्यसको आघात सहँदै धेरै भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । युद्धमा दुई शक्तिको टकराव हुने भएकाले त्यहाँ रक्तपात मच्चिन्छ । रणभूमिमा मारिएका पुरुषका पत्नीहरूले आजीवन वैधव्यको जीवन बिताइ घरगृहस्थीको सम्पूर्ण अभिभारा लिनुपर्ने बाध्यता आइपर्छ । युद्धका कारण अपाङ्ग बनी बाँचेका सिपाहीको साहारा बन्नुपर्ने बाध्यता पनि महिला शरीरले भोग्नु परेको पाइन्छ ।

## ३.३ नीलम कार्की 'निहारिका' का उपन्यासमा युद्धका कारण महिला शरीर निर्वासन

नीलम कार्की 'निहारिका' का *अर्की आइमाई, चीरहरण र योगमाया* तीनओटै उपन्यासमा प्रयुक्त महिला पात्रहरूको शरीर युद्धका कारण निर्वासित भएको पाइन्छ । *अर्की आइमाई* उपन्यासकी पात्र ईलिनाहले दोस्रो विश्वयुद्धमा घाइते भएर अपाङ्ग बनेको केनेडीसँग विवाह गरेर उसको साहारा बन्नुपरेको प्रसङ्ग यसरी प्रस्तुत गरिएको छ : "केनेडीसँग टाढा भाग्न लोराकहाँ छाडेर गेट थ्रीमा काम गर्न गएँ । बूढो भेटरानले पिछा छोडेको होइन, खोज्दै त्यहाँ पनि पुग्यो । अनि प्रभुको मर्जी यही हो क्यारे भन्ने लाग्यो मनमा" (कार्की, २०७०, पृ. ६१) । यहाँ दोस्रो विश्वयुद्ध लडेको केनेडी पूर्व आर्मी हो । ऊ युद्धका कारण मनमा र हात खुट्टामा चोट बोकेर बैसाखीलाई साहारा बनाएर हिँडेको छ । ऊ आफ्नो बैसाखी बिसाई ईलिनाहको सहारामा बाँकी जीवन बिताउन चाहन्छ । ईलिनाह आफ्ना छोराछोरी हुँदाहुँदै केनेडीलाई सहजै स्वीकार्न सक्दिन र काम गर्ने घर नै छोडेर जान्छे तर बूढो सिपाहीले उसको पछि लागेर नछाडेपछि केनेडीको साहारा बन्न बाध्य भएकी छे । आर्थिक उपार्जनका निम्ति केन्याबाट अमेरिका आएकी ईलिनाह लोग्नेको

मृत्युपश्चात् दोस्रो विश्वयुद्धबाट घाइते भएको केनेडीको साहारा बन्न स्वनिर्वासित भएकी छे ।

युद्धले धेरै घाउहरू निम्त्याउने गर्छ र मानिसलाई निर्वासित गर्छ । युद्धमा दोषीहरू मात्र मारिँदैनन्, निर्दोषहरू पनि मारिन्छन् । "जब समाज शसस्त्र द्वन्द्वमा पर्छ, तब सबैभन्दा बढी क्षति मानव शरीरले नै बेहोर्छ । युद्धको अकाट्य सर्त भन्नु रक्तपात नै हो" (लामा, २०७६, पृ. ८६) । नेपाली समाजले व्यहोरेको दशवर्षे द्वन्द्वको तीतो अनुभव हामीमाझ अझै पनि ताजै छ । दशवर्षे युद्धकालीन समयमा नेपाली समाजले यस्ता अनेक घटनाहरू व्यहोर्नु परेको थियो । यही दशवर्षे जनयुद्धको मारमा परेर धेरै नेपाली महिलाहरूले निर्वासित हुनुपरेको यथार्थ हामी माझ नमिठो छाप बनेर बसेको छ । यस विषयलाई कार्कीको *अर्की आइमाई* उपन्यासले प्रस्तुत गरेको छ । क्याम्पस गएको अनन्त घर फर्के नआइ भूमिगत भएर जनयुद्धमा लागेपछि भर्खर भर्खर विवाह गरेर ल्याएकी श्रीमतीले सुत्केरी हुँदा भोग्नु परेको पीडालाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> स्वास्नीलाई समेत थाहा थिएन रे लोग्ने कहाँ छ भन्ने अत्तोपत्तो थे'न भन्थे – थाहा थे'न भनेर सबैले पत्याए नि बर्दीवालाहरूले पत्याएनन् । – सुराकी मिल्ला भनी सुत्केरीलाई नै बेपत्ता पारिदिए – सुत्केरी भएको बाइस दिनमा दुधे नानीसँग छुटाएर लगेका – लग्यै पारे – बिचरा फर्किएर आइन । (कार्की, २०७०, पृ. १४०)

प्रस्तुत साक्ष्य अनुसार अनन्त बेपत्ता भएर भूमिगत भएको असर महिलाको सुत्केरी शरीरमा परेको देदिन्छ । गर्भवती तथा सुत्केरी भएको समयमा श्रीमान् तथा परिवारको स्याहार सुसार पाउनु पर्ने, शिशुको हेरचाह गर्नुपर्ने बेलामा अनन्तको पत्तो लाग्ने आसमा राज्यका तर्फबाट उसलाई अस्पतालबाट नै बेपत्ता पारिन्छ । अर्की आइमाई उपन्यासकी पात्र अनन्तकी श्रीमती जो आफू निर्दोष हुँदाहुँदै पनि युद्धका कारण राज्यबाट अपहरणमा परी निर्वासित भएकी छे । केही समयको अन्तरालपछि चर्को दबाबका कारण बेपत्ता पारिएकाहरूको सूचि सार्वजनिक हुँदा अनन्तकी पत्नीको हत्या भएको कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "चर्को दबाबपछि राष्ट्रले बेपत्ता पारिएकाहरूको सूचि सार्वजनिक गरेछ । अनन्तकी पत्नीको अपहरणपछि हत्या गरिएको पुष्टि भएछ" (कार्की, २०७०, पृ. २२७) । यस कथनलाई हेर्दा जनयुद्धको कारणले अनन्तकी पत्नीको शरीरलाई राज्यको पक्षबाट अपहरण गरी हत्या गरिएको छ । उसले जन्माएकी निर्दोष छोरीको आमाको काख र बुबाको संरक्षणको छहारी खोसिएको छ । नेपालको दशवर्षे द्वन्द्वले अनन्तकी पत्नीको

शरीरमाथि चरम शोषण गरेको देखिन्छ, जसका कारण त्यो परिवारको खुसी पनि लुटिएको छ ।

महाभातकालीन समयमा लेखिएको कार्कीको अर्को उपन्यास *चीरहरण*मा महाभारतकालीन युद्धको चर्चा पाइन्छ । सो समयमा राज्यविस्तार तथा कुरु राज्यको उत्तराधिकारी बन्ने विषयमा समय समयमा युद्धहरू भएका थिए र यसबाट महिला शरीरहरू पनि युद्धको चपेटामा परेर निर्वासित भएका थिए । युद्धमा विजेताको राज चल्छ । तत्कालीन समयमा युद्धमा जितेको राज्य आफ्नो राज्यमा गाभिने र पराजय भोग्ने पक्ष आजीवन बन्दी रहने व्यवस्था रहेको पाइन्छ । त्यस समयमा पराजय भोग्ने राजाहरूले आफ्नो जीवन तथा सिंहासन जोगाउनका निम्ति विजेता पक्षलाई उपहारको वस्तुका रूपमा आफ्नै बहिनीको शरीर प्रयोग गरेको पाइन्छ । मद्र नरेशले युद्धमा हस्तिनापुरका नरेश पाण्डुसँग पराजय भोगेपछि आफ्नो सिंहासन जोगाउन बहिनी माद्रीलाई उपहारस्वरूप सुम्पिएको प्रसङ्ग उसन्यासमा यसरी वर्णन गरिएको छ :

> युद्धमा प्रथमतः आत्मसमर्पण वा सन्धि गर, राज्य बुझाऊ । सन्धि नगरे युद्ध गर, पराजित भए बन्दी होऊको नीति थियो, परन्तु बहिनी माद्रीलाई महाराज पाण्डुलाई सुम्पिएपश्चात मद्र-नरेशको राजमुकुट सुरक्षित भयो । वास्तवमा त्यो मद्र-नरेशको चातुर्य थियो, धुर्त निस्किए मद्र नरेश, आत्मसमर्पण त गरे, मद्र हस्तिनापुरको सीमभित्र हुनुपर्थ्यो । परन्तु चतुऱ्याइँपूर्वक ती लडाकु अनि अति सुन्दरी बहिनीको प्रयोग गरी आफ्नो शिरमा राज्यको मुकुट यथावत् कायम राखे ... । (कार्की, २०७२, पृ. पृ. २१९)

प्रस्तुत साक्ष्यलाई हेर्दा युद्धमा पारखी मद्र नरेशकी बहिनी आफ्नै दाजुले युद्ध हारेपछि विजेता राजालाई उपहार दिने वस्तुका रूपमा प्रयोग भएकी छ । राजा मद्रले सिंहासन जोगाउन र आफू सुरक्षित रहन विवाहित पाण्डुलाई बहिनी सुम्पिन्छन् । रणमैदानमा युद्ध लडेकी माद्रीले आफ्नै दुस्मनलाई पती वरण गर्नुपरेको पीडादायी अवस्थाको सामना गर्नुपरेको यथार्थ यस्तो रहेको छ : “माद्रीले रणभूमिमा आफ्नो वैरीलाई पति स्वीकार गर्नुपरेको थियो । त्यही दुस्मनलाई पति मान्न विवश भइन् र प्रेम गर्न विलम्ब भएन माद्रीबाट” (कार्की, २०७२, पृ. २२४) । यहाँ माद्रीसँगै महाराज पाण्डुकी पत्नी कुन्ती पनि युद्धका कारण पीडित हुन पुगेकी छन् । विवाह गरेर हस्तिनापुर भित्रिएकै दिन युद्ध गर्न गएका पतिबाट सौता उपहार पाएकी कुन्तीको हृदय छियाछिया भएको छ । कुनै पनि नारी हृदयले सौता स्वीकार गर्न सक्दैन । युद्धमा पतिको जित हुँदा कुन्तीले जीवनभर हृदयमा

सौतारूपि बोकेर हिँड्नु परेको यथार्थलाई धाइमाताले उपन्यासमा यसरी प्रस्तुत गरेकी छन् : "यो उमेरमा पुगेर बल्ल थाहा पाएँ, पतिको जितमा यसरी पत्नीको हार हुँदो रहेछ । गृहप्रवेशको प्रथम रातमा छाडिगएको पत्नीलाई पतिले सौता उपहार लिएर आउनु कस्तो न्याय हो ? युद्धमा गएको पतिको प्रतीक्षारत पत्नीलाई दिने उपहार भनेको सौता हो" ( कार्की, २०७२, पृ. २२०) ? यस साक्ष्यले युद्धका कारण महिलाहरू पीडित भएका छन् र आन्तरिक निर्वासनमा परेका छन् भन्ने कुरालाई प्रस्ट पारेको छ। यहाँ माद्रीले युद्धमा हार व्यहोरेकै कारण आफ्नै दुस्मनसित विवाह गर्नु परेको छ भने विवाह गरेको प्रथम रातमै युद्ध गर्न गएका पतिले सौता ल्याएपछि कुन्तीको हृदयमा सौतारूपि किलो ठोकिएको छ, जसका कारण माद्री तथा कुन्ती आन्तरिक निर्वासन भएका छन्।

नेपाली समाजमा विवाहपश्चात् महिलाहरू आफ्नो जन्मघर छोडेर पतिका घरमा जानुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । यसलाई सावित्रा पाण्डेले जिर्वासनका रूपमा यसरी लिएकी छिन् । "विवाह निर्वासनको एउटा कारण हो" (पाण्डे, २०७६, पृ. ६९) । विचित्रविर्यको विवाहका लागि चिन्तित भीष्मले आफू आजीवन ब्रह्मचारी रहने प्रतीज्ञा जान्दाजान्दै काशीराजका तीन छोरी अम्बिका, अम्बालिका र अम्बालाई स्वयंवर कक्षबाट हरण गरी निर्वासनको अवस्थामा पुऱ्याएका छन् । काशी नरेशले स्वयंरका लागि हस्तिनापुरलाई निमन्त्रणा नगरेका कारण भीष्मले विवाहका लागि स्वयंवर कक्षमा रहेका अम्बा, अम्बिका र अम्बालिकालाई दलबलसहित आएर हरण गरेको प्रसङ्ग उपन्यासमा यसरी व्यक्त गरिएको छ : "हाम्रा पितामहाराजबाट आयोजित स्वयंवर सभाबाट हामी तीन बहिनीलाई हरण गरी विजयको ध्वजा लहराउँदै भीष्मको रथ हस्तिनापुरतर्फ अघि बढ्यो" ( कार्की, २०७२, पृ. ११६) । यहाँ काशी नरेशले आफ्ना छोरीहरू अम्बा, अम्बिका र अम्बालिकाको स्वयंवरमा हस्तिनापुर नरेश विचित्रविर्यलाई निमन्त्रणा नगरेको भनी भीष्म दलबलसहित काशी नरेशकहाँ पुग्छन् । तीनओटी दिदी बहिनीलाई विचित्रविर्यका पत्नी बनाउन चाहन्छन् र स्वयंवर कक्षबाटै जबर्जस्ती हरण गरी हस्तिनापुर लिएर जान्छन्। यहाँ महिलाको पति छान्ने अधिकार खोसिएको छ । अम्बाले आफूले मनपराएको शाल्व राजकुमारलाई वरमाला पहिऱ्याउन पाएकी छैन। यसरी भीष्मले जबर्जस्ती हरण गर्दा अम्बा, अम्बिका र अम्बालिका बाध्यात्मक निर्वासनमा परेका छन्।

यस्तैगरी राज्यविस्तार गर्न तथा छिमेकी राज्यको आक्रमणबाट बच्नका निम्ति तत्कालीन राजा तथा युवराजहरूले छिमेकी राज्यका राजकुमारीहरूसित एकभन्दा बढी

विवाह गरेका छन् । आफ्नो राज्यको सुरक्षा कवजका रूपमा छिमेकी राज्यसँग सम्बन्धबिस्तार गर्न महिला शरीरको प्रयोग गरिएको छ । कृष्णकी बहिनी सुभद्रासित विवाह गरिसकेका अर्जुनले नागराजाकी छोरी उलुपी, मणीपुर राजाकी छोरी चित्रङ्गदा आदि महिलासित विवाह गरी सन्तान जन्माएर छोड्दै हिँडेको कुरा उपन्यासमा चित्रण गरिएको छ । त्यसैले महाभारतकालीन समयका नारी पात्रहरूले युद्धको चपेटामा परेर युद्धको अभिघात व्योहोर्नु परेको र यही युद्धका कारण महिला शरीर निर्वासनमा परेको कुरालाई प्रस्ट पारेको छ ।

शासकका अहम् र गद्दीमोहका कारण युद्ध निम्त्याएर निर्दोष मानिसको रक्तकुण्ड बनेको कुरु क्षेत्रको युद्धले *चीरहरण* उपन्यासका नारी शरीरमाथि शोषण गरिरह्यो । नारीलाई कोमल र डरपोक हुन्छन् भनी युद्ध लड्नबाट बर्जित गरियो तर त्यसको घाउ नारी शरीरले भोग्नु पऱ्यो । कयौँ नारीको काख रित्तियो, कयौँको सिउँदो पुछियो, कयौँ नारीहरू अभिभावकविहीन हुनुपऱ्यो । कुरुक्षेत्रको युद्ध महिलाका लागि निकै नै भयावह रहेको थियो भन्ने कुरा भानुमतीले उपन्यासमा व्यक्त गरेको यो सन्दर्भबाट प्रस्ट हुन्छ : “देख्दादेख्दै कुरुक्षेत्र रगतको कुण्ड भयो अनि हेर्दाहेर्दै हस्तिनापुर भाँचिएको डालीका मुर्झाएका सेता फूलहरूको उजाड बगैँचा, मानव बस्तीमा जता फर्कियो, जता हेऱ्यो वैधव्य मुहार” (कार्की, २०७२, पृ. ५१४) ।

प्रस्तुत साक्ष्यअनुसार महाभारतकालीन समयमा हस्तिनापुरका कौरब र पाण्डबहरूका बिच भएको युद्धमा धेरै योद्धाहरूले ज्यान गुमाउनु परेको वास्तविकता हामी माझ छर्लङ्ग छ । हस्तिनापुर राजगद्दीलाई लिएर दाजुभाइबिच भएको युद्धको चपेटामा परेर धेरै महिलाहरूले विधवाको जीवन बाँची आत्मनिर्वासनको अवस्थामा पुगेको पाइन्छ । युद्धमा मानव शरीर निशानामा पर्ने गर्छ । युद्धले निम्त्याएको ध्वंशले महिला शरीर प्रताडित भएको पाइन्छ । युद्धमा कतिपय आमाहरूले सन्तान गुमाउनुको पीडा खप्नु पर्छ भने कतिपय महिलाहरूले पति गुमाएर एक्लो जीवन बाँच्नु पर्छ । *चीरहरण*की पात्र सुभद्राको आफूभन्दा प्यारो सन्तान अभिमन्युलाई गुमाएर काख रित्तो भएको छ भने अभिमन्युकी पत्नी उत्तराले पति गुमाएर आजीवन वैधव्यको जीवन बाँच्नु परेको छ ।

### ३.४ सामाजिक परम्पराका कारण महिला शरीरको निर्वासन

सांस्कृतिक अध्ययनमा शरीर भन्नाले जैविक शरीर नभइ समाजद्वारा निर्मित सांस्कृतिक शरीर भन्ने बुझिन्छ र यसमा संस्कृतिको प्रभावका कारण विमर्श गरिएको

शरीरको अध्ययन गरिन्छ । “शरीर राजनीति त्यस्तो नीति हो, जसको माध्यमबाट समाजले मानव शरीरलाई विनिर्मित गर्छ” (पौड्याल, २०७७, पृ. १५१) । महिलाहरू परम्परादेखि चलिआएका नैतिकता र आदर्शबाट निसासिँदै आएका छन् । पितृसत्ताले महिलाहरूलाई मायालु र मिठा शब्दहरू प्रयोग गरेर संस्कृतिको बन्द कोठामा थुनेको छ र परम्परा र संस्कृतिका आडमा आदर्शको पर्खाल निर्माण गरी शोषण र दमन गर्दै आएको छ, जसका कारण महिला शरीर निर्वासित हुन पुगेको छ । यसै सन्दर्भमा कार्टक आफ्नो *महिलाको शरीर राजनीति* पुस्तकमा लेख्छन् : “जब परम्पराहरूलाई आफूलाई भन्दा महत्त्वपूर्ण बनाइन्छ तब परम्पराले विशेष गरी नारी शरीरलाई निर्वासित गर्छ” (कार्टक, २००६, पृ. १५६) । सामाजिक परम्पराह पुरुषमैत्री भएकाले पुरुषलाई नै सर्वेसर्वा बनाउँछ र महिलालाई निर्वासनका अवस्थामा पुऱ्याइदिन्छ । पितृसत्ताबाट स्थापित परम्परालाई महिलाको शरीरभन्दा पनि महत्त्वपूर्ण र शक्तिशाली बनाइन्छ र यसले शरीरलाई शोषण गर्छ र निर्वासित गर्छ ।

सदियौँदेखि चलिआएका विभेदकारी परम्पराले महिलाहरूलाई दमन गर्दै आएको छ । कतिपय समाजमा नारीसँग सम्बन्धित रजस्वलाको विषयलाई सामाजिक मान्यताका दृष्टिले समाजमा व्यवहार गरेको पाइन्छ । “नारी रजस्वला हुनुलाई धर्मसँग लगेर जोडिन्छ” ( पौड्याल, पृ. ११७) । रजस्वला भएको चारदिनसम्म अपवित्र मानेर घरबाट टाढा राख्ने चलन छ । पहिला चोटी रजस्वला भएकी नारीले सूर्यको दर्शन गर्न नहुने, घरमा टेक्न नहुने, बाबु तथा दाजुभाइको अनुहार हेर्न नहुने भन्ने परम्परागत मान्यता रहेको छ र यी सबैबाट लुकाएर बन्द कोठामा राख्ने चलन छ । यस्ता परम्परागत मान्यताले गर्दा महिलाहरू आत्मनिर्वासन तथा आन्तरिक निर्वासनको अवस्थामा पुगी आफ्नो पहिचान गुमाउन पुग्छन् । परम्परादेखि चलिआएको मान्यताका आधारमा छोरीको सानै उमेरमा विवाह गरिदिने चलन नेपाली समाजमा रहिआएको पाइन्छ । सात, आठ वर्ष पुगेकी छोरीलाई रजस्वला हुनुपूर्व नै विवाह गरिदिए पुण्य प्राप्त हुन्छ भन्ने नेपाली परम्परागत मान्यताले गर्दा सानै उमेरमा विवाह गरिदिएर छोरीलाई निर्वासित गरिन्छ । छोरी विवाह गर्ने पुरुषको चाहिँ उमेरको ख्यालदोब्बर, तेब्बर उमेरको पुरुषसित विवाह गरेर पठाइन्छ । जसले गर्दा कतिपय नारीहरूले घरको बुहारी शासन खप्न नसकेर आत्महत्या गर्न पुग्छन् भने कतिपय नारीहरू भागेर माइत आउन बाध्य हुन्छन् । यस्तो अवस्थामा विवाह गरी दिएकी छोरीलाई भागेर आएकी भनेर माइतीले पनि संरक्षण नगर्ने र घरकाले पनि नस्वीकार्ने परम्पराले गर्दा महिलाहरू निर्वासित हुन पुगेका छन् ।

नारी शरीरलाई शोषण गरी निर्वासित अवस्थामा पुऱ्याउने परम्पराहरू अनादि कालदेखि चलिआएको पाइन्छ । "सांस्कृतिक परम्पराहरूले महिलाको सम्पूर्ण जीवनलाई नियन्त्रण गर्छ । विशेष गरी परम्परा महिलाहरूको कामुकता र शरीर नियन्त्रण गर्न प्रयोग गरिन्छ" (कार्टक, २००६, पृ. १६२) । हाम्रो परम्परा विधवा नारीको पुनः विवाहमा बाधक बन्न पुगेको छ । पतिको मृत्युपश्चात श्वेत वस्त्रमा आजीवन पतिको सत्‌मा नबसे पाप लाग्ने र मृत्युपश्चात नर्कमा गइन्छ भन्ने परम्परागत मान्यताले महिलाको शरीरलाई नियन्त्रित गरेको छ । यसले गर्दा महिलाहरू आत्मनिर्वासित भई आफ्‌नो पहिचान गुमाउन पगेका छन् ।

शरीरमाथिको दोहन अनेक प्रकारका हुन्छन् । हाम्रो सामाजिक परम्परामा नारी रजस्वला हुनुलाई अपवित्र मान्ने पद्धतिको विकाससँगै नारी शरीर अछुत र निर्वासित बन्न पुगेको छ । यस विषयमा कुमारी लामा आफ्‌नो लेखमा लेख्छिन् : "कतिपय समस्याहरू सामाजिक मान्यताहरूजस्ता देखिए पनि त्यसको परिणाम पूर्ण रूपमा शरीरले नै भोग गर्छ । शरीर समाजको स्वीकार र अस्वीकारमा पर्छ" (लामा, २०७६, पृ. ९१) । रजस्वला भएको चार दिनसम्म नारी शरीर पनि अशुद्ध हुन्छ भन्ने परम्परागत सामाजिक मान्यताले शरीरलाई अस्वीकार गरी निर्वासित बनायो ।

### ३.५ नीलम कार्की 'निहारिका' का उपन्यासमा सामाजिक परम्पराका कारण महिला शरीरको निर्वासन

बहुपत्नीप्रथा सामाजिक संरचनाले स्थापना गरेको परम्परा हो । पतिले जति ओटी पनि विवाह गर्न पाउने तर महिलाले उही पतीको सत्‌मा बस्नु पर्ने मान्यताले महिला शरीरमाथि अत्याचार गरेको छ । नीलम कार्की 'निहारिका' को *चीरहरण* उपन्यासका सर्वसाधारण नारीदेखि लिएर दरबारिया नारीहरूले यस्तै पीडा सहनु गरेको छ । समाजले बहुपत्नीप्रथालाई मान्यता दिएकै कारण कुन्ती, अम्बिका, अम्बालिका, सुभद्रा, उलुपी, त्रिङ्गदा, माद्रीले सौतामाथि सौता व्यहोर्नु परेको छ । कुन्तीले विवाहकै दिन युद्ध गर्न गएका महाराज पाण्डुले युद्धमा वियज हासिल गरेर फर्किंदा लिएर आएकी माद्रीलाई सौताका रूपमा स्वीकार गर्नु परेको छ भने युद्धमा पराजित भएका कारण माद्रीले जबर्जस्ती पाण्डुलाई पती वरण गर्नु परेको छ । हाम्रो परम्परित समाजले यसलाई गौरवका रूपमा लिन्छ । "मेरा दुई पुत्रबधु अम्बिका, अम्बालिकाजस्तै तिमी र मद्र राजकुमारी दिदी-बहिनी ।

तिमीहरू पाण्डुका दुई महारानी, पाण्डुका दुई गौरव हुनेछौ" (कार्की, २०७२, पृ. २१८) । प्रस्तुत साक्ष्यमा कुन्तीले विवाह भएकै दिन युद्धमा गएका पतिबाट सौता उपहार पाएकी छिन् । माद्रीले आफ्नै शत्रुलाई पति मानी यहाँ कुन्तीले आफ्नो पहिचान नै गुमाएको पाइन्छ । कुन्तीलाई सौताका रूपमा स्वीकार्न बाध्य हुनु परेको छ । यहाँ एकातिर माद्रीले युद्धका कारण निर्वासित हुनु परेको छ भने अर्कातिर कुन्तीले लोग्नेले सौता हालिदिएपछि आन्तरिक निर्वासनमा पनर्र परेको छ ।

नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासकी पात्र योगमायाले यस्तै प्रकारको शारीरिक दोहन भोगेर निर्वासित हुनुपरेको छ । उनले पहिलो पटक रजस्वला हुँदाको पीडा उपन्यासमा यसरी अभिव्यक्त गरेकी छन् : नभन्दै साँझ म त साँच्चै नै बाहिर सरेँ । ग्वालीमाथि उज्यालो छेकेर आमाले मलाई लुकाउन राख्नुभो" (कार्की, २०७४, पृ. १०३) । नेपाली समाजमा रजस्वला हुनु भनेको अपवित्र वा अछुत हुनु हो भन्ने परम्परागत मान्यताका कारण योगमायाले पहिलो चोटी रजस्वला हुँदा गोठमा अँध्यारो ठाउँमा पीडादायी जीवन बिताउनु परेको छ । यसबेला महिलालाई घर हेर्नु हुन्न, बाबु तथा दाजुभाइको मुख हेर्नु हुन्न भन्ने समामाजि बन्देज लगाइन्छ । यही परम्परागत सामाजिक बन्देजको चपेटामा गरेर योगमायाको शरीर निर्वासित भएको छ ।

रजस्वलापूर्व नै विवाह गरेर दिए पुण्य कमाइन्छ भन्ने सामाजिक मान्यताका कारण योगमाया उपन्यासका महिला पात्रहरू बालविवाहको चपेटामा परेका छन् । विवाह महिला शरीर निर्वासनको कारण हो । बल्यावस्थामा नै विवाह गरेर दिएको घरमा निद्रा पुग्ने गरी सुत्न नपाएको पीडा, पेटभरि खान नपाएको पीडा, आफ्नो क्षमताभन्दा धेरै कठिन काहरू गर्नु परेको पीडा तथा माइती घरको वियोगले पारेको घाउ  योगमायाको शरीरले खप्न नसकेर भागेर माइत आउँदा माइती घरले अस्वीकार गरेको पीडा झनै दर्दनाक रहेको छ । आमा बाबुको सम्झनाले पिरोलेपछि भागेर माइत आएकी योगमायालाई विवाह गरेर दिएकी छोरी अर्काकी सम्पत्ति भई भनेर माइतीघरमा अस्वीकार गरेको प्रसङ्ग उपन्यासमा यसरी व्यक्त गरिएको छ : "गोत्र सारेर दिएकी छोरी अरुकै सम्पत्ति भै । उठाएर ल्याउन मिल्यो ? सबैले त खाएकै छन् घर" (कार्की, २०७४, पृ. १०४) । यहाँ योगमाया विवाहपश्चात घरकाले माइत आउन नदिएपछि तीन दिनको बाटो भागेर आउँछिन् । भागेर आएका कारण र अर्काको सम्पत्ति भएका कारण उनका बुबाले उनलाई घरमा बस्न नदिई गोठमा सुताउँछन् । गोत्र सारेर दिएकी छोरीमा आफ्नो अधिकार नभएर विवाह गरेर दिएको घरको

अधिकार हुन्छ भन्ने परम्परागत मान्यताले यहाँ योगमायाको स्वतन्त्र रूपमा जिउन पाउने अधिकारलाई नियन्त्रण गरेको छ । योगमाया घर तथा माइतीबाट पाएको तिरस्कार र लाञ्छनाले गर्दा माइतमा बस्न नसकेर दशै छाडेर हिँड्न बाध्य भएको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : “घर पस्न नपाएकी चेली-माइती बस्नु परेपछि कति हो कति खेदो नै गरे; बात लगाए । बात लगाएकै कारण बस्न खान नसकेर चागेकी हुन् माया नीा भन्ने लाग्छ मलाई त ।...वचनले घोचेरै उनलाई घर छोड्ने बनाए भन्छु म त” ( कार्की, २०७४, पृ. ४२) ।

माइत आएपछि योगमायाका पतिले अर्को विवाह गर्छन् । यिनले माइतमा धेरै लाञ्छना खेप्नुपर्छ । अनेक लञ्छना र तिरस्कार खेप्न नसकेर उनी भारतको आसामतिर भागेर जान बाध्य हुन्छिन् । अतः समाजमा रहेको पितृसत्तात्मक परम्पराका कारण योगमायाको शरीर बाध्यात्मक रूपमा बाह्यनिर्वासनमा परेको छ ।

सामाजिक संरचनाले निर्माण गरेका अनेक चक्रमा नारी शरीर रुमलिएको छ । “परम्परावादी सांस्कृतिक परम्पराले महिलाको सम्पूर्ण जीवनलाई छोरी, पत्नी, आमा वा विधवापनका रूपमा नियन्त्रण गर्छ” (कार्टक, २००६, पृ. १६२) । परम्परागत पितृसत्तात्मक समाजले पुरुषले पत्नीको मृत्युपश्चात् जति पनि विवाह गर्न पाउने तर महिलाले पतीको सत्मा रहेर पतिको मृत्युपश्चात् आजीवन सेतो बस्त्रमा वैधव्यको जीवन बाँच्नु पर्ने विभेदपूर्ण मान्यता निर्माण गरेको छ । *योगमाया* उपन्यासकी नैनकलाले बाल्यावस्थामा नै विवाहित र रोगी पुरुषसित विवाह गर्नुपरेका कारण सानै उमेरमा पतिको मृत्यु भएपछि आजीवन सेतो बस्त्र लगाइ वैधव्यको जीवन बाँच्नु परेका यथार्थ यसरी व्यक्त भएको छ : “नाबालिकाहरूको वृद्धसँग पनि विवाह भा'को छ । कतिलाई कमलो उमेरमै विधवा जीवन बाँच्न परेको छ । नैनकलातिर हेर्दै बोल्नुभो दिदी” (कार्की, २०७४, पृ. १७९) । यस साक्ष्यमा नैनकलाको शरीरले भोग्नु परेको कारूणिक यथार्थ  प्रस्तुत गरिएको छ । बाल्यावस्थामा वृद्धसित विवाह गरेकी नैनकलाले कलिलो उमेरमै पतिवियोग खप्नु परेको छ । रङ्गीज कपडा त्यागेर सेतो कपडामा जीवनभर आमासित आश्रममा बसेकी छन् । विधवा नारीलाई शुभकार्यमा सरिक नगराउनु, पूनः विवाहमा प्रतिबन्ध लगाउनु, रङ्गीन कपडा प्रतिबन्ध गर्नु नारी शरीरप्रतिको दोहन हो यसले महिलाको शरीरलाई आत्म निर्वासनको अवस्थामा पुऱ्याउँछ । अतः माथिको साक्ष्यले नैनकलाको शरीर पनि आत्मनिर्वासित भएको कुरालाई पुष्टि गर्छ ।

सामाजिक परम्पराहरूले कमजोर शरीरकै शोषण गरेका हुन्छन् । यसै सन्दर्भमा षडानन्द पौड्याल आफ्नो पुस्तक *नेपाली आख्यानमा शरीर राजनीति*मा लेख्छन् : “हाम्रो समाजका परम्परा जति छन् ती सबै शरीरलाई बन्धनमा राख्नकै लागि बनेका छन्” ( पौड्याल, २०७७, पृ. ११७) । जातीय रूपमा विभेद गर्ने परम्परा नेपाली समाजमा पहिलेदेखि चलिआएको छ । । यस परम्पराले विशेषगरी महिला शरीर नै दमित हुन पुगेको देखिन्छ । एकै कोखबाट जन्मिएका छोरा उही जातका हुने दोस्रो विवाह गरेकी छोरीको चाहिँ जात खस्छ भन्ने परम्परागत मान्यता बोकेको समाजले योगमाया र नैनकलाई जातीय विभेद गरेको छ । आफ्नै भाइले उनीहरूलाई चुलामा जान रोक लागाएको र उनीहरूले छोएको खाना फालेको प्रसङ्ग गंगाले उन्यासमा यसरी व्यक्त गरेकी छन् :

> “एकदिन भान्जीले चौकीमा उक्लेर भान्छा छोइदिन भनेर भात पकाएको भड्डु उचालेर खोले भाँडोमा हालिदिए तुलसाका बाले । तातो कसौँडी चिसो पानीमा झ्वाइँ गर्दै बाफ उडेको देखेर भान्जी आत्तिईन् र बाहिर दगुरिन् । जैसीका बाहुनले बित्यास पार्ने भए । बाहिरतिर हेरेर रिसाउँदै भने तुलसाका बाले” (कार्की, २०७४, पृ. १२१) ।

प्रस्तुत साक्ष्यलाई हेर्दा एउटै आमाको कोखबाट जन्मिएका दिदी र भाइमा दिदीले दोस्रो बिहे गरेकै कारण जात खसेको देखिन्छ । दोस्रो बिहे गरेपछि जन्मिएकी भान्जी नैनकला चुलामा गए वा खानेकुरा छोए खानेकुरा बिटुलो हुने मानसिकतामा योगमायाका भाइमा रहेको पाइन्छ । अर्को बिहे गरेकै कारण महिलाको जात खस्ने आफ्नै माइती मामलीको चुलाबाट अछुत बन्नुपर्ने स्थितिको सिर्जना हुनु भनेको सरम्पराले महिला शरीरमाथि गरेको जातीय शोषण हो । यही परम्परागत जातीय मान्यताले दमन गरी नैनकलालाई म को हुँ भन्ने आफ्नो पहिचान गुमाएर आत्मनिर्वासनको अवस्थामा पुऱ्याएको देखिन्छ ।

समाजमा चलिआएका परम्परागत मान्यता र रीतिरिवाज पहिचानका विषय बनेर रहेका छन् । मानव जातिलाई विभेद गर्ने परम्पराका कारण समाजका कतिपय मानिस अछुत भएर बाँचेका छन् । *योगमाया* उपन्यासकी काइँली कमिनी यसको उदाहरणीय पात्र पात्र हो । ऊ कामी जात भएकै कारण योगमायाको आश्रममा आएर भजनकीर्तनमा सामेल हुन हिचकिचाएकी छ । हाम्रा सामाजिक परम्पराले मानिसमा विभेद गरी काइँलीलाई अछुत बनाएर पहिचानविहीन बनाएको कुरा योगमायाद्वारा उपन्यासमा यसरी व्यक्त गरिएको छ : “हामी जनानालाई बाहिर सरेको बेला केही दिन छुन नहुँदा, घरभित्र पस्न नहुँदा कति सकस

हुन्छ ? यिनका त पुस्ता पुस्ताले त्यही भोगेका छन् । अछुत बाँचेका छन्" (कार्की, २०७४, पृ. १६१) ।

मनिसका मगजमा परम्परादेखि थोपरिएको जातीय सङ्कीर्ण चिन्तनले महिला शरीरमाथि शोषण गरेर काइँली कमिनीको शरीरलाई निर्वासित गरेको छ । उसलाई सार्वजनिक मठमन्दिरमा जान रोक लगाइएको छ । त्यसैले ऊ भजनकीर्तन भएको ठाउँमा जाँदा डराएर कालीनिली भएकी छ । अतः यहाँ काइँली कमिनीले जातीय विभेदपूर्ण सामाजिक मान्यताका कारण आफ्नो पहिचान गुमाई आत्मनिर्वासित हुनुपरेको कुरा प्रस्ट हुन्छ ।

### ३.६ उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन

उपभोक्तावादी चिन्तन भनेको मानव शरीरको परिधिमा विचरण गर्ने एक प्रकारको स्थापित पद्धति हो । उपभोक्तावादी चिन्तन शरीरको प्रयोग गरी धेरै धन आर्जन गर्नमा केन्द्रित रहन्छ । बजारको मागलाई ध्यानमा राखेर शरीरको उपभोग नगर्दासम्म आर्थिक उपार्जनको अवस्था स्वयम्मा कमजोर हुने परिदृश्य देखिएमा पुँजीवादले मानव शरीरलाईसमेत बजार भाउमा मोलमोलाइ गर्न थाल्छ । "शरीरलाई मानव बजारमा बिकाउ बनाउने अभिप्रायबाट थालनी भएको चिन्तनबाट ग्रसित भएको सांस्कृतिक चेतनामा शरीर भनेको केवल वस्तु मात्र हो भन्ने अर्थमा परिभाषित भएको पाइन्छ" (पौड्याल, २०७७, पृ. ३६२) । समसामयिक सन्दर्भमा हेर्ने हो भने पुँजीवादले नारी शरीरलाई एउटा विक्रीको वस्तु बनाएको छ । उपभोक्तावादी चिन्तनले महिलाहरूलाई आफ्नो घर, परिवार, गाउँ, समाज तथा देश नै छाडेर निर्वासनको अवस्थामा पुऱ्याएको पाइन्छ ।

पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको दुरूपयोग गरेको छ । यसले महिलालाई घरायसी काममा व्यस्त बनाउने, पुरुषले आर्थिक क्षेत्र कब्जा गर्ने, आर्थिक रूपमा फाइदा हुने देखेमा आफ्नै पत्नीलाई परपुरुषसित कागजी विवाह गराउने र विदेश पठाउने, विदेश पुगेर त्यहाँको नागरिक भएपछि अर्को पुरुषसित कागजी विवाह गरेर विदेश लानुपर्ने, सुन्दर बन्न दबाब दिने, आफूलाई मन नपरे पनि उसले भनेबमोजिम चल्नुपर्ने जस्ता बाध्यात्मक काम गराउँछ । पुँजीवादी समाजमा पितृसत्तात्मक सामन्ती वर्गले पैसाका लागि नारी शरीरलाई व्यापारको माध्यम बनाएर आर्थिक नाफा कमाएको पाइन्छ । सामन्ती आर्थिक संस्कृति

एउटा विचारधारा पनि हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक वा अमानुषित ठान्दैन (पाण्डेय, २०७३, पृ.९८) । पैसा कमाउनका लागि शक्तिशाली सामन्ती वर्ग महिला शरीरलाई आफ्नो नियन्त्रणमा लिएर प्रयोग गर्छ र महिलालाई बाध्यात्मक निर्वासनको अवस्थामा पुऱ्याउँछ ।

उपभोक्तवादी चिन्तनले मानिसको शरीरलाई वस्तुसरह ठानेर बजारमा बिक्री गर्ने अभिप्राय लिएको हुन्छ । समाजले वस्तुको उपयोग गर्ने कुराको थालनी गरेसँगै महिला शरीर पनि यसको मारमा पर्ने गरेको छ । यसै सन्दर्भमा षडानन्द पौड्याल आफ्नो पुस्तक नेपाली आख्यानमा शरीर राजनीतिमा लेख्छन् : "जसरी बजारमा कुनै वस्तुको विनिमय गरिएको हुन्छ त्यसरी नै महिला शरीरको पनि किनबेच गर्ने चलन समाजमा चलेको पाइन्छ" ( पौड्याल, २०७८, २८५) । समाजमा सम्पन्न तथा शक्तिशाली वर्गले नारीलाई दासीका रूपमा राखेर आफ्नो आवश्यक्ताअनुसार उसको शरीरलाई उपभोग गर्ने गर्छ । उपभोक्तवादी चिन्तनले नारी शरीरलाई काममा आउन्जेल उपयोग गर्छ र काम दिन छाडेपछि वस्तुझैँ तिरस्कार गरी निर्वासित गर्ने काम गर्छ । यसले व्यक्तिगत स्वार्थका लागि स्वदेशमा मात्र नभएर देशबाहिर पनि महिला शरीर बिक्री गरेर समाजबाट दिनहुँ महिला शरीर बाह्यनिर्वासनको अवस्थामा पुऱ्याइरहेको छ ।

"महिलाहरू पुरुषको दबाबका साथै आफैँ पनि आफ्नो शरीरलाई स्वनिर्वासन गरिरहेका छन् । कपाल रङ्ग्याउने, सुन्दरी प्रतियोगितामा भाग लिने, शरीरका धेरै भाग देखाउने, सौन्दर्यका सामग्री अत्यधिक मात्रामा प्रयोग गर्ने, विज्ञापनको माध्यम बन्नेजस्ता काम महिला स्वयंले गरेको पाइन्छ" (पौडेल, २०७७, पृ. १५४) । यस्ता कार्यहरू महिला शरीरलाई नियन्त्रणमा लिनका लागि उपभोक्तावादी संस्कृतिले निर्माण गरेका भाष्य हुन् । पैसा, प्रतिष्ठाको लोभमा परेर महिलाहरू स्वयंले पनि आफ्नो शरीरमा आफैँ राजनीति गरेको पाइन्छ । सौन्दर्य प्रदर्शन, पोसाक प्रदर्शन, आभूषण प्रदर्शनजस्ता कार्यमूलक रणनीति अँगालेर थाहै नपाई महिलाले शरीर राजनीतिलाई प्रश्रय दिएको पाइन्छ। यसले गर्दा महिला स्वनिर्वासनको अवस्थामा पुगेका छन् ।

मानव बजार कस्तो प्रकारको शरीरको खोजीमा तल्लीन बनेको छ ? त्यसको पहिचान गरी जीवित शरीरको मोलमोलाइ गर्न निरन्तर उद्यत गएको हुन्छ । "जब मानिसको शरीर वस्तुमा परिणत भएको हुन्छ, त्यस अवस्थामा बजारले वस्तुको चयन

गरिरहेको हुन्छ भने वस्तुले बजारको खोजी गर्छ" (पौड्याल, २०७७, पृ. २४९) । उपभोक्तावादी चिन्तनले मानव शरीरलाई बजारमा उपभोग्य साधनका रूपमा विमर्श गरिदिन्छ र नारी शरीर उपभोग्य साधनका रूपमा रुपान्तर हुन्छ । यसले नारी शरीरलाई यौन उपभोग गर्ने साधन, सोन्दर्य प्रसाधनको विज्ञापन गर्ने वस्तु तथा ती साधनको प्रयोग गर्ने साधन आदिका रूपमा हेर्ने गर्दछ ।

### ३.७ नीलम कार्की 'निहारिका' का उपन्यासमा उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन

नीलम कार्की 'निहारिका' को उपन्यास *अर्की आइमाई* अमेरिकाको परिवेशमा लेखिएको उपन्यास हो । यस उपन्यासमा रहेका कतिपय महिला पात्रहरू उपभोग्य वस्तुका रूपमा बाध्यात्मक निर्वासन भएका छन् भने कतिपय आर्थिक अवस्था कमजोर भएका कारण स्वनिर्वासित भएका छन् । आर्थिक अवस्था कमजोर भएका कारणले तारालाई उसका दाजु, बाबु तथा वडाध्यक्ष समेतले परिवार तथा गाउँकै अवस्था राम्रो हुने भनी अमेरिकामा बसोबास गरेका दुई सन्तानको बाबु सुवर्णसित जबर्जस्ती विवाह गरी अमेरिका पठाउँछन् । आफ्ना बा, आमा, जन्मस्थान तथा देश नै छोडेर बाध्यात्मक रूपमा निर्वासित हुनुपरेको प्रसङ्ग ताराद्वारा उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ : "जहाज उडेको थियो, टेकेको भुइँ छोडेर, मेरो जन्मभूमि छाडेर । मेरो गाउँ, मेरा आमाबाबा, दाजुभाइ, आफन्त, साथीसङ्गी सबै छाडेर । सिङ्गो मनमुटु छाडेर । मात्र मेरो शरीर उडिरहेको थियो जहाजमा" (कार्की, २०७०, पृ. ३६) । यहाँ गरिबी र अभावले गर्दा ताराको शरीर बाह्यनिर्वासनको अवस्थामा पुगेको छ । आर्थिक विपन्नताका कारण ऊ आफ्नो शरीरमाथिको अधिकार गुमाएर पितृसत्तात्मक उपभोक्तावादी चिन्तन बोकेका व्यक्तिहरूको निर्देशनमा हिँड्छे र आफूलाई बाध्यात्मक बाह्यनिर्वासन गर्न पुग्छे ।

व्यक्तिले आफूले चाहेर वा नचाहेर नै पुँजीवादी शासन व्यवस्थाको दास हुन्छ र ऊ त्यस व्यवस्थाबाट दमित हुन पुग्छ । तारालाई उसको घरमा काम गर्ने कामदारको रूपमा व्यवहार गरिएको कुरा उसको यो भनाइबाट प्रस्ट हुन्छ : "अमेरिका पुगेको भोलिपल्टै सासूले भान्साको काम सिकाइन् । म आउनासाथ घरमा काम गर्ने न्यानीले अङ्ग्रेजी र इशारामा मिसाएर सुटुक्क सोधेकी थिई हप्तामा कति दिँदै छन् तिमीलाई" (कार्की, २०७०, पृ. २८) ।

यस साक्ष्यलाई हेर्दा तारा अमेरिका पुग्नासाथ उसलाई घरको काममा उपयोग गरेर काम गर्ने महिलालाई निकालिएको छ ।

यस उपन्यासकी अर्की महिला पात्र ईलिनाह आर्थिक विपन्नताका कारण केन्याबाट अमेरिका स्वनिर्वासित पात्र हो । आफ्नो देशमा बेरोजगारको अवस्था रहेका कारण कमजोर आर्थिक अवस्थामा सुधार ल्याउनका लागि उसले आफ्नो लोग्ने अनियाङ्गोसित अमेरिका आएर कही पैसा कमाएर केन्या पठाएको कुरा प्रस्ट हुन्छ । ऊ भन्छे : "आनियाङ्गो हुँदा अलिअलि डलर बचाएर उता पठाएको पनि हो । अहिले केही दिन्न, बालुवामा पानी हालेझैँ भयो । त्यहाँ बाससमेत छैन । आफ्नो हक लिन कति लड्ने कोकोसँग लड्ने ? यहीँ उठाइयो, यहीँ पोखियो । अब यो बूढो शरीरबाहेक केही रहेन, कोही रहेनन्" (कार्की, २०७०, पृ. १८) । ईलिनाह केन्याबाट आर्थिक उपार्जनका निम्ति अमेरिका आएकी पात्र हो । ऊ अमेरिका गएर पैसा कमाएर जीवन राम्रोसित सञ्चालन गर्न स्वनिर्वासित भएकी छे । उसको लोग्ने शारीरिक अशक्तताका कारण खटेर काम गर्न नसक्ने हुँदा उसले नै घर चलाउनेदेखि छोरो पढाउनेसम्मको सम्पूर्ण खर्च धानेकी छे । उसले यसबाट केही पैसा बचाएर केन्यासमेत पठाउँछे । जब उसको लोग्नेको मृत्यु भयो, ऊ एक्ली भई । उसका छोराबुहारी पनि कामका कारण उदेखि टाढा रहे । केन्यामा रहेको आफ्नो सम्पत्ति पनि आफन्तले नदिएपछि ईलिनाह बुढेसकालमा साहाराविहीन र उपभोक्तवादी सोच भएका आफन्तबाट पीडित पात्र हो ।

आजभोलि महिलाहरू आर्थिक विपन्नताका कारण वैदेशिक रोजगारीका निम्ति विदेशिने क्रम बाक्लो रहेको छ । सोझासाझा महिलाहरूलाई विदेशमा राम्रो काम लगाइदिने प्रलोभनमा पारेर विदेश लाने र त्यहाँ उनीहरूको शरीर प्रयोग गर्ने प्रवत्ति बढ्दो छ । अर्की आइमाइ उपन्यासकी पात्र कलपनालाई पनि दलालाहरूले अर्काको पासपोर्टमा किर्ते गरेर विदेश पुऱ्याउँछन् । यसको फाइदा उठाएर इमिग्रेसनको कर्मचारीले कल्पनाको शरीर प्रयोग गरेको सन्दर्भ उपन्यासमा यसरी व्यक्त भएको छ : "केस मिलाइदिन्छु हिँड भनेछ । सोझी थिई होला, अर्काको पासपोर्टमा काम गर्न गएर आएकी । किर्ते काम गरेकीले वर्षौं जेल परिन्छ; डराइछ" (कार्की, २०७०, पृ. १९७) । प्रस्तुत उदाहरणमा आर्थिक विपन्नताका कारण वैदेशिक रोजगारीमा गएकी कल्पनालाई इमिग्रेसनको कर्मचारीले पासपोर्ट किर्ते गरेको केस मिलाइदिने भन्दै उसको शरीर नियन्त्रणमा लिएर भोग गरेको देखिन्छ । कल्पनाले पनि आफू कानुनी रूपमा फसिने डरले आफ्नो शरीर प्रयोगमा लचकता अपनाउँछे र शरीर

इमिग्रेसनको कर्मचारीलाई सुम्पिन्छे । यहाँ इमिग्रेसनको कर्मचारीले कल्पनाको कानुनी समस्याको समाधान गर्नुको सट्टा उसको शरीर भोग गरेर पीडामाथि पीडा दिएको छ ।

उपभोक्तवादी चिन्तनले महिलालाई वस्तुका रूपमा परिभाषित गर्छ । यसले महिला रुपवती र आकर्षक हुनुपर्छ भन्ने मानक निर्धारण गर्छ । यसले निर्धारण गरेको मानकभन्दा फरक शरीर भएकै कारण महिला शरीर दमनमा पर्ने गरेको छ । नीलम कार्कीको *चीरहरण* उपन्यासका महिलापात्रहरू पनि यस्तो चिन्तनबाट दमित भएका छन् । कालो र माछाको दुर्गन्ध निस्कने शरीर भएकै कारण यस उपन्यासकी पात्र मत्स्यगन्धा आफ्नै आमा बाबु चेदिराज र गिरिकाबाट तिरस्कृत भएर त्यागिएकी छ । राजदरबारमा जन्मिए पनि शरीरका कारण त्यागिएकी मत्स्यगन्धालाई माझी दम्पतीले पालन पोषण गरी हुर्काउँछन् । यसरी शरीरकै कारण दरबारबाट निर्वासित भएकी मत्स्यगन्धालाई ऋिषि पराशरले उपभोग्य वस्तु बनाउँछन् । ऋिषिले रुपवती र सुगन्धित बनाइदिने प्रलोभनमा पारेर उनको शरीर भोग गर्छन् । आफ्नो शरीर उपभोग्य वस्तु बनाउन नचाहँदा नचाहँदै पनि शरीरको दुर्गन्धबाट आजित भएकी मत्स्यगन्धाले ऋिषिलाई शरीर सुम्पिएर सन्तानसमेत प्राप्त गर्छिन् । ऋिषिले सर्त राखेर उनको शरीर उपभोग गर्नु उपभोक्तावादी चिन्तनको उपज हो भन्ने कुरा तलको सक्ष्यले प्रस्ट पारेको छ : "मैले आफ्नो छातीमा लगाउन खोजें । हुँदैन, तिमी स्तनपान गराउन सक्दिनौ । तिमीमा गर्भभारण प्रसवका कुनै प्रकारका परिवर्तन हुनेछैन भनी वाचावन्धित छु म । तिमी एक कुमारीसरह माता-पितासामु उपस्थित हुनेछौ । यस उदाहरणलाई हेर्दा ऋषिले मत्स्यगन्धालाई उपयोग गरेर आफ्नो यौनप्यास मेट्ने र सन्तान प्राप्तिपश्चात् उनलाई पूनः कुमारी नै तुल्याइ फर्काउने पितृत्तात्मक उपभोक्तावादी चिन्तन रहेको देखिन्छ । जसले गर्दा सन्तान सुखभोग पनि गर्न नपाइ सन्तान वियोगको पीडा खपेर मत्स्यगन्धा आत्मनिर्वासनको अवस्थामा पुगेको पाइन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरू शक्तिको केन्द्रमा हुन्छन् । शक्ति केन्द्रमा हुनेले महिलाको शरीर आफ्नो फाइदाका लागि प्रयोग गर्छन् र उनीहरूलाई नर्वासित बनाउँछन । *चीरहरण* उपन्यासमा अर्जुनले आफ्नो इन्द्रप्रस्थ राज्यलाई शक्तिशाली बनाउन छिमेकी राज्यहरूसित सम्बन्ध बढाउने क्रममा त्यहाँका राजकुमारीहरूलाई मायाको नाटक गरी उनीशरूको शरीर प्रयोग गरेको कुरा उलुपीको "म के सुन्दै थिएँ ? यति शीघ्र अर्जनाकको मणिपरकी राजकुमारी चित्रङ्गदासित विवाह सम्पन्न भयो । अर्जुनको प्रेम र आफूसँग बिताएका पल स्मरण गरेँ । अनि एकप्रकारको सन्देह भयो" (कार्की, २०७२, पृ.

३३८) । भन्ने कथनबाट प्रस्ट हुन्छ । अर्जुनले आफ्नो राज्य शक्तिको आडमा राज्यलाई अन्य साना साना राज्यबाट सरक्षित राख्न विभिन्न किसिमको सम्बन्ध गाँसेको थिए । खाण्डव राज्यकी राजकुमारी उलुपीलाई माया गरेको नाटक गरी विवाहसमेत गरेर शरीर उपभोग गरी छोरोसमेत जन्मिएपछि अर्को राज्य मणिपुरमा गई त्यहाँकी राजकुमारी चित्रङ्गदासित पुन विवाह गरेर उनको पनि शरीर प्रयोग गरेको पायन्छ । यहाँ अर्जंनले आफू सत्ता र शक्तिमा रहन महिला शरीरको उपभोग गर्दै उलुपी र चित्रङ्गदालाई आत्मनिर्वासनको स्थितिमा पुऱ्याएका छन् ।

महिला शरीर राजनीतिको एउटा क्षेत्र हो । शरीरमाथिको नियन्त्रण र उत्पीडन सदियौँदेखि चलिआएको छ । उपभोक्तावादी पुँजीवादी समाजमा पैसाका माध्यमबाट शरीरमाथिको अधिकार शरीरधारीले गुमाइरहेको अवस्था छ । तत्कालिन सामाजिक समाज व्यवस्थामा शक्ति केन्द्रसम्म पहुँच भएको किच्चकले द्रौपदीलाई झेल गरेर आफ्नो घरमा आउन लगाएर बलात्कारको प्रयास गरेको कुरा द्रौपदीको यो भनाइले प्रष्ट पार्छ : “किचक स्वम्ले मेरो पाखुरामा समातेर तान्दै द्वारबाहिर पुऱ्यायो । मैले भनेँ, ‘अत्याचार हेरिरहने यो सभालाई धिक्कार छ ।’ किचकले मेरो मुखमा प्रहार गऱ्यो । तत्काल रगतको धारा बग्यो” ( कार्की, २०७२, पृ. ४४०) । द्रौपदीलाई आफूले भोग गर्ने र उसको शरीरलाई नियन्त्रण गरी आफ्नो बनाउने किचकको लक्ष्य नै देखिन्छ । द्रौपदीको सहमतिमा भोग्या बनाउने उद्देश्य पूरा नभएपछि द्रौपदीको शरीरलाई नियन्त्रणमा लिने प्रयास गरेको छ । किचकले राज्यसभामा नै यस्तो हर्कत गर्दा पनि त्यहाँ उपस्थित महाराजा तथा अन्य व्यक्ति कसैले पनि त्यसको विरोध गरेको देखिँदैन । अतः कौरबहरूसँगको सर्तबमोजिम एक वर्षको गुप्तबास बिताउन बाध्य भएकी द्रौपदीको हृदय किचकको व्यवहारले आत्मनिर्वासित हुन पुगेको छ ।

## ३.८ निष्कर्ष

नीलम कार्की ‘निहारिका’ का उपन्यासहरू *अर्की आइमाई, चीरहरण र योगमाया* उपन्यासमा महिला शरीरमाथि युद्ध, धार्मिक परम्परा, उपभोक्तावादी प्रवृत्तिका कारण महिला शरीर निर्वासित भएको पाइन्छ । यसरी निर्वासनमा परेको शरीरले कतै आत्मनिर्वासन कतै आन्तरिक निर्वासन त कतै बाह्य निर्वासनको अवस्थामा पुगी आफ्नो पहिचानसमेत गुमाउन पुगेको छ । निर्वासन हुने क्रममा कहीँ महिलाहरू आफैँ स्वनिर्वासित भएको पाइन्छ

भने कहीँ बाध्यात्मक निर्वासित भएको पाइन्छ । युद्धले मानव जीवन तहसनहस बनाइदिन्छ । पितृसत्तात्मक समाजमा युद्धले महिला शरीरमा झन नराम्रो प्रभाव छोडेर जान्छ र निर्वासनको अवस्थामा पुऱ्याउँछ । युद्धका कारण *अर्की आइमाई* उपन्यासकी पात्र ईलिनाहको जीवन प्रभावित भएको छ । ऊ आर्थिक अभावका कारण हाफ्नो मुलुकबाट निर्वासित भएर अमेरिकामा जीवनयापन गर्ने क्तममा दास्रो विश्वयद्धबाट घाइते भएको केनेडीको घरमा काम गर्न पर्छे । यसै क्रममा केनेडीको बिहेको प्रस्ताव अस्वीकार गरी काम गर्न अन्यत्र जाँदा पनि केनेडीले उसको पिछा लागेर उसको स्वतन्त्रलाई दमन गर्दै विवाह गरेर उसको सहारा बन्न बाध्य बनाउँछ । यस उपन्यासकी पात्र अनन्तकी श्रीमती गृहयद्धको मारमा परेकी छ । अनन्त जनयद्धमा लागेर भमिगत भएका कारण सरकारी सेनाले उसलाई सत्केरी अवस्थामा नै नाबालकको काख खोसी अपहरण गरेर बेपत्ता बनाएको छ ।

अर्को उपन्यास *चीरहरण*मा महाभारतकालीन यद्धले महिलामाथि दमन गरेर शरीर निर्वासित बनाएको पाइन्छ । मद्र नरेशले हस्निापुर र मद्र देशको यद्धमा पराजय भोगेपछि आफ्नो राज्य जोगाउन आफ्नै बहिनीको शरीर प्रयोग गरेका छन् । हस्तिनापरका राजा पाण्डु विवाहित हुँदाहुँदै आफ्नी बहिनी उपहारस्वरूप दिएर मद्र नरेशले बहिनीको शरीरलाई निवासनको अवस्थामा पुऱ्याएका छन् । हस्तिनापुर महाराज पाण्डुले कुन्तीलाई विवाह गरी ल्याएकै दिन मादीसित पून विवाह गरेर घरमा ल्याउँदा कुन्तीको हृदय छियाछिया भएको छ । विवाकै दिनमा सौता व्यहोर्नु पर्दा कुन्तीको हृदय आत्मनिर्वासित हुन पुगेको छ । यहाँ शक्तिको केन्द्रमा रहेको पुरुषले महिलाहरूको हिँडडुल, स्वतन्त्रता, विचारधारा, शरीर लगायतका कुरामा शोषण दमन र नियन्त्रण गरी आफ्नो प्रभुत्व कायम गरेको छ । सुभद्रासित विवाह गरेका अर्जुनले छिमेकी राज्यको आक्रमणबाट बच्नकै लागि उलुपी, चित्रङगदासित विवाह गरेर सन्तान जन्माउँदै हिँडेका छन् । जसका कारण उलुपी तथा चित्रङ्गदाको शरीरमाथि दमन हुनुका साथै आत्मनिर्वासित समेत भएको छ ।

सामाजिक परम्परा तथा उपभोक्ता संस्कृतिका कारण कार्कीका उपन्यासका महिला पात्रहरूको शरीर दमन हुनुका साथै निर्वासित भएको पाइन्छ । प्राकृतिक रूपमा महिलाहरूमा हुने रजस्वलालाई हतियार बनाएर पितृसत्तात्मक सामाजिक परम्पराले योगमायालाई गोठमा राखेर उनको शरीरमाथि दमन गर्नुका साथै आत्मनिर्वासित बनाएको छ । विवाह पद्धति महिला शरीर निर्वासनको एउटा कारण हो । बाल्यावस्थामा नै विवाह गर्न बाध्य योगमयाले माइतीको न्यास्रो मेट्न भागेर माइत आउँदा सामाजिक मूल्य मान्यताका

कारण घरबाट अस्वीकृत हुनुपरेको छ भने माइतीबाट अपहेलित समेत हुनुपरेको छ । नैनकलाको बाल्यावस्थामा नै आफूभन्दा धेरै उमेरको पुरुषसित विवाह भएका कारण पतिको मृत्युपश्चात् घरबाट निकालिनु परेको छ । यसले गर्दा यहाँ दुबैजना आत्म सनिर्वासनको अवस्थामा पुगेका छन् । पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको दुरूपयोग गरेको छ । यसले महिलालाई घरायसी काममा व्यस्त बनाउने, पुरुषले आर्थिक क्षेत्र कब्जा गर्ने, आर्थिक रूपमा फाइदा हुने देखेमा आफ्नै पत्नीलाई परपुरुषसित कागजी विवाह गराउने र विदेश पठाउने, विदेश पुगेर त्यहाँको नागरिक भएपछि अर्को पुरुषसित कागजी विवाह गरेर विदेश लानुपर्ने, सुन्दर बन्न दबाब दिने, आफूलाई मन नपरे पनि उसले भनेबमोजिम चल्नुपर्ने जस्ता बाध्यात्मक काम गराउँछ । यस्तै संस्कृतिको चपेटामा परेर कार्कीका *अर्की आइमाई* उपन्याका तारा, सावित्रीजस्ता पात्रहरू बाह्य निर्वासित हुनु परेको छ । तारालाई कागजी विवाह गरेर घरको काम गर्न लगाइएको छ  भने सावित्रीलाई आफ्नै श्रीमानले  परपुरुषसित कागजी विवाह गरेर यौनसम्बन्ध राख्न बाध्य पारी आफू अमेरिका जाने ढोका खोलेको छ र अमेरिका गएपछि साबित्रीलाई त्यागिदिएको छ । आर्थिक विपन्नताका कारण वैदेशिक रोजगारीमा गएकी कल्पनालाई इमिग्रेसनको कर्मचारीले पासपोर्ट किर्ते गरेको केस मिलाइदिने भन्दै उसको शरीर नियन्त्रणमा लिएर भोग गरेको देखिन्छ । आफ्नो शरीर उपभोग्य वस्तु बनाउन नचाहँदा नचाहँदै पनि शरीरको दुर्गन्धबाट आजित भएकी *चीरहरण* उपन्यासकी मत्स्यगन्धाले शरीर सुन्दर बनाउन ऋिषिलाई शरीर सुम्पिएर सन्तानसमेत प्राप्त गर्छिन् । त्यसै गरी अजुनद्वारा शक्ति र सत्ताको आडमा उलुपी तथा चित्रङ्गदाको शरीर उपभोग गरिएको छ र उनीहरू आत्मनिर्वासित भएका छन् ।

# चौथो परिच्छेद

## नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोध

### ४.१ विषय परिचय

प्रस्तुत अध्ययनमा नीलम कार्की 'निहारिका' का उपन्यासमा अभिव्यक्त महिला शरीरप्रति गरिएको राजनीतिलाई शरीर राजनीतिको प्रतिरोधका मान्यतामा आधारित भएर विश्लेषण गरिएको छ । महिलाको शरीर पुरुषको नियन्त्रण र अधीनबाट मुक्त गर्नुपर्छ भन्ने मान्यता सांस्कृतिक अध्ययनअन्तर्गत रहेको शरीर राजनीतिको महत्त्पूर्ण पक्ष हो । नीलम कार्की 'निहारिका' का उपन्यासका अधिकांश पात्रहरूमा प्रतिरोधी चेतना प्रवल रूपमा देखिएको छ । कार्कीका उपन्यासमा यौनिकता र प्रजनन, धार्मिक तथा सांस्कृतिक, लैङ्गिकता, शक्ति र प्रभुत्व श्रम र उपार्जनका मान्यतामा महिला शरीरद्वारा गरिएको प्रतिरोधको स्थिति के कस्तो छ र प्रतिरोध कसरी गरिएको छ भन्ने कुराको अध्ययन यस शीर्षकअन्तर्गत गरिएको छ ।

### ४.२ शरीर प्रयोगप्रतिको प्रतिरोधसम्बन्धी अवधारणा

मानव शरीर राजनीतिक क्षेत्र हो । शक्तिको चलखेल हुने स्थल हो । यसलाई पितृसत्ता, धर्मसत्ता, पुँजीवादी विचारधाराले यान्त्रीकरण गरेर प्रयोग गरेको हुन्छ । जुनसुकै बहानाले गरिएको शरीरमाथिको नियन्त्रण, प्रयोग र अधीनस्थता शरीर राजनीति हो । नारीले आफ्नो शरीरमाथि अर्काको नियन्त्रण र नियोजन अस्वीकार गरी आफ्नो शरीरमाथि पूर्ण अधिकार आफ्नो मात्रै रहन्छ भन्ने दाबी प्रस्तुत गर्दै आएका छन् । नारीलाई अधीनस्थ बनाएर शोषण, दमन र थिचोमिचो गर्ने संरचना पितृसत्ता, पुँजीवाद र सामाजिक संस्कृति हो, यसबाट मुक्त गर्न खोज्नु र प्रयोगमा आउन नदिनु प्रतिरोध हो । शरीर राजनीति व्यक्तिगत स्वतन्त्रतासँग जोडिएको छ । शरीरमाथिको प्रयोगको प्रतिरोध मौनता, आवाज, पहिरन, खानपान, जीवनशैली आदिका माध्यमबाट गरिन्छ । स्वाभिमानी बन्नु, स्वतन्त्रता खोज्नु, कपाल काट्नु, गहना नलगाउनु, सामाजिक बन्देजका खानपिन गर्नु, विरोधमा बोल्नु, वैदेशिक रोजगार जानु, यदाकदा मौनता साँध्नु आदि प्रतिरोधका तरिका हुन् । यसले शरीरमाथिको सबै खाले उत्पीडनको विरोध गर्दछ । आफ्नो अधिकार, स्वतन्त्रता र आत्मसम्मानको माग दाबी प्रस्तुत गर्छ ।

## ४.३ यौनिकता र प्रजनन्का मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

सामान्यतया यौनिकता भन्नाले भिन्न लिङ्ग वा समान लिङ्ग तथा तिनीहरूको यौनिक क्रियाकलाप, यौनिक शक्ति, यौनिक पहिचान, शारीरिक संरचना, हाउभाउ, यौन चाहना तथा व्यवहारहरूको समष्टि रूप भन्ने बुझिन्छ । यौनिकताका सवालमा फुको आफ्नो 'हिस्ट्री अफ सेकसुआलिटी'मा प्रस्ट पार्दै लेख्छन् : "यौनिकता विभिन्न उमेरमा विभिन्न ढाँचामा प्रदर्शन हुन्छ । मानिसमा शिशु अवस्थादेखि नै यौनिकता व्यवहारहरू प्रदर्शित भइरहन्छन् भने अर्कातर्फ खास पेसा तथा क्षेत्रमा आफ्नै प्रवृत्तिको यौनिकताको प्रकटीकरण भैरहन्छ" (फुको, १९७८, पृ. ४७) । यौनिकता पितृसत्ताको पक्षमा रहेकाले अन्य लिङ्गी यौनिकता भएका व्यक्ति तथा महिलालाई पनि विभेद गर्ने गरेको देखिन्छ । यस्तो यौनिकतामा महिला र पुरुषको सम्बन्ध भए पनि त्यो सम्बन्ध महिलामैत्री नभएको साथै महिलालाई पुरुषले आफ्नो इच्छाअनुसारका यौनिक र सामाजिक व्यवहारमा सीमित गरिदिएको देखिन्छ ।

प्रजनन महिला शरीरसँग सम्बद्ध विषय भए तापनि पितृसत्ताले महिला शरीरलाई नियन्त्रणमा राखेका कारण महिलाहरू प्रजनन सम्बन्धी अधिकारबाट बञ्चित रहेका छन् । "समाजमा पृतिृसत्ता हावी भएकाले महिलाका उत्पादन श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजननशक्ति, सम्पत्ति तथा सम्पूर्ण स्रोत साधनमाथि पुरुषको नियन्त्रण हुन्छ" (पाण्डे, २०६९, पृ. २२२) । महिलाहरूमा कति बच्चा जन्माउने, कहिले जन्माउने, छोरो वा छोरी के जन्माउने भन्ने अधिकार रहँदैन । समाजका प्रजनन सम्बन्धी यस्ता बनिबनाउ र स्वार्थपूर्ण विचारधाराको भञ्जन सुरु भएको छ । पितृसत्ताले हजारौँ वर्षदेखि नारीको शरीरमाथि गरेको नियन्त्रणलाई तोड्दै "मेरो शरीर मेरो स्वतन्त्रता" भन्ने प्रतिरोधी विमर्शको प्रतिपादन हुन थालेको छ ।

प्रजनन् सम्बन्धी कुरामा आफ्नो शरीरको निर्णय लिन पाउनुपर्ने विचारका साथै कति बच्चा जन्माउने, कहिले जन्माउने, बच्चाको जन्मान्तर कति राख्ने, छोरो वा छोरी के जन्माउने भन्ने अधिकार महिलामा सुरक्षित हुनुपर्छ भन्ने मान्यता प्रजननप्रतिको प्रतिरोधले राख्छ । यसै सन्दर्भमा नेत्र एटमको भनाइ यसप्रकार रहेको छ : "गर्भपतनका सन्दर्भमा विमर्श हुँदै गर्दा शरीर राजनीतिको व्याख्या हुन थालेको हो तर यसको प्रारम्भिक उद्देश्यचाहिँ नारीको शरीरलाई वस्तुकरण गर्ने संस्कृति, नारीमाथि हुने हिंसाका विरुद्ध लड्नु थियो र

नारीको प्रजनन अधिकारका पक्षमा अभियान सञ्चालन गर्नु थियो" । (एटम, २०७९, पृ.५३ । महिलाले विवाहपश्चात् त्यो परिवारको वंश धानिदिनका लागि बच्चा जन्माइदिनै पर्छ । त्यसमा पनि पुरुषको चाहनाअनुसार बच्चा जन्माउन महिलाहरू बाध्य हुन्छन् । अविवाहित महिलालाई त झन बच्चा जन्मान वर्जित नै छ । यदि महिलालाई बच्चा चाहिएमा विवाह गर्नैपर्ने बाध्यता छ । यस्ता मान्यतालाई चुनौती दिँदै महिलावादीहरू प्रजनन सम्बन्धी आफ्नो अधिकारको आवाज उठाउँछन् । बच्चा जन्माउने कुरामा मात्र नभइ अनिच्छित गर्भपतनका पक्षमा पनि वकालत गर्दै आएको पाइन्छ । "आजका नारीवादीहरूले मेरो शरीर मेरो अधिकार देखि तिम्रा कानुन मेरो शरीरबाट टाढै राख भन्ने जस्ता प्रसिद्ध नारासहित आफ्नो शरीरको मुद्दालाई उचाइमा पुऱ्याएको देखिन्छ" (लामा, २०७६, पृ. ९७) । यसप्रकार अबका महिलाहरू आफ्नो शरीरसँग सम्बद्ध पितृसत्तात्मक समाजले निर्माण गरेका विभेदी मान्यतालाई प्रतिकार गर्छन् ।

### ४.४ नीलम कार्की 'निहारिका' का उपन्यासमा यौनिकता र प्रजननका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

नीलम कार्की 'निहारिका' द्वारा लेखिएको *अर्की आइमाई* उपन्यासका महिला शरीरहरू यौनिकता र प्रजननमा दृष्टिले शोषित रहेका छन् र उनीहरूले आफ्नो ठाउँबाट प्रतिरोधको प्रयास पनि गरेका छन् । यस उपन्यासकी तारा आफूभन्दा दुई गुणा उमेरको व्यक्तिकी पत्नी र दुई सन्तानकी आमा भएर अमेरिका पुगेकी र लोग्नेकी स्वास्नीभन्दा पनि अर्की आइमाई बन्न पुगेकी नारी पात्र हो । उन्नाइस वर्षसम्म सो घरकी कामदारका रूपमा रहेकी तारालाई जब अर्की आइमाई बनाइएको कुराको बोध हुन्छ तब ऊ नेपाल फर्किन्छे । नेपाल फर्किएपछि पनि उसलाई उसको नन्देज्वाइँले अर्की आइमाईको दर्जामा राख्न चाहन्छ । उपन्यासमा उसको शरीर प्रयोग गरेर सन्तान जन्माउन चाहने नन्देज्वाइँको प्रस्तावलाई अस्वीकार गरेर उसले प्रतिरोध गरेको पाइन्छ । यस कुराको सङ्केत उपन्यासमा यसरी गरिएको छ : "हामी अब एक छतमूनि बसिरहन सक्दैनौँ । यहाँको सामान गाडीमा राखिदिइसकिएको छ, चाबी यहाँ छ लिनुस् । रिस त साह्रै उठेको छ यहाँसँग तर...? अब यताको बाटो नसम्झनु होला । म बहुलाएकी छु । बहुलाएकी स्त्री नागिन हुन्छे, डस्न सक्छे" (कार्की, २०७०, पृ. १२४-१२६) प्रस्तुत साक्ष्यमा ताराको नन्देज्वाइँले आफ्नी श्रीमतीसित सन्तान जन्माउन नसकेपछि तारालाई यौन तृप्ति मेटाउने साधन बनाउने र सन्तान

जन्माउने हिसाबले उसको शरीर भोग गर्न चाहन्छ । नन्देज्वाईंले श्रीमती हुँदाहुँदै आफूलाई सन्तान जन्माउने भाँडो र अर्की आइमाई बनाउन लागेको भनी ठाडै अस्वीकार गरेर उसले प्रजनन्प्रतिको आफ्नो शरीरको अधिकारको रक्षा गर्दै प्रतिरोध गरेकी छ ।

पितृसत्तात्मक समाजमा पुरुषले महिलालाई यौन उपभोग्य साधनका रूपमा लिन्छ र उपभोग गर्छ । त्यसको परिणामस्वरूप महिला गर्भवती भएमा उसको पेटको बच्चा र ऊ स्वयम्लाई त्यही पुरुष र समाजले नै स्वीकार गर्दैन र उसलाई आत्महत्या गर्न बाध्य बनाइन्छ । यस उपन्यासमा यस्तो असमान मान्यताको विरोध गर्दै महिलाको प्रजनन् अधिकारको रक्षाका लागि उपन्यासमा यसरी आवाज उठाइएको छ :

> माछा पौडिएझैँ अझ छिटो खुट्टा चलाओ । मेहनत गर... पाखुरामा बल भर ...छिटो, अझ छिटो गर । आत्मबल बढाओ । मेहनत गर ...अब ईश्वर पुकारेर मात्र पुग्दैन, वरदानलाई शक्तिमा आफैँले ढाल्नुपर्छ । उड्ने हामीले हो, मेहनत गर्ने आफैँले हो । हामी पनि उड्न सक्ने रहेछौँ, गर्भवती खुसी हुन्छे (कार्की, २०७०, पृ. २०६) ।

प्रस्तुत सन्दर्भमा महिलाको गर्भवती अवस्थाको सङ्कटकालीन र त्रासद अवस्थालाई सङ्केत गरिएको छ । पति परदेश गएको अवस्थामा गर्भवती हुन पुगेकी महिलाको बच्चा तथा ऊ स्वयम्लाई समाजले नस्वीकार्ने भएका कारण ऊ आत्महत्या गर्न पोखरीमा जान्छे । यहाँ पोखरीलाई पितृसत्ताका रूपमा सङ्केत गरिएको छ । अब महिलाहरूले पितृसत्ताको दलदलमा फँसेर आफ्नो प्रजनन अधिकारलाई गुमाउनु पर्ने अवस्थाको अन्त्य गर्दै महिला सृष्टिको शक्ति भएकाले यही शक्ति प्रयोग गरेर सामन्ती पितृसत्ताको विरुद्धमा महिला शरीरसम्बद्ध प्रजनन अधिकारको रक्षाका लागि उडान भर्नुपर्ने प्रतिरोधी स्वर अभिव्यञ्जित छ ।

उपन्यासकार नीलम कार्की निहारिका' को उपन्यास *चीरहरण*मा पनि यौनिकता र प्रजननका मान्यतामा महिला शरीर शोषणको प्रतिरोधी स्वर प्रशस्त भेटिन्छ । यस उपन्यासका सर्वसाधारण महिलादेखि उच्च घरानियाँ महिलाहरू पनि शरीर शोषणको चरम दमनमा परेका छन् । यस उपन्यासकी पात्र कुन्तीले तत्कालीन समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक मूल्य र मान्यताका कारण आफूले प्रजनन् र मातृत्व गुमाउनु परेकोप्रति विद्रोही स्वर यसरी प्रस्तुत गरेकी छन् :

'विवशताको खोल ओडेर, समाज र संस्कारका नाममा अपराध गरिरहन सक्दैनौँ हामी कुन्तीहरू । सजाय मैले यथेष्ट पाएँ । महाभूलमा आफ्नै पुत्रबाट पनि श्रापित भएँ । मेरा अनुयायीहरू दिनानुदिन वृद्धि भएकोमा दुःखी छु । कुन्तीलाई आदर्श सम्झने भूल नगरुन् तिनले । जागृतिको कामना गर्छु (पृ.५२०) ।'

प्रस्तुत कुन्तीमार्फत् आएका तर्कहरू पितृसत्ताले बनाइदिएका सामाजिक मान्यताको विरुद्ध छन् । दुर्वाशा ऋषिले दिएको मन्त्र परीक्षणका निम्ति भूलवश उच्चारण गर्दा उनले सूर्यसित संसर्ग गरी सन्तान जन्माउनु पर्ने बाध्यकारी परिस्थितिको सिर्जना हुन्छ । अविवाहित महिलाले सन्तान जन्माएमा समाजबाट तिरस्कृत हुनपर्ने डरले कुन्तीले आफ्नो सन्तानलाई गङ्गामा बगाउन बाध्य हुन्छिन् । यस्तै विवशतामा परेर कयौँ अविवाहित महिलाहरूले आफ्नो शरीरसम्बन्धि प्रजनन् अधिकारबाट वञ्चित भएर भ्रुण हत्या गर्न बाध्य भएको अवस्थाप्रति कुन्तीको असन्तुष्टि रहेको छ । त्यसैले यहाँ आजका कुमारी आमाहरू कुन्तीले जस्तो भ्रुण हत्यामा नलागून् भन्ने चेतावनी दिइएको छ । आजका नारीहरूले पितृसत्ताका विरुद्ध लागि आफ्नो सन्तान जन्माउने अधिकार सुरक्षित राख्न प्रतिरोध गर्नुपर्ने धारणा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा पुरुषले चाहेमा जति महिलासँग पनि सन्तान जन्माउन छुट रहेको छ तर कुनै अविवाहित महिलाले कुनै बाध्यतावश सन्तान जन्माए त्यसलाई समाजले स्वीकार्दैन । यही डरले महिलाहरूले आफूले जन्माएको बच्चालाई शैशवावस्थामा नै मार्न बाध्य बाध्य छन् । यस्तै बाध्यतामा परेकी एक वृद्धले यसको विरोध गर्दै उपन्यासमा यस्तो विचार राखेकी छन् :

प्रायश्चित्को लागि यो अभिभारा लिएर हिँडेकी छु, आइन्दा सामाजिक भयको नाममा कोही नारीबाट त्यो गल्ती नहोस्, जुन मबाट भएको थियो । आफ्नो सन्तान बचाउन सकिन । अरुको बचाउनेछु । अब कोही आमा सामाजिक त्रासमा परेर पापको भागिदार नबनून् । (कार्की, २०७२, पृ. २५५)

प्रस्तुत कथन उपन्यासकी एउटी वृद्ध पात्रको हो । यस सन्दर्भअनुसार उनले अविवाहित हुँदा नै सन्तान जन्माएर घरपरिवार तथा समाजका डरले गङ्गामा बगाएकी थिईन् । अबका आमाहरूले यस्तो पाप गरेर सन्ताबाट अलग हुन नपरोस् भनी आफूले गरेको गल्तीको प्रायश्चित् गर्दै आगामि दिनमा समाजसँग लड्ने प्रण गरेकी छन् ।

सामन्ती पितृसत्ताले महिला शरीरलाई केवल शारीरिक तृष्णा मेट्ने साधनका रूपमा लिएको हुन्छ । प्राचीन कालमा पुरुषले अप्सराहरूलाई पुरुषका भोग्या र खेलौनाका रूपमा मात्र प्रयोग गरेको तथ्य पस्तुत गर्दै उनीहरूलाई विवाह गरी घरबार बसाल्नु पर्ने विचार प्रस्तुत गरेकी छन् :

> 'तिमी पनि उस्तै पुरुष हौ । हामी अप्सरा, उर्वशी खालि प्रयोग हुन सक्छौं । क्षणिकको लागि कसैको पत्नी भए पनि घरजम गरेर आजन्म कसैसँग रहन सक्दैनौं । तिमी पुरुष हामीसँग हाँसखेल गर्न सक्छौ । मनोरञ्जन लिन सक्छौ, पत्नीको दर्जा प्रदान गर्न सक्दैनौ ? उर्वशी निकै क्रोधित भइन् । (कार्की, २०७२, पृ. ४१०) ।

प्रस्तुत सन्दर्भमा अर्जुनलाई उर्वशीले राखेको विवाहको प्रस्ताव अस्वीकार गर्दा उर्वशीको आक्रोस पोखिएको छ । यहाँ पुरुषहरूले अप्सराहरूसँग क्षणिक मनोरञ्जन लिने, उनीहरूको शरीरलाई भोग्ने, हाँसखेल गर्ने अनि विवाह गरेर पत्नी बनाउन नसक्ने पितृसत्तात्मक सोचप्रति उर्वशीले विरोध गरेकी छन् ।

### ४.५ धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

समाज विभिन्न धार्मिक तथा सांस्कृतिक मान्यता र विश्वासमा अडेको छ । सामाजिक मान्यताअनुसारका चिन्तनहरू हुन्छन् । नेपाली समाज कतिपय पुरातन धार्मिक तथा सांस्कृतिक मान्यतामा जकडिएको पाइन्छ । यद्यपि यस्ता पुरातन मान्याता भङ्ग हुने क्रम त सुरु भएको छ तर यसले पूर्णता भने पाएको देखिँदैन । शरीर राजनीति धार्मिक, पितृसत्ता र पुँजीवादीहरूको वशमा छ । शरीर राजनीतिको प्रयोग धेरैजसो महिला, र सीमान्तकृत समुदायमा भएको छ । शरीर राजनीति शक्तिशाली वर्गले कमजोर वर्गलाई सताउने, वस्तुकरण गर्ने माध्यम र हतियार हो । महिला शरीर प्रयोगका विभिन्न मानक निर्धारण गरिएको पाइन्छ । पितृसत्ताले धर्म र संस्कृतिजस्ता मानक बनाएर सदियौँदेखि महिला शरीरको प्रयोग र नियन्त्रण गर्दै आएको पाइन्छ ।

शरीरमाथिको हक महिलाको मौलिक अधिकार हो । उनीहरूले आफ्नो शरीर आफ्नै इच्छामा चल्नुपर्ने हो तर त्यसो नभइ महिला शरीर सामाजिक मूल्य र मान्यतामा जमडिएको छ । सांस्कृतिक परम्पराहरू पितृसत्तात्मक भएका कारण महिलाहरू विवाहपश्चात पुरुषको घर जनुपर्ने, विवाहित हुँ भनेर चिनिन मङ्गलसुत्र, सिन्दुर र पोतेले शरीर रङ्ग्याउनु पर्ने, थर फेर्नुपर्ने, पतिलाई परमेश्वर मानेर गोडाको जल खानुपर्नेजस्ता

पितृसत्तात्मक भाष्यहरूका विरुद्ध आवाज उठाएर धार्मिक तथा सांस्कृतिक मान्यताले पिल्सिएको शरीरलाई मुक्त गराउने जमर्को भएको पाइन्छ ।

हिन्दु संस्कृतिमा पतिको मृत्युपश्चात् गरिने आफ्नै प्रकारका संस्कारहरू छन् । पतिको मृत्युपछि पत्नीले जीवनभर सेतो वस्त्र लगाएर बस्नु पर्ने पून विवाह गर्न नपाउनेजस्ता पितृसत्तात्मक विमर्शका विरूद्ध बुलन्द आवाज उठाउन थालेका छन् । यसको प्रभाव साहित्यिक कृतिमा पनि परेको देखिन्छ । नेपाली समाजमा यदि पतिको मृत्यु भएमा पत्नीको स्वीकृति भए पूनः विवाह गरिदिने प्रतिरोधी मान्यताका झिल्का देखिन थालेको पाइन्छ । बालविवाहको विरोध, विधवाले पनि विवाह गर्न पाउनुपर्ने, महिलाले पनि पढ्न पाउनुपर्ने, महिला पुरुषवीच भेदभाव गर्न नपाइने जस्ता महिला अधिकारका कुरा उठाउन थालेको पाइन्छ । महिलाले धार्मिक ग्रन्थ पढ्न नहुने, रजस्वला भएका महिला अछुत हुने, दलित महिलाहरू धार्मिक तीर्थस्थल प्रवेश गर्न नपाउनेजस्ता भाष्यहरू निर्माण गरी समाजले महिला शरीर दमन गरिरह्यो । विस्तारै यस्ता अमानवीय कुराहरूलाई भङ्ग गर्दै वेद तथा पुराणहरू पढ्ने, रजस्वला भएका बेला सफा सुग्घर रही नियमित काम गर्ने, दलित महिलाहरू धार्मिक तीर्थस्थलमा प्रवेश गर्नेजस्ता कार्यहरू गरेर धार्मिक रूपमा गरिएको दमन विरुद्ध प्रतिरोध गर्न थालिएको छ ।

## ४.६ नीलम कार्की 'निहारिका' का उपन्यासमा धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

नीलम कार्की 'निहारिका' द्वारा लिखित *चीरहरण* उपन्यासमा परम्परागत चिन्तन र शरीर प्रयोगको प्रतिरोध गर्ने पात्रहरूको प्रयोग गरिएको छ । महाभारतकालीन समयमा पनि महिलाहरूमा आफ्नो शरीरप्रति राजनीति गरिएको चेत रहेको पाइनछ । महाभारतको विषयलाई वर्तमानका मानवका नजरले हेरिएको यस उपन्यासमा महिला शरीर प्रयोगप्रतिको प्रतिरोधमा महिला पात्र मात्र उत्रिएका छैनन्, पुरुष पात्रले पनि यसको प्रतिवाद गरेका छन् ।

यस उपन्यासमा धर्म र परम्पराका नाममा पतिको मृत्युपश्चात् नारीले सती गएर ज्युँदै आफ्नो शरीरलाई जलाउनु पर्ने पितृसत्तात्मक मान्यताप्रति प्रतिरोधको बुलन्द आवाज घन्किएको छ । महाराज पाण्डुको मृत्युपश्चात् माता कुन्ती सती जान लाग्दा छोरे युधिष्ठिरले प्रतिवाद गरी आमालाई सती जानबाट रोकेको प्रसङ्ग उपन्यासमा यसरी वर्णन गरिएको छ : "मैले गुरुसमक्ष पनि प्रश्न गरेको थिएँ, त्यो कसरी धर्म हुन्छ ? स्वयंप्रतिको

घात निश्चय धर्म हुन सक्दैन, परपीडकजत्तिकै पापी कर्म" (कार्की, २०७२, पृ. २४८) । यस कथनमा आमा कुन्ती महाराज पाण्डुका साथ सती जान लाग्दा छोरो युधिष्ठिरले प्रतिवाद गरेका छन् । पतिका लागि सती जाँदा महिलाका लागि घात भइरहेका उनको ठम्याइ रहेको छ । त्यसैले उनी आफूलाई घात गरी जिउँदो शरीर पुरुषका नाममा जलाउँदा धर्म हुने कुरा कदापि राम्रो होइन । यसले महिला शरीरप्रति अन्याय गरेको छ भनी सती जानबाट महिलालाई रोकी अन्यायी धर्म र परम्पराप्रति प्रतिरोध गरेका छन् ।

उपन्यासमा द्रौपदीको शरीरलाई धर्मका नाममा वस्तुकरण गरिएकोप्रति विदुर, द्रोणचार्यले विरोध गरेका छन् । युधिष्ठिरले पत्नीको शरीरप्रतिको निर्णय गर्ने अधिकार आफ्नो नै हो धन्ने ठानी जुवामा राखेकोप्रति विरोध गर्दै महाराजसामू आचार्य द्रोण यस्तो धारणा राख्छन् : "महाराजमा म नम्र निवेदन गर्छु, नारीलाई जुवामा थाप्ने परम्पराको यहीँबाट आजदेखि अन्त्य हुनुपर्छ । जनतामा समेत लागू हुने गरी घोषण गरियोस्" (कार्की, २०७२, पृ. ३७७) । यहाँ महिलाको शरीर प्रयोगप्रतिको प्रतिरोध महिलामा मात्र नभई पुरुषमा पनि देखिएको छ । द्रौपदीको शरीरलाई परम्पराको हतियार बनाएर पितृसत्ताले प्रयोग गरेको ठम्याइ आचार्य द्रोणको रहेको छ । उनी यस्ता परम्पराहरू भत्काएर महिलालाई वस्तुकरण गरी जुवामा राख्ने परम्पराको अन्त्य गर्नुपर्छ भनी प्रतिरोध गर्छन् । त्यसैगरी लोकप्रियताका नाममा गलत परम्पराको अन्त्य नगरेसम्म समाजमा न्यायोचित परिवर्तन हुन सक्दैन भनी सहदेवले पनि परम्पराले महिला शररप्रति गरेका राजनीतिप्रति विरोध गरेको पाइन्छ ।

त्यसै गरी द्रौपदी गुप्तवास बसेको समयमा उनको सौन्दर्यबाट लठ्ठिएर श्रीमती बनाउन चाहने किच्चकको मृत्युपश्चात् महिलालाई सती पठाउने अन्ध परम्पराको प्रतिरोध गर्दै द्रोपदीले यसरी विरोध गरेकी छन् :

> मैले विशाल स्वरमा भनेँ, 'यो सौरन्धी न किच्चककी पत्नी हो न त प्रेमिका । मलाई बन्धनमुक्त तुल्याउनुहोस् ।' अझ विशाल स्वरमा भनेँ, 'हे नारी, पापी किच्चक बाँचुन्जेल कति उत्पीडन सह्यौ ? उसले बाँचुन्जेल कति अत्याचार गऱ्यो ? आज त्यसको निम्ति चितामा चढ्न तयार छौ ? पतिपारायणको मान कहिले राख्न सकेन पापीले । ऊ मानव होइन, दानव हो । (कार्की, २०७२, पृ. ४६०)

द्रौपदीलाई किच्चकले मनपराएकै भरमा उसकी पत्नीको हैसियतमा सती पठाउने समाजसित द्रौपदीले विद्रोह गरकी छन् । आफू किच्चककी पत्नी तथा प्रमिका केही नभएको र श्रीमती नै भए पनि यस्तो महिलाको शरीरलाई घात गर्ने परम्परालाई तोड्दै अन्यायी र अत्याचारी पतीको चितामा जल्न जाने महिलालाई रोक्दै धार्मिक तथा परम्पराका मान्यतामा महिला शरीरप्रति गरिएको शोषणप्रति विद्रोहको स्वर प्रकट गरेकी छन् ।

परम्परादेखि नारीलाई अरुको सहारामा बाँच्ने मानिसका रूपमा लिइन्छ । जसले गर्दा उनीहरूलाई नीरिह प्राणीका रूपमा हेरिन्छ । पुरुषलाई शक्तिशाली र नारीको सुरक्षा गर्ने व्यक्तिका रूपमा हेरिन्छ । यस्तो परम्पराको अन्त्य गर्दै महिलालाई शक्तिशाली बनाउनु पर्ने धारणा राख्दै कर्णले यस्तो परम्पराप्रतिको प्रतिको धाराणा यसरी राखेका छन् :

> नारीको रक्षा नै धर्म हो भन्ने भ्रमपूर्ण व्याख्याको अन्त होस् । जबसम्म पुरुषलाई नारीको रक्षा-कवच सम्भिmइन्छ तबसम्म नारीहरू कमजोर नै रहीरहन्छन्, अन्यायमा आफूलाई शक्तिहीन सम्भिmएर अरुकै मार्ग ताकीरहन्छन् तमाम द्रौपदीहरू । यसर्थ म भन्छु सर्वप्रथम स्व-रक्षा धर्म हो भनी पुनव्याख्या होस् । नारी सम्मानित हुँदा देव खुसी हुन्छन् भन्नु आफैमा विरोधाभास देख्छु । यो भिन्नता किन ? यस्ता असमानताले दुर्घटना निम्त्याइरहन्छ । जीवजन्तु समेत सृष्टिले दिएको आफ्नो शक्ति पहिचान गरी आफ्नो रक्षा स्वयम् आफै गर्ने गर्छन् । शत्रुको आक्रमण या अप्ठेराहरूमा कसैको मार्ग ताक्दैनन् । किन जीवजन्तुभन्दा पराश्रित नारीहरू । (कार्की, २०७२, पृ. ५१८-५१९)

प्रस्तुत कथन यस उपन्यासका पात्र कर्णको हो । कर्णले यहाँ नारी स्वतन्त्रताको वकालत गरेका छन् । नारीलाई पुरुषले संरक्षण गर्ने होइन स्वतन्त्र गरेर आफ्नो भरमा उभिने बनाउनु पर्छ भन्ने मान्यता राखेका छन् । नारीको रक्षा गरे धर्म हुन्छ भन्ने धारणा परम्रागत रहेको र यसले महिलालाई कमजोर बनाउने, संरक्षणका वाहनामा पुरुषले उनीहरूको शरीर भोग गर्ने प्रवृत्तिको विकास भएकाले यसको अन्त्य गरी महिलालाई शक्तिशाली, आत्मनिर्भर बनाउनु पर्ने परम्परा विरोधी धारणा राख्छन् ।

नीलम कार्कीको अर्को उपन्यास *योगमाया* ले धार्मिक तथा संस्कृतिका मान्यतामा गरिएको महिला शरीर दोहनको विषयलाई उठाएर त्यसप्रति विद्रोहको चेतनालाई प्रखर रूपमा प्रस्तुत गरेको पाइन्छ । यस उपन्यासकी प्रमुख पात्र योगमाया घरको यातना र बुहार्तन खप्न नसकेर माइत आउँदा धर्म र संस्कृतिका नाममा त्यहाँ भोग्न परेका लाञ्छना,

घृणा, निन्दा र तिरस्कारले उनीभित्रको विद्रोहचेतनाको दीप बालिदिएको कुरा यस प्रसङ्गले प्रस्ट पारेको छ : "बाआमाका लागि ज्युँदै मरेँ । तरह तरहको ठक्कर खाँदै पच्छारिँदै, फेरि हिम्मत गर्दै उठ्दै हिँड्दै गरेँ" (कार्की, २०७४, पृ. १५८) ।

अन्याय सहन नसकेपछि मानिसले कि त विद्रोहको बाटो लिन्छ कि त पलायनको । यहाँ योगमायाले माइती र समाजलाई चुनौती दिँदै विद्रोहको बाटो लिएको पाइन्छ । माइतीको न्यास्रो लागेर भागेर माइत आउँदा घरकाले परित्याग गरेपछि माइतकाले पनि विवाह गरेकी छोरी माइत बस्दा इज्जत जाने परम्परा र संस्कारका कारण माइतमा पनि अपहेलित हुन्छिन् । जसको परिणाम यस्ता परम्परा र संस्कारले थोपरिदिएको मूल्य र मान्यतालाई उल्लङ्घन गर्दै उनले घर र माइती परित्याग गरी गाउँकै आसामेसँग भागेर आसाम गईन् । उनको यो कदम महिला शरीरलाई नियन्त्रणमा राख्ने धर्म र परम्परागत मान्यताप्रतिको प्रतिरोध हो ।

हाम्रो पितृसत्तात्मक समाजमा धर्म, संस्कृति र परम्पराका नाममा शरीर विभेदको भाष्य निर्माण भएको छ । यही भाष्यलाई हतियार बनाएर प्राचीन कालदेखि नै जातका आधारमा शरीर विभेद गर्न थालियो । यो जातीय विभेदमा पनि महिला शरीरनै बढी प्रभावित भएको भयो । यस्ता सामाजिक सन्दर्भहरू उठान गर्दै योगमायाले महिला शरीरसम्बन्धी अधिकारको प्रतिरोधी स्वरहरूलाई उपन्यासमा यसरी उजागर गरेकी छन् :

> ब्राह्मण या क्षेत्रीका मात्र पेवा होइनन् ईश्वर । म जातपात, छुवाछुतमाथि रत्ति विश्वास राख्दिनँ । हामी सबै ईश्वरका सन्तान हौँ र हौँ हामी सबै एकै जाति । मानव जाति । यहाँ सबै समान छौँ । कोही उचनिच छैन । बरोबर । म मान्छु, शरीरका केही अङ्गले अलिकति छुटाएको हुँदा मर्दाना र जनाना गरी दुई जातिका हुन्छन् मान्छे । मात्र दुई जात । जनाना र मर्दाना । नभए एक समान ।
>
> (कार्की, २०७४, पृ. १५८)

प्रस्तुत प्रसङ्ग जातीय विभेदले प्रताडित काइँली कमिनीसँग सम्बन्धित छ । योगमायाको कुटीमा भजन भइरहेको समयमा आएर एक छेउबाट हेरिरहेकी काइँली कमिनीलाई मान्छेले देखेपछि जदौ गर्दै राम्रो लागेर सुनेकी हुँ, मैले केही बिराएँ कि भनी टाढैबाट डराउँदै सोध्दा योगमायाले के बिराको कस्तो माफी भनी सोधेपछि, आफू सानो जातकी अछुत भएको कुरा गर्छिन् । ईश्वर कुनै जाति विशेषको पेवा नभई सबैका साझा

रहेका र यो समाजमा महिला र पुरुष दुई जात मात्र रहने भन्दै योगमायाले जातका आधारमा गरिने भेदभावको खुलेर विरोध गरेकी छन् । समाजमा जरा गाडेर रहेका यस्ता जातीय विभेद हटाउन हामी सबै आफैँ जागरुक हुनुपर्ने कुरा उनले यसरी अभिव्यक्त गरेकी छन् : “अधिकार आफैले पनि खोज्नुपर्छ भन्नु आफ्ना इष्टमित्रमा । आज तिमरुको काम छोइँदैन, श्रम छोइदैन अनि तिमीहरू छोइने ?” (पृ. १६३) । यहाँ योगमायाले अधिकार आफैले पनि खोज्नुपर्छ, कसैले नदिए भन्नु सबैलाई भनी काइँली कमिनीलाई भनेकी छिन् । दलितलाई तल्लो जातको भनी हाम्रो समाजले उनीहरूको शरीर श्रमका निम्ति प्रयोग गर्छ तर धार्मिक तथा सामाजिक कार्यमा ठाडै अस्वीकार गर्छ । यहाँ काइँली कमिनीको शरीरलाई श्रममा उपभो गर्ने तर धार्मिक कार्यमा वहिष्कार गर्ने परम्पराको प्रतिरोध योगमायाले गरेकी छन् ।

पितृसत्तात्मक समाजमा चलिआएको धर्म र परम्पराको कसीहरूको जोखाइ, तौलाइमा पर्ने शरुरि नै हो । परम्पराका नाममा शिक्षा ग्रहण गर्ने विषयमा वञ्चित गरेर अनुत्पादक क्षेत्रमा मात्र महिला शरीरको प्रयोग गरेको कुराप्रति योगमायाको विद्रोह यसरी प्रकट भएको छ :

“उनी उपाध्याय रे । वेद पढ्ने अधिकार उनलाई मात्र छ रे । अरु किन सक्दैनन् वेद पढ्न ?....‘हेर ब्राह्मणको छोरा वेद पढ्छ, मजस्तीलाई भेद गर्छ” (कार्की, २०७४, पृ.१५८) ।

महिलाहरू पौराणिक कालदेखि नै अपमानित जीवन जिउन बाध्य छन् । सामन्ती सत्ताले लेखपढको अवसर दिएको पाइँदैन । धर्मका रक्षक भनिने पण्डितहरूले लेखपढ गर्ने काम जति आफ्नो भएको दावी गरेर महिलाहरूलाई शिक्षाबाट वञ्चित गरिरह्यो । पढेलेखेका र बुझेका मान्छेले त महिला पुरुष सबैलाई समान व्यवहार गर्नुपर्ने तर महिलाहरूलाई पढ्ने अवसर दियो भने बिग्रिन्छन् र महिलाले वेद पढ्यो भने बहुलाउँछन् भन्नेजस्ता ब्राह्मणमवादी चिन्तन बोकेका सङ्कीर्ण विचारका पण्डितको विरोध गर्दै योगमायाले प्रतिरोध गरेकी छन् । उनी भन्छिन् : “खराब संस्कारको पक्का विरोधी हुँ । मानव धर्मको पक्षमा छु । न्यायको साथमा छु ।....‘ज्ञान छैन जानेका त र’छौ । हाम्रो माग पनि त यही हो । छोरी र हरेक जातले वेद पढ्न पाउनुपर्छ !” (कार्की, २०७४, पृ. १९१) ।

धर्म र पुराणका माध्यमले मानिसलाई भ्रमित पारेर लिङ्ग भेद गरी महिला शरीर शोषण गर्ने ब्राह्मणहरूको गलत विचारको विरोधमा पनि उनले चर्को आवाज उठाएको

पाइन्छ । ब्राह्मणलाई दान दिएर होइन, व्यक्तिलाई चेतना दिएर उसले अन्जानमा गरेको पापबाट मुक्ति दिलाउन सकिने उनको बुझाइ थियो ।

पितृसत्तात्मक नेपाली समाजका कतिपय धार्मिक तथा सांस्कृतिक मान्यताहरू महिला शरीरप्रति रुढ, अनुदार र हिंसाजन्य नै रहेका छन् । यहाँ पुण्य कमाउने नाममा बाल्यावस्थामा नै आफूभन्दा दोब्बर, तेब्बर उमेरको पुरुषसित विवाह गरिदिने र बाल्यकालमै विधवा बनी आजीवन वैधव्यको जीवन व्यतित गर्नुपर्ने बाध्यकारी मान्यताको विरोध यसरी गरेकी छिन् : "मुख्य कुरा जोई मरेको विधुरलाई अर्को बिहे गर्न रोकटोक नभएझैँ पोई मरेकी विधवाले बिहे गर्न समाजमा छुट हुनुपऱ्यो । ....छोरीको मनबुझी उचित वर खोजेर बिहे गरिदिँदा हुन्छ" (कार्की, २०७४, पृ.१२४-१८१) । यस उदाहरणमा योगमायाले विधवा विवाहलाई सामाजिक मान्यता दिनुपर्ने धारणा राखेकी छन् । यहाँ पुरातनवादी समाजले धर्म र परम्पराको डर देखाएर वैधव्यका नाममा धेरै महिलाहरूलाई आफ्ना रङ्गीन इच्छाहरूबाट बञ्चित गराएर एकल जीवन जिउन बाध्य बनाइएकोप्रति आक्रोस व्यक्त गरिएको छ । योगमायाले पुरुषले पत्नीको मृत्युपश्चात् विवाह गर्न पाउने तर महिला आजीवन एकल बस्नुपर्ने परिपाटीको विरोध गर्दै विधवा छारी नैनकलाको इच्छा भए विवाह गर्ने अनुमती दिँदै वैधव्य वर्णाश्रमको विरोध गरेकी छन् ।

यसै गरी महिलाको बाँच्न पाउने अधिकारलाई लत्याएर पति मरेपछि पतिसँगै एउटै चितामा जिउँदै जलाएर महिला शरीरको दोहन गरिएको प्रति यहाँ यसरी प्रतिरोध गरिएको छ : "आइमाईमाथि हुने यस्तो अत्याचार सहेर बस्ने, अत्याचार हेरिरहने पापी सतीढुङ्गा बिलाएर जाओस्" (कार्की, २०७४, पृ. १७१) । यस कथनमा सती ढुङ्गा भनेर सती प्रथालाई सङ्केत गरिएको हो । बालविवाह तथा बहुपत्नी विवाहका कारण महिलाहरूले चाँडै नै पति गुमाउनु पर्ने र पतिको चितामा जल्नुपर्ने अवस्थाप्रति विरोध गरिएको छ । यसरी पतिसँगै जिउँदै सती गएमा धर्म हुने भनेर धर्म र संस्कृतिका नाममा महिला शरीरको शोषण गरेकोप्रति योगमायाको विरोधको स्वर प्रखर रूपमा रहेको पाइन्छ ।

यसरी पितृसत्तात्मक समाजमा लामो समयदेखि दलनमा परेको महिला शरीर नै हो । धर्म र संस्कृतिका नाममा सदियौँदेखि बालविवाह, बहुपत्नी विवाह, जात, सती आदि मापदण्का आधारमा पुरुषमैत्री भाष्य निर्माण गरी महिला शरीरप्रति गरिएको राजनीतिको

प्रतिरोध गर्न नीलम कार्कीका *अर्की आइमाई, चीरहरण र योगमाया* उपन्यास सक्षम रहेका छन् ।

## ४.७ लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

समाजले महिला र पुरुषका लागि बनाएको भिन्नता नै लैङ्गिकता हो । लैङ्गिकताका आधारमा पुरुषले स्त्रीशरीरमाथि शरीर राजनीति गर्दै आएको छ । आजसम्म संसारमा सबैभन्दा बढी दलनमा परेको शरीर नै महिला शरीर हो । समाजमा स्थापित भएको लैङ्गिक चेतना महिला र पुरुषको शरीरलाई विभेद गरी आपसमा छुट्याउने अर्थमा परिभाषित छ । यसै मान्यतामा मानव शरीर पुरुष शरीर र महिला शरीरमा विभक्त भयो । "शरीरलाई लिङ्गभेद गर्ने र त्यसमा पहिचान जनाउने मान्यता पनि अलग अलग हुने कारण पहिचान गरिएको समयदेखि शरीरप्रति विभेद गर्ने प्रचलन थालनी भयो " (पौड्याल, २०७७, पृ. ९८) । महिला र पुरुषको शारीरिक संरचनालाई आधार मानेर कामको बाँडफाँड, शक्ति सम्बन्ध र पहिचानका सन्दर्भमा निर्मिति भएका मान्यताले महिलाको शरीरमाथि नै शोषण गरिरहेको छ । एक्काइसौँ शताब्दीसम्म भएका अनेकौँ परिवर्तनसम्म आइपुग्दा समेत महिलालाई समान अधिकार दिन पुरुष समाज हिच्किचाइरहेको छ ।

"लिङ्गीय उत्पीडन वास्तवमा शक्तिशाली पुरुष शरीरहरूले शक्तिहीन महिला शरुरिमाथि गरेको अन्तहीन शोषणको श्रृङ्खला हो" (लामा, २०७६, पृ. ७६) । परिवार, समाज र राज्यले लामो समयदेखि बनाएका शिक्षा, ऐनकानुन र धर्मशास्त्रले नारी र पुरुषबीचको लैङ्गिक विभेदीकरणका मुद्दालाई संस्थागत बनाउँदै महिला शरीरलाई नियन्त्रण गर्दै आएको छ । यस्ता विभेदी मान्यता भत्काएर महिलाको शरीर उनीहरूको स्वतन्त्रताको विषय हो र शरीर अरूको शोषणबाट मुक्त हुनुपर्छ भन्ने प्रतिरोधी विचार लैङ्गिकताले राख्छ । यसै सन्दर्भमा नेत्र एटमको विचार यहाँ सान्दर्भिक देखिन्छ : "शरीर राजनीति भनेको परम्परागत लैङ्गिक अवधारणाको प्रतिरोधी चिन्तन हो । यो पितृसत्ताले स्थापित गरेको नारी शरीरमाथि पुरुषको आधिपत्यको अन्त्य गर्ने आन्दोलन पनि हो" (एटम, २०७९, पृ. ५४) । यसप्रकार फरक लिङ्ग भएका कारण नै समाजले सदियौँदेखि महिला शरीरलाई गरेको नियन्त्रण, शोषण र दमनबाट मुक्तिको चाहना राख्नु नै लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध हो ।

## ४.८ नीलम कार्की 'निहारिका' का उपन्यासमा लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

नीलम कार्की 'निहारिका' द्वारा लिखित *अर्की आइमाई* उपन्यासमा पितृसत्तात्मक चिन्तका कारण तारा, सावित्री, मायाजस्ता पात्रहरूको शरीर लैङ्गिक उत्पीडनमा परेको छ। यी पात्रहरू महिला भएकै कारण पुरुषहरूबाट दमित छन् । आफू दमनमा परेको बोध भएपछि पुरुषको नियन्त्रणलाई तोडेर स्वतन्त्र जीवन बाँचन परिवार तथा घर त्याग्न पुगेका छन् । पितृसत्ताले आफू अनुकुलका लागि महिलाहरू विदेश निर्यात गर्नेजस्ता जघन्य अपराध गर्दै आएको छ । यस उपन्यासकी सावित्री आफ्नै लोग्नेको शोषणमा परेकी पात्र हो । सवित्रीले जब आफू शोषित भएको कुरा थाहा पाउँछे तब मानव बेचबिखनका बिरुद्धमा काम गर्ने कुरा उपन्यासमा यसरी प्रस्तुत गरेकी छ :

> अब ह्युमन ट्राफिकिङ सम्बन्धमा काम गर्नेछु । मैले तिमीलाई, सम्भिरहेकी थिएँ, यो काममा तिम्रो साथ चाहिनेछ । तिमी साथ दिन्छौ होइन ? यसमा चुनौती भने निकै ठूलो छ । आफ्नो भन्नेहरूको विपक्षमा उभिएर बयान दिनुपर्ने हुन सक्छ । ....आफ्नो यतिका अनुभव कसैका लागि उपयोगी भइदियो भने ठूलो खुसीको कुरा हो नि (कार्की, २०७०, पृ. २१२) ।

सावित्रीलाई उसकै पतिले एउटा अमेरिकनसित कागजी विवाह गरी जान बाध्य बनाउँछ र सावित्री त्यहाँ पुगेपछि उसको श्रीमान पनि अमेरिका पुग्छ । अमेरिका जाने चाहना पूरा भएपछि सावित्रीलाई अनेका लाञ्छना लगाएर उसले घरनिकाला गरिदिन्छ । यहाँ सावित्रीले आफ्नो स्वार्थ पूरा गर्न आफूलाई प्रयोग गर्ने पुरुष र मानव बेचबिखन बिरुद्ध काम गर्ने सङ्कल्प गरकी छ ।

पितृसत्तात्मक समाजले महिलालाई पुरुष बराबरी दाँजोमा राख्दैन । उनीहरूलाई दास्रो दर्जाको नागरिकका रूपमा हेर्छ । शारीरिक संरचना फरक भएकै कारण समाजमा महिलाले पनि पुरुषसरह समान हैसियत राख्न सक्छौं भन्ने विचार उपन्यासमा यसरी व्यक्त गरेकी छ :

> हामी समानान्तर उड्छौँ । निकै उडिन्छ । हाम्रो शरीरलाई चिसोले स्पर्श गर्छ । आँखासामुन्ने सेतो हिमाल टल्किरहेको हुन्छ । हातेमालो गरेर उभिएका अग्लाहोचा हिमालका अझ नजिक पुगिन्छ । उनीहरू खुसीले हाँस्न थाल्छन् । हातेमालो गरी हाँस्छन् । हामी पनि हाँसिरहेका हुन्छौँ । (कार्की, २०७०, पृ. २११)

प्रस्तुत कथन ताराले सपनामा देखेको दृशयमा आधारित छ । ताराको यो धारणा महिलालाई पृथक् देख्ने पितृसत्तात्मक सोचका उपज महिला कमजोर हुन्छन् भन्ने मानसिकताका लागि गतिलो झापड हो । महिला आफैँ स्वतन्त्रताका पखेटा लगाएर पुरुषसरह समानान्तर रूपमा उट्नुपर्छ, पुरुषकै नियन्त्रणमा बस्नु नहुने धारणा राख्ने ताराको उक्त कथन लैङ्गिकताका कारण हुने महिला शरीर शोषणप्रतिको प्रतिरोध हो ।

कार्कीको अर्को उपन्यास *चीरहरण* उपन्यासका नारी पात्रहरू महिला भएकै कारण आफन्त तथा अन्य पुरुषबाट शोषणमा परेका छन् । यस उपन्यासकी मत्स्यगन्धा छोरी भएर जन्मिएका कारण आफ्नै जन्मदाताबाट त्यागिएकी छ । जब उसलाई यो कुराको जानकारी हुन्छ तब उसले जन्मदाताप्रति विद्रोही भाव उपन्यासमा यसरी प्रकट गरेको पाइन्छ :

> म एक विश्वाशका साथ भन्न सक्छु, जे जस्तो भए तापनि शरीरबाट जस्तोसुकै माछाको गन्ध आए पनि पुत्र भएर जन्मेको भए चेदीराजको निम्ति स्वीकार्य हुने थिएँ म, जसरी मेरोजस्तै मत्स्यगन्ध दाजु स्वीकारिनुभयो । स्वार्थी पुरुष, धिक्कार्छु म तिमीलाई । स्वार्थी राजा, तिम्रो पुत्री कहलिनु नपरेकामा मलाई सन्तुष्टि छ भने एक स्पष्ट धारणा बनाएकी थिएँ मैले जन्मदाताहरूप्रति । (कार्की, २०७२, पृ. ३३)

प्रस्तुत कथनअनुसार मत्स्यगन्धाको दाजु शारीरिक संरचनामा छोरो भएका कारण राज्यको उत्तराधिकारी बनाउन मत्स्यगन्ध नै भए पनि बाबुआमाबाट स्वीकारिएको छ । आफू छोरी भएका कारण लैङ्गिक विभेदको चपेटामा परेको कुराको बोध भएपछि समाजमा व्याप्त पितृसत्तात्मक सोचप्रति मत्स्यगन्धाद्वारा प्रतिरोधी भावना प्स्तुत गरिएको छ । छोरा र छारीमा विभेद गर्ने आमाबाबुलाई अस्वीकार गर्नुपर्ने धारणा प्रस्तुत गरेर लैङ्गिक विभेदको विरोध गरिएको छ ।

पुरुषलाई महान् र शक्तिशाली ठान्ने समाजले विवाहजस्तो संस्थालाई प्रयोग गरेर महिला शरीरप्रति दमन गर्ने गरेको पाइन्छ । विवाहका लागि जीवनसाथी छान्ने स्वतन्त्रता

गुमाएका महिलाले बाबु तथा दाजुले मनपराएको पुरुषसित विवाह गर्नुपर्ने विमर्शको निर्माण गरेर महिला शरीरलाई नियन्त्रणमा लिने कार्यप्रति द्रौपदीको असन्तुष्टि यसरी अभिव्यक्त भएको छ :

> जब मेरो स्वयंवरको निम्ति लक्ष्यभेदन परीक्षा हुने घोषणा हुँदै थियो, मैले दाजु धृष्टधुम्नसमक्ष निवेदन गरेकी थिएँ, 'आजपर्यन्त स्वयंवरको राजकन्याले स्व-इच्छाले वर छान्न पाउने परम्परा रहेकोमा, यो समय पिताश्रीले किन यस्तो जटिल सर्त राख्नुभएको ? कोही व्यक्ति धनुर्विद्यामा सर्वश्रेष्ठ छ भन्दैमा ऊ मेरो निम्ति उत्तम वर सिद्ध होला भन्नेमा के आधार भयो ? रत्तिभर मेरो हृदयले स्वीकार गर्न नसक्ने पुरुषले लक्ष्यभेदन गरेको अवस्थामा मेरो के हाल होला ?' (कार्की, २०७२, पृ. २६७)

प्रस्तुत उदाहरणमा छोरीले विवाहका निम्ति वर छान्ने पृथक् परम्परा बसालेकामा आफ्नो बुबाप्रति द्रौपदीको असन्तुष्टि रहेको पाइन्छ । महिलाले स्व-इच्छाले वर छान्न पाउने अधिकारलाई नियन्त्रणमा लिएर जसले लक्ष्यभेदन गर्छ उसले नै द्रौपदीसित विवाह गर्न पाउनेछ भन्ने सर्त राखेर लक्ष्यभेदनको समारोह आयोजना गरिएको हुन्छ । यसरी महिलाको शरीरलाई बजारमा बेच्न राखिएको वस्तुसरह ठानेर विवाह सभाको आयोजना गरिएकोप्रति द्रौपदीको आक्रोस रहेको छ । पितृसत्ताले नारीलाई आफ्नो अधीनमा राखेर उपभोग गर्न चाहन्छ । यस्तो महिला विभेदी परम्परा तोड्दै द्रौपदीले महिला शरीरलाई नियन्त्रणमा लिएर आफू अनुकूल प्रयोग गर्ने पितृसत्तात्मक विमर्शको कडा विरोध गरकी छिन् । उपन्यासका उनी यसो भन्छिन् : "मैले उनको हेराइमा क्रोध देखेँ । मैले हतारिएर भने ठूलो स्वरमा भनें, 'महाशय, यहाँले यो लक्ष्यभेदनमा भाग लिन सक्नुहुन्न । यो पाञ्चाल राजपुत्री द्रौपदी यहाँसँग विवाह गर्न मञ्जुर छैन" (कार्की, २०७२, पृ. २७३) । प्रस्तुत कथनमा द्रौपदी स्वयंवरमा कर्णले लक्ष्यभेदन गर्न लागेको समयमा उनको अनुहारमा क्रोध र घमण्ड देखेपछि यस्तो व्यक्तिलाई पतिका रूपमा स्वीकार्न सकेको देखिँदैन । यस अवस्थामा उनले आफ्नो पनि रोज्ने स्वतन्त्रताको रक्षा गर्दै कर्णलाई पति स्वीकार्न नसक्ने भन्दै लक्ष्यभेदनमा समेत रोक लगाएर प्रतिरोध गरेकी छन् ।

पितृसत्तातमक समाजमा नारीलाई वस्तुकरण गरी उनीहरूको शरीरलाई उपभोग्य बनाइन्छ । बजारमा किनबेच गर्न राखिएका वस्तुजस्तो गरी नारीको शरीरलाई विवाह अघि पिता वा दाजुभाइको नियन्त्रणमा राखिन्छ भने विवाहपछि पति वा छोराको नियन्त्रणमा

हुन्छ । यस सम्बन्धि पितृसत्तात्मक वैचारिकताको विरोध गर्दै कुन्तीले यहाँ विद्रोही भाव यसरी व्यक्त गरेकी छिन् :

> "माताले अति क्रोधित भएर भन्नुभयो, ' नारी कुनै वस्तु हो । नारीलाई वस्तु सम्बोधित गरिन्छ ? यही सिकाउनुभएको थियो तिम्रो गुरुले ? के यही ज्ञान दिएको थियो यो एकल माताको पालनपोषणले" (कार्की, २०७२, पृ. २९४) ?

अर्जुनले लक्ष्यभेदन गरी विवाह गरेर द्रौपदीलाई घरमा लिएर गएपछि माता कुन्तीलाई हामीले केही वस्तु लिएर आएका छौँ भन्ने कुरा गरेका छन् । पछाडि फर्केर हेर्दा द्रौपदीलाई देखेपछि आफ्ना छोराहरूप्रति क्रोधित हुँदै कुन्तीले महिलालाई वस्तु बनाइएको विमर्शप्रति विरोध गरेकी छन् । उक्त कथनमा जन्मदाता तथा सृष्टिका सुन्दर फूलहरूलाई वस्तुकरण गरी उपभोग्य वस्तु ठान्ने पितृसत्तात्मक चिन्तनप्रति माता कुन्तीको विद्रोहको आक्रोस प्रस्तुत गरिएको छ ।

पतिलाई परमेश्वर मानी उसका हरेक निर्देशन पालना गर्ने नारीलाई आदर्श नारीका रूपमा लिने पितृसत्तात्मक सामाजिक चिन्तनका विरुद्धमा यस उपन्यासकी पात्र सत्यवतीको देखिन्छ । उनी पतिको अदेश मात्र पालना गर्ने आम नारी भन्दा पृथक् रहेर पतिसमान रहन चाहन्छिन् भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ :

> के नारीको निम्ति आदेश पालना नै प्रथम कर्तव्य हुन आउँछ ? यी त आम नारीका भोगाइ हुन्; परन्तु म पृथक हुन चाहन्छु । पुरुषको भोग्या मात्र हुन चाहन्न । म शब्दार्थमा मात्र होइन, व्यवहारिक अर्थमा पतिको अर्धाङ्गिनी अर्थात् आधा अङ्ग हुन चाहन्छु । (कार्की, २०७२, पृ. ७६) ।

प्रस्तुत कथनमा विवाह गरेर पतिको घर गएपछि उसकै इच्छाअनुसार कठपुतली भई निर्देशनहरू पालना गरेर बस्नुपर्ने आमनारीको बाध्यताको उद्घाटन गर्दै त्यसप्रति आक्रोस देखाइएको छ । महिलाहरू पुरुषका भोग्या मात्र नभएर सहयात्री हुन् । तसर्थ नारीहरू पतिको निर्देशन पालक मात्र नभएर उनीहरू जत्तिकै समान हैसियत बनाएर हिँड्न सक्ने क्षमता भएका कारण लैङ्गिक समानताको स्थापनाका लागि व्यवहारिक रूपमा नै उत्रने चेतावनी सत्यवतीको रहेको पाइन्छ ।

लैङ्गिक विभेद साधारण नारीले मात्र भोगेको समस्या होइन, दरबारीया नारीहरू पनि विभेदबाट प्रताडित रहेका छन् । द्रौपदीले नारीको शरीरलाई जुवाको दाउमा लगाउने पितृसत्तात्मक चिन्तनप्रति आक्रोस पोख्दै सम्पूर्ण महिलाहरूप्रतिको सम्मानित व्यवहारको अपेक्षा यसरी प्रकट गरेकी छन् :

> एक रानीलाई पनि दाउमा लगाएको होइन, एक पुरुषजातिले स्त्रीजातिलाई जुवाको दाउमा लगाएको हो । यो सभ्यता र मानवतामाथिको उपहास हो । यो पाञ्चालीको मात्र होइन, समस्त नारीजातिमाथिको अपमान हो । यो किमार्थ मान्य हुनेछैन । यहाँ विराज सम्पूर्ण पुरुष आँखाहरूले नारीमाथिको यो अत्याचारलाई टुलुटुलु हेरिबसेको छ । धिक्कार छ ! इतिहासले धिक्कार्नेछ यी महापुरुषहरूलाई । (कार्की, २०७२, पृ. ३६५)

प्रस्तुत कथन जुवाको दाउमा द्रौपदीको शरीरलाई राखेर हारेपछि राज्यसभामा द्रौपदीले पोखेको आक्रोस हो । नारीलाई जुवाको दाउमा राख्दा पनि उसको अधिकारका बारेमा एक वचन नबोली बस्ने ती राज्यसभाका पुरुषप्रति आक्रोस पोखिएको छ । यो अपमान द्रौपदीका मात्र नभएर सम्पूर्ण नारीजातिकै भएको हुनाले यसको भागिदार यिनै पुरुष बन्नुपर्ने धारणा उनको रहेको छ ।

पितृसत्ताको विचारधाराले महिलाको वैचारिकतालाई स्वीकार नगरी आफ्नो वैचारिकता उनीहरूमा लाद्ने काम गर्छ । महिलाहरूकै विषयमा निर्णय लिनुपर्दा उनीहरूको विचार सम्वोधन गर्नु त परै जाओस् उपस्थितिको पनि आवश्यकता नदेख्ने पितृसत्ताको विचारधाराप्रति द्रौपदीको आक्रोस यसरी प्रकट भएको छ : “यहाँले भन्न खोज्नुभएको, के मैले पनि त्यही परम्परालाई निरन्तरता दिनुपर्‍यो ? हामी परिवर्तनको संवाहक बन्नुपर्ने होइन र ? नारी र पुरुषप्रति फरक-फरक न्याय शोभनीय हुन्छ” (कार्की, २०७०, पृ. ३१९) ?

प्रस्तुत सन्दर्भ द्रौपदीको पाँच पाण्डवसँग विवाह भएपछि उनीसित पाँच भाइ कसरी रहने भन्ने विषयमा छलफलको आयोजनासँग सम्बन्धित रहेको छ । यो छलफलमा द्रौपदीलाई सहभागी नगराइ उनका पतिहरू मात्र छलफलमा बसी पालैपालो एक एक वर्ष द्रौपदीसँग बस्ने कुराको निर्णय हुन्छ । आफ्नो विषयमा यस्तो गम्भीर प्रकृतिको निर्णय गर्नुपर्ने छलफलमा आफूलाई सहभागी गराइ राय लिन आवश्यक नठान्ने पतिहरूले गरेको लैङ्गिक विभेदप्रति द्रौपदीको आक्रोस रहेको छ ।

नीलम कार्की 'निहारिका' को अर्को उपन्यास *योगमाया* लैङ्गिक विभेदका बिरुद्ध प्रतिरोध गर्ने अर्को बलियो उपन्यास हो । यस उपन्यासकी प्रमुख पात्र योगमायाले राणा शासनको चर्को दबदबाको समयमा पनि महिलाहरूलाई लिङ्गविभेदी सामन्ती पितृसत्ता विरुद्ध सङ्गठित गर्दै विद्रोहको चेत फैलाउने काम गरेकी छन् । यस उपन्यासका अन्य महिला पात्रहरू गङ्गा, दुखुना, नैनकला आदि पात्रहरू तत्कालीन महिला विभदी सामन्ती पितृसत्ताका विरुद्धमा सशक्त आवाज उठाउन सक्षम देखिन्छन् । परम्परागत पितृसत्ताले महिलाका सम्बन्धमा निर्माण गरेका संस्कृतिहरूलाई भत्काएर नवीन र महिलामैत्री संस्कृतिको  निर्माण गर्न यस उपन्यासका महिला पात्रहरू सफल देखिन्छन् । पितृसत्तात्मक परम्परागत महिला विभेदी समाजमा महिलालाई पुरुषको दाससरह व्यवहार गरिन्छ । महिलाको शरीरलाई अधीनमा राखेर पुरुषकै खेलौनाका रूपमा हेर्ने संस्कृतिका विरुद्धमा यहाँ सुवेदीकी बुहारीले प्रस्तुत गरेको भनाइ सान्दर्भिक देखिन्छ :

> उनैले बसालेको नियम; उनैले बसालेको रीतिमा हिँड्नुपर्ने आइमाई जातलाई ? हे भगवान् ! अर्को जन्ममा त म पनि लोग्नेमान्छे भएर जन्मन पाम् भनेकी हुँ मैले त । म पोइ हुन पाम् अनि बाहुन मेरा जोई । अनि चाल पाउँथे आइमाईका मर्म तिनले पनि भन्नेभ्कैँ हुन्छ । (कार्की, २०७४, पृ. १२३)

प्रस्तुत कथनमा पुरुषले महिलाहरूप्रति गरेको शोषणयुक्त व्यवहारको विरोध गरेको पाइन्छ । पुरुषबाट प्रताडित महिलाहरू पुरुषको अधीनमा रहनु परेको, उनीहरूले उठ् भन्दा उठ्नुपर्ने र बस् भन्दा बस्नुपर्ने बाध्यात्मक परिस्थितिबाट मुक्त रहन अर्को जन्ममा पुरुष भएर जन्मन चाहेका छन् । यहाँ पितृसत्ताले निर्माण गरेको पुरुषमैत्री नियमहरूले पुरुषलाई परमेश्र मानी महिला शरीरलाई नियन्त्रण र दमन गर्ने गरेकामा आफू पुरुष भएर जन्मिएपछि बदला लिने विद्रोही भाव प्रस्तुत गरिएको छ ।

परम्परागत पितृसत्तात्मक नेपाली समाजको महिला शरीरप्रति अनुदार सांस्कृतिक मान्यततले समाजमा जरा गाडेर बसेको छ । यस्ता मान्यताको भञ्जन गर्दै महिला तथा पुरुष समान हैसियतको समाज स्थापनाका लागि अग्रसर योगमायाको विचारधारालाई गलत देख्ने उनको परिवार र समाजप्रति नै विद्रोह गर्ने हिम्मत उनकी बुहारी गङ्गाले यसरी गरेकी छन् :

'जे भएपनि मेरा आँखाले पनि सही देख्छ अहिले माया दिदी हिँडेका बाटा । सुन्दा खरो सुनिन्छन् तर सोह्र आना सत्य छन् सम्झी ल्याउँदा ।'

'पोइले भुतल्दा चाल पाउली पोइको अघि गएर यही कुरा भन् त । जसका छन् पोइ आगा, उसका छन् कुरा यस्ता ।'

'अब भनिन्छ । डगिन्न'

हेर्दै जानु ।' (पृ. १२५-१२६) ।

प्रस्तुत सन्दर्भमा पँधेरामा महिलाहरूको कुरा चल्दा गाउँका बुहारीहरूसँग गङ्गाले आफ्नी दिदी हिँडेको बाटो ठिक भएको निष्कर्ष निकालेकी हुन् । उनले दिदी योगमायाका कुरा सुन्दा खरो सुनिने तर सत्यको बाटो हिँडेको भन्दै योगमायाको समर्थन गरेकी छिन् तर त्यहाँकै एकजना महिलाले तिम्रो श्रीमान्को अगाडि भन्न सक्छौँ ! यस्ता कुरा, भुतल्छन् तिम्रा पोइले भन्दा गङ्गाले अब भनिन्छ । डगिन्न भनेकी छिन् । यस प्रसङ्गबाट अब महिलाहरूले पुरुषको अधीनतालाई तोड्दै स्वतन्त्र जीवन बिताउन परिवार तथा समाजसँग नै विद्रोह गर्नुपर्ने विचार प्रस्तुत गरेकी छन् ।

हाम्रो समाजले पुरुष शरीरलाई जस्तोसुकै काम गर्न बहादुर र बलशाली देख्छ भने महिलालाई शक्तिहीन र डरछेरुवाका रूपमा हेर्छ । यही मानसिकतामा हुर्किएका प्रेमनारायणले तपस्या गर्ने, कल्पवास बस्ने, पञ्चाग्नी ताप्ने साहसिक कामहरू महिलाका लागि अनुकूल नहुने कुरा गरेपछि कुनै पनि काममा शरीरलाई लिङ्ग भेद गरेर नहेर्न आह्वान गरेकी छन् :

> मलाई मात्र होइन सबै मान्छेलाई पहिला लिङ्ग नछुटाई मान्छेकै रूपमा हेर्नु । फेरि पनि जातमै अड्कियौँ हैन हामी ? कि त उपल्ला ठूला जात, तल्ला साना जात । कि मर्दाना ठूला, जनाना साना ! भिन्नता ज्युँ का त्युँ ! तिमी-हामी त त्यही साना ठूला जातमा अड्किएका छौँ भने कतिलाई बुझाइएको होला । ....यहाँ मान्छेको जात । न कुनै वर्ण न कुनै लिङ्ग । (कार्की, २०७४, पृ. ३३७)

प्रस्तुत सन्दर्भमा योगमायाले प्रेमनारायणसित शरीरप्रति विभेद नगर्न भनेकी छन् । योगमायाले हिमालको काखमा गएर तपस्या गर्ने विचार राखेपछि त्यस्तो चिसो ठाउँमा गएर बस्न महिलाको शरीरलाई कठिन हुने पितृसत्तात्मक विचारधारा हावी भएका प्रेमनारायण पण्डितका आँखाले देख्छन् । उनका अनुसार कल्पवास बस्ने, पञ्चाग्नि ताप्ने, पुषमा जलमा

डुब्नेजस्ता काम महिलाका लागि कठिन हुन् । प्रेमनारायणका यस्ता महिला पुरुष शरीर विभेदी विचारलाई जरैदेखि उखेलेर फालेमा मात्र समाजमा समानता ल्याउन सकिने कुराको उल्लेख गर्दै महिला शरीरलाई कामका आधारमा शक्तिहीन बनाएकोप्रति विद्रोह व्यक्त गरिएको छ ।

समाजमा भएका लैङ्गिक विभेदले शरीरकै शोषण गर्छ । बहुपत्नी प्रथा, बालविवाह, जबर्जस्ती विवाह महिलालाई शिक्षामा लगाएको प्रतिबन्धजस्ता पुरुषमैत्री विमर्शले महिला शरीरमाथि राजनीति गरिरहेको हुन्छ । यस्ता लैङ्गिक विरोधी विमर्शप्रति योगमायाले खरो रूपमा प्रतिराधी स्वर उपन्यासमा यसरी प्रस्तुत गरेकी छन् :

> आइमाईको इच्छाबेगर सौता हाल्नेमाथि प्रतिबन्ध ल्याइयोस् ।....केटाकेटीको उमेर पुगेर मात्र विवाह होस् । केटीको मञ्जुरीबिना विवाह नहोस्; भए बदर होस् र कारबाही होस् । शिक्षामा भेदभाव नहोस् । सबैलाई पढ्ने व्यवस्था होस् । आइमाईले र सबै जात भनिएकाले पनि वेद पढ्ने व्यवस्था होस् । (कार्की, २०७४, पृ. ३८६-३९७)

प्रस्तुत उदाहरणमा योगमायाले महिलाको शरीरको मालिक बनेर निर्माण गरिएका पुरुषमैत्री विचारधाराको विरोध गरेकी छन् । महिलाको शरीरलाइ्र भोग्य वस्तु मानेर पत्नीमाथि पत्नी थुपार्ने प्रचलनको विरोध गरेकी छन् । महिलाको स्वीकृतिबिना सौता हाल्न नपाउने, छोरीहरूको सहमतीबिना  बाल्यकालमै विवाह गरिदिने प्रचलनको अन्त्य हुनुपर्ने, यदि त्यस्तो कार्य भएका कारबाही गर्नुपर्ने उनको माग रहेको छ । पितृसत्ताले महिलामाथि शिक्षामा लगाएको प्रतिबन्ध हटाउँदै वेद पढ्ने व्यवस्था गरिदिनु पर्ने माग राख्दै योगमायाले लङ्गिक विरोधी विमर्शको खरो रूपमा प्रतिरोध गरेकी छन् ।

## ४.९ शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

"शक्ति सत्ता सम्बन्धित पक्ष हो । सामान्यतः सत्ता कुनै व्यक्ति वा समूहमाथि बल बलप्रयोग गर्ने वा नियन्त्रण गर्ने माध्यम हो" (पाण्डे, २०७६, पृ. ५३) । समाजमा रहेका शक्तिसम्पन्नले शक्तिहीनमाथि सधैँ दमनको माध्यमबाट शासन गरेका हुन्छन् । सांस्कृतिक अध्ययनमा शक्तिलाई राजनीतिक शक्तिका रूपमा मात्र नहेरी सामाजिक संरचनाका परिवार, समुदाय, समाजका सानासाना एकाइभित्र पनि शक्तिको अभ्यासलाई समेटेको पाइन्छ ।

नेपाली समाजको संरचना पितृसत्तात्मक शक्तिमा बनिबनाउ रहेको छ । शक्तिको केन्द्रमा रहेको पितृसत्ताले सिमान्तमा रहेका महिला वर्गमाथिको शासन र दमनलाई निरन्तरता दिएको छ । जब सिमान्तमा रहेका महिलाहरूमा आफू शोषण र दमनमा रहेको चेतना बोध हुन्छ तब प्रतिरोधको जन्म हुन्छ ।

शक्तिका सन्दर्भमा फुकोले द हिस्ट्री अफ सेक्सुआलिटी पुस्तकमा लेखेका छन् : "जहाँ शक्तिको अभ्यास देखिन्छ त्यहाँ प्रतिरोधको सम्भावना पनि जीवित रहन्छ" (फुको, १०६८, पृ. ६८) । फुकोले भनेझैँ नेपाली समाजलाई नियाल्दा शक्ति र सत्ता पितृसत्ताको स्वामित्वमा रहेको छ र यसले महिलाको शरीरमाथि शासन गरिरहेको छ । उनको विचारलाई प्रस्ट पार्ने क्रममा सञ्जिव उप्रेती लेख्छन् : "फुकोले भनेझैँ जहाँ शक्ति हुन्छ, त्यहाँ शक्तिको प्रतिरोध पनि स्वतःस्फूर्त उब्जिन्छ । ....जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँ त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागका रूपमा हेरिनुपर्छ" (उप्रेती, २०६९, पृ. ४३) । सत्ता र शक्तिको सम्बन्धबाट नै प्रतिराधको प्रतिपादन हुन्छ ।

सामाजिक संरचनामा शक्तिमा रहेको वर्गले शक्तिबाहिर रहेका वर्ग, जाति, लिङ्गलाई शोषण गर्छ । शक्तिशाली वर्गलाई शक्तिकै आडमा कमजोर वर्गको शरीर प्रयोग गरेर आफू अनुकूल कार्य गर्न लगाउने गर्छ । लामो समयदेखि पुरुष सत्तामा रहेका कारण उसले शक्तिकै आडमा महिलाको शरीरलाई नियन्त्रण गरी उपभोग गरेको पाइन्छ । शक्तिका आडमा पुरुषले महिलालाई बेचबिखन गर्ने, देहव्यापारमा लगाउने, महिलालाई मानसिक यातना दिने तथा यौनजन्य हिंसा गरेको पाइन्छ । एकातिर शक्ति शोषण र दमनकारी हो भने अर्कातिर दमन र शोषणबाट मुक्ति दिलाउने माध्यम पनि हो । सिमान्तमा परेका वर्गमा दमन र शोषणप्रति प्रतिरोधको विचारधारा निर्माण भई शक्ति उत्पादन हुन्छ । यस सन्दर्भमा फुकोको धारणालाई प्रस्ट पार्दै गोतम लेख्छन् : शक्ति दमनकारी मात्र हुँदैन, मुक्तिदायी पनि हुन्छ । त्यो प्रभुत्वशाली वर्गमा मात्र हुँदैन, अधीनवर्तीमा पनि हुन्छ र अधीनवर्तीहरू प्रतिरोध गर्दै आफ्ना डिस्कोर्षद्वारा वर्चस्व हासिल गर्ने प्रयत्न गर्छन् । शक्तिको आधार अधीनवर्ती वा सिमान्तमा पनि रहेको हुन्छ । जुन शक्तिकेन्द्रको प्रतिरोध गर्दै केन्द्रतिर जाने प्रयास गरिरहेको हुन्छ । "शक्तिको स्रोत ज्ञान हो । जब सिमान्त वर्गमा ज्ञानको सञ्चरण हुन्छ तब त्यहाँ प्रतिरोधात्मक शक्ति उत्पन्न हुन्छ" (ज्ञवाली, २०७३, पृ. १४) । पितृसत्तात्मक समाजमा पुरुषवादी हैकम बिरुद्ध महिलाहरूमा आफू शोषित भएको ज्ञानको सञ्चरण भई प्रतिरोधी चेतनाको विकास हुन थाल्छ ।

प्रभुत्वको अवधारणाको विकास १९२६ मा पाश्चात्य चिन्तक ग्राम्चीद्वारा भएको हो । उनका अनुसार शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोग गरेर मात्र नभइ प्रभुत्वमा बाँधेको हुन्छ । "बिना बल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ । यो त्यतिबेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन्" (पाण्डेय, २०७३, पृ. ६४) । प्रभुत्वशाली वर्गले बौद्धिक वर्गहरूको नियुक्ति गरेर अधीनस्थ वर्गमाथि वार्ता र सहमति गर्छ । सत्ताद्वारा नियुक्त गरिएका बुद्धिजीवीहरूले सत्ता शोषक छैन, ऊ स्वतन्त्र छ भन्ने भ्रम सिर्जना गर्छ र यस्तो भ्रममा शोषितहरू परिरहन्छन् । प्रभुत्वशाली वर्ग सत्तामा रहेकाले चाहेअनुरूप उनीहरूको उपयोग गरिरहन्छन् । यसैगरी पितृसत्ताले सत्ताको आडमा महिला शरीरमाथि अनेक भाष्य तयार गरेर शोषण गरिरहन्छ ।

पितृसत्ताले शक्ति र प्रभुत्वका माध्यमबाट महिला शरीरको प्रयोग गरिरहेको हुन्छ । जब महिलाहरूले आफू उपभोग्य वस्तु र प्रयोग भएको कुराको बोध गर्छन् तब उनीहरू धार्मिक ग्रन्थ पढ्ने, वैदेशिक रोजगारीमा जाने, महिनावारी नबार्ने, पतिसित छोडपत्र गर्ने, हिंसाबिरूद्ध शारीरिक प्रतिकार गर्ने जस्ता प्रतिरोधात्मक कार्य गरेर पितृसत्तात्मक शक्ति र प्रभुत्वको प्रतिरोध गर्न थाल्छन् ।

### ४.१० नीलम कार्की 'निहारिका' का उपन्यासमा शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध

शरीर अध्ययनले शक्ति र प्रभुत्वलाई पछाडि परेको वर्ग, जाति, लिङ्ग आदिको शरीरसँग जोडेर अध्ययन गर्छ । यसले सामाजिक संरचनाका विविध स्तरमा गरिने सामाजिक क्रियाकलाप गतिविधि र त्यसले निर्माण गर्ने शारीरिक भूमिका र त्यसको प्रभावलाई शक्ति र प्रभुत्वभित्रै राखेर अध्ययन गर्छ । यसले कमजोर र पछि परेका वर्गको शारीरिक प्रतिरोधसँग पनि यसको सम्बन्ध देखिन्छ । पुरुषले नारी शरीरलाई आफ्नो शक्ति र प्रभुत्वमा राखी भोग्या वस्तुका रूपमा व्यवहार गर्ने प्रचलन पितृसत्तात्मक समाजमा व्याप्त रहेको छ । नीलम कार्की 'निहारिका' का उपन्यास *अर्की आइमाई* उपन्यासमा समाजका विभिन्न संरचनाले महिलाको शरीरलाई आफ्नो शक्ति र प्रभुत्वमा राखी गरिएको शरीर शोषणप्रति प्रतिरोध गरिएको पाइन्छ ।

महिलाहरू विवाहपश्चात् सन्तान जन्माउन चाहन्छन् र मातृत्वको सुख उपभोग गरी सन्तानको सामिप्यतामा रहन चाहन्छन् । पुँजीवादी शक्ति र प्रभुत्वले महिलाको मातृत्वको अधिकारलाई हरण गरेको छ । महिला सृष्टिको शक्ति हो तर यो शक्तिलाई दुरुपयोग गर्दै महिला शरीरलाई सन्तान उत्पादन गर्ने कारखाना बनाएर उनीहरूका सन्तानलाई कामदारका रूपमा विदेश निर्यात गर्ने पुँजीवादी शक्ति र प्रभुत्वको प्रतिरोध उपन्यासमा यसरी गरिएको छः

किन जन्माउनुपर्‍यो बच्चा ? जो हुर्कन नपाई खोसेर दुरदेश लैजान्छन् । बन्दी बनाउँछन् । हामीजस्ता

गरिब मुलुकका नारी जातिलाई आफ्नो खुसीको लागि सन्तान जन्माउने अधिकार नै छैन । अर्काको लागि जन्माउनु पर्दैन, एक्लै बोल्छे (कार्की, २०७०, पृ. २०७) ।

प्रस्तुत कथन सन्तान खोसिएकी एउटी महिलाको हो । यहाँ विकसित राष्ट्रहरूले आफ्नो शक्ति र प्रभुत्वका कारण अविकसित राष्ट्रका युवाहरूलाई आफ्नी आमाको काखबाट खोसी कामदारका रूपमा प्रयोग गरिएकोप्रति सङ्केत गरिएको छ । जसका कारण आमाहरू मातृत्वको सुखभोग गर्नबाट बञ्चित रहेका छन् । देशमा रोजगारीको अभावका कारण धेरै सङ्ख्यामा युवाहरू आमाको काख छोडेर विदेशिनु परेको वास्तविकताप्रति असन्तुष्टि प्रहार गर्दै अन्य देशका लागि कामदार मात्र उत्पादन गर्न सन्तान नजन्माउने भन्दै पुँजीवादी शक्ति र प्रभुत्वको प्रतिरोध गरिएको छ ।

नारीको शरीरलाई आफ्नो शक्ति र प्रभुत्वमा राखी दमन गर्ने पितृसत्तात्मक समाजिक व्यवहार समाजमा व्याप्त रहेको छ । अहिलेको समयका महिलाहरू घरभित्र मात्र सीमित नभइ आर्थिक उपार्जन गरी पारिवारिक आर्थिक अवस्था मजबुत बनाउन वैदेशिक रोजगारीमा पनि जान थालेका छन् । अर्की आइमाई उपन्यासकी महिला पात्र पनि छोराछोरी पढाउन सहज होस् भनी लोग्ने र छोराछोरी छोडेर विदेश गएका बेला अर्की महिलासँग सम्बन्ध गाँस्दै हिँड्ने लोग्नेलाई माफी दिएर ऊसँगै जीवन गुजारा गर्नुपर्ने पितृसत्तात्मक प्रभुत्वको प्रतिरोध गरिएको छः "उसैले दिएको गाँस खानु छैन । उसले दिएको धोतीले लाज ढाक्नु छैन । किन म त्यो लोग्ने स्याहारी बसूँ, जसको शरीरबाट अर्की गन्हाउँछे ।" (कार्की, २०७०, पृ. १९२)

प्रस्तुत कथन रोजगारीका लागि विदेशिएकी महिलाको हो । उसको लोग्नेले पितृसत्तात्मक शक्ति र प्रभुत्वका कारण श्रीमती विदेश गएको समयमा अरू महिलासँग

सम्बन्ध राख्दै हिँड्छ । त्यस्तो लोग्नेसित बस्नुभन्दा अलग भएर स्वतन्त्र जीवन बाँच्ने विचार राख्दा महिलाका बाबुआमाले लोग्नेलाई माफी दिएर त्यही लोग्नेसितै बस्नुपर्ने धारणा राख्छन् । यस्तो पितृसत्तात्मक धारणाप्रति प्रतिरोध गर्दै यस्तो पितृसत्तात्मक अवधारणाप्रति प्रतिरोध गर्दै महिलाद्वारा आत्मनिर्भर भएर स्वतन्त्र जीवन बाँच्नका लागि प्रतिरोध गरिएको छ ।

यसैगरी कार्कीको चीरहरण उपन्यासमा पनि महिलाको शरीरप्रति गरिएको पितृसत्तात्मक शक्ति र प्रभुत्वको प्रतिरोध गरेर शरीर स्वतन्त्रताको वकालत गरिएको छ । समाजमा रहेको पुरुषसत्ताको शक्ति र प्रभुत्वले महिला शरीरसम्बद्ध अधिकारलाई नियन्त्रण गरी सन्तानप्रति उसको अधिकारलाई शून्य बनाएकोप्रति चीरहरण उपन्यासकी पात्र गङ्गाले यसरी विरोध गरेकी छन्:

> सौम्य स्वरकी गङ्गा निमेषभरमै रणचण्डिका भएकी थिइन् । लाललाल आँखा पारेर भनिन्, ए पुरुष, सन्तान पिताका मात्र हुँदैनन् । कति मेरोमेरो पुत्रमात्र भनिरहनुहुन्छ ? यो पुत्रलाई आफ्नोमात्र भन्ने महाभूल नगर्नुस् । यो मेरो पनि पुत्र हो । म जान विवश छु, र त्यति नै सत्य हो, दूधेबालक पितासँग छाडेर यो माता जान सक्दिन । (कार्की, २०७२, पृ. ६३)

महिलाले सन्तानलाई नौ महिना गर्भमा राखेर अनेक दुःख कष्ट सहेर जन्माउँछन् । गर्भदेखि नै त्यो बच्चाको अधिकार आमामाभन्दा पनि बाबुमा रहेको हुन्छ । यहाँ गंगाले शान्तनुसँग गरेको सर्त भङ्ग भएपछि गंगाले शान्तनुलाई छाडेर जानुपर्ने बाध्यता हुन्छ । गंगा आफू जान लाग्दा दुधेबालक पनि सँगै लिएर जान खोज्छिन् तर शान्तनुले सन्तानप्रति बाबुको हक लाग्ने र गंगाले आफूसित लान नसक्ने विचार राख्छन् । शान्तनुको यस्तो विचारप्रति असन्तुष्ट हुँदै गंगाले सन्तानप्रतिको दायित्व र अधिकार आमाबाबु दुबैमा बराबर हुने तथा एउटी आमाले दुधे बालक छाडेर जान नसक्ने भनी आफैँसित लिएर पितृसत्तात्मक शक्ति र प्रभुत्वको प्रतिरोध गरेकी छिन् । नेपाली समाजमा महिलाले जीवनसाथी छान्ने र विवाह गर्ने स्वतन्त्रताको अधिकारलाई पितृसत्तात्मक शक्ति र प्रभुत्वले नियन्त्रण गरेको छ । यस उपन्यासमा पनि अम्बाले वैवाहिक स्वतन्त्रताको पक्षपोषण गर्दै यसरी प्रतिरोध गरेकी छिन् :

> बरु म मृत्युवरण गर्छु परन्तु यो पुष्पहार शाल्वबाहेक अरुको गलामा पहिराउन मलाई स्वीकार्य हुनेछैन । ....मेरो भाग्य कसैले हरण गर्न सक्दैन । हामीले देखे-

> भोगेको यो वर्तमान मेरो भाग्य होइन । म जुनसुकै मूल्य चुकाउन तयार छु, परन्तु विचित्रवीर्यको सहधर्मिणी कदापि हुनेछैन । (कार्की, २०७२, पृ. ११६)

प्रस्तुत कथन अम्बाद्वाराराजनीतिक शक्ति र प्रभुत्वका कारण दमित रहेको वैवाहिक स्वतन्त्रताको उपभोग गर्ने चाहना प्रकट गरिएको छ । स्वम्वर कक्षबाट राजनीतिक शक्तिको दम्भका कारण भीष्मबाट अपहरित भएकी अम्बाले आफूले मनपराएको शाल्वलाई छाडेर विचित्रविर्यकी पत्नी बन्न नसक्ने धारणा व्यक्त गरेकी छन् । अरुले बनाइदिएको भाग्य सत्य नभएको र आफैँले बनाएको भाग्यअनुसार शाल्व राजकुमारसँग विवाह गर्न पाउने आफ्नो अधिकारको वकालत गर्दै राजनीतिक शक्ति र प्रभुत्वका आधारमा महिला शरीरप्रति गरिएको शोषणप्रति आवाज बुलन्द गरिएको छ ।

नेपाली समाजमा महिला शरीरमाथि गरिएको शरीर दोहनप्रतिको प्रतिरोध चीरहरण उपन्यासका पुरुष पात्रले पनि गरेका छन् । यस उपन्यासमा सत्ता र शक्तिका आडमा आफ्नो राजनीतिक प्रभुत्व कायम राख्न पितृसत्ताले महिला शरीर प्रयोग गरेको पाइन्छ । यस उपन्यासको पात्र दुर्योधनले युधिष्ठिरलाई वनवास पठाएर राज्य शक्ति आफ्नो हातमा लिनका लागि द्रौपदीको शरीर प्रयोग गरेको पाइन्छ । यसरी गरिएको शरीर शोषणप्रति प्रतिरोध गर्न श्रीकृष्णले द्रौपदीलाई यसरी आह्वान गरेका छन्:

> मेरो कानमा आवाज आयो, ‘यज्ञसेनी, तिमी स्वयम् महाशक्ति हौ । स्त्री आफ्नो शक्तिबारे अनभिज्ञ छन् । तिमी आफ्नो शक्ति प्रदर्शन गर । म सम्मुख रहेँ भने तिमी झन कमजोर हुनेछौ । परआश्रित हुनेछौ । विद्रोह गर । यो तिम्रो न्यायालय हो । यहाँको निर्णयकर्ता स्वयम् तिमी हौ । तिम्रो न्यायालयमा पापीहरूलाई यस्तो सजाय तोक्नु कि भविष्यमा कोही दुःशासनले कुनै नारीको वस्त्रहरणको परिकल्पना गर्न नसकोस् । कुनै नारी बलात्कृत हुन नपरोस् । (कार्की, २०७२, पृ. ३७०)

प्रस्तुत कथन युधिष्ठिरले द्रौपदीलाई दाउमा राखेर हारिसकेपछि दुःशासनले बस्त्र हरण गर्न लाग्दा श्रीकृष्णले द्रौपदीलाई भनेको हो । श्रीकृष्णले नारी शक्ति आफैँमा शक्तिशाली छ । नारी आफैँमा यस्तो शक्ति हुँदाहुँदै त्यसलाई दबाएर बस्ने नभई त्यो शक्ति प्रयोग गरेर आफ्नो अस्तित्व बचाउन र आउँदो समयमा हरेक नारीको अस्तित्व रक्षा गर्न द्रौपदीलाई आह्वान गरिएको छ ।

पितृसत्ताले महिला शरीरमाथि शक्ति प्रयोग गरेर आफ्नो स्वार्थ पूरा गरिरहेको हुन्छ । “शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र नभएर अफिस, स्कुल वा पारिवारिक एकाइभित्र पनि हुन्छ (उप्रेती, २०६८, पृ.४२) ।” युधिष्ठिरले पाण्डब र कौरबहरूको बिचमा भएको जुवा खेलमा सबै सम्पत्ति हारिसकेपछि पत्नी द्रौपदीलाई पनि दाउमा राखी हारिसकेका हुन्छन् । माता कुन्तीले यो कुरा थाहा पाएपछि आफ्नो पुत्रमाथि यसरी आक्रोस पोख्छिन्:

> भावी दिनमा मेरा पुत्रबाट यस्ता गल्ती दोहोरिएमा उनीहरूलाई सजाय दिन पलभर विलम्ब नगर्नू । अनि आफ्ना पुत्रतर्फ फर्किएर भन्नुभयो, पाँच पुत्रमाथि गर्व थियो । विश्वास थियो । आज सबै डगमगायो । आजपर्यन्त यो घटनामा जति पीडित म मेरा कुनै दुःखको पलमा थिइन होला । जीवनका धेरै उकाली ओराली देखें । दुःख र पीडाका महासागर पनि अदम्य साहसका साथ पार गरेँ । परन्तु अब पुत्र बधूको वस्त्रहरणको पीडाको सागर तर्न कठिन छ पुत्र । आइन्दा कुनै नारीमाथि अत्याचार गर्नु त के, अपमानको मूकदर्शक बनेर बस्ने, नारी संरक्षणमा अघि नबढ्ने यस्ता पुत्रलाई सदाको निम्ति त्याग गर्नेछ यो माता कुन्ती । (कार्की, २०७२, पृ. ३८२)

प्रस्तुत कथन युधिष्ठिरले द्रौपदीलाई दाउमा राखेर हारेपछिको घटनाले मानसिक रूपमा घाइते भएकी माता कुन्तीले छोराहरूप्रति पोखेको आक्रोस हो । उनलाई आफ्ना पुत्रहरूले यस्तो घृणित काम गर्न सक्छन् भन्ने लागेको थिएन । द्रौपदीलाई नसोधिकन उनको शरीरलाई पुरुषको आवश्यकता अनुकूल प्रयोग गरिएकोप्रति पितृसत्तालाई गतिलै झापड पुगेको छ । माथिको उदाहरणमा नारीको जीवनमाथि अनावश्यक हस्तक्षेप गर्ने र आफ्नो इच्छा र आवश्यकताअनुसार नारीको शरीरलाई प्रयोग गर्ने पुरुषवादी प्रवृतिको प्रतिरोध गरिएको छ । साथसाथै नारीको शरीर नारीकै भएको हुनाले शरीरमाथि आफ्नो अधिकार हुनुपर्ने र त्यसमा कसैको हस्तक्षेप स्वीकार्य नहुने धारणा व्यक्त भएको छ ।

कार्कीको योगमाया उपन्यासमा चित्रित महिला पात्रहरूको शरीर पुरुषप्रधान समाजको शक्तिको चङ्गुलमा फसेको देखिन्छ । शक्ति र प्रभुत्वका आधारमा आफ्नो विचारधारा निर्माण गरी महिलाको शरीरलाई शोषण गर्ने कामप्रति तत्कालीन पतिृसत्तात्मक समाजमा लागू गरेका नीति र नियमहरूको  तीव्र रूपमा बिरोध गरिएको छ ।  यस उपन्यासका कुनै पनि महिलापात्र पुरुषको शोषणबाट उम्किएका छैनन् । चाहे घरभित्र होस् वा घरबाहिर उनीहरू पुरुषहरूको फन्दामा परिसकेपछि कहींकतैबाट उम्कन सकेका छैनन् । यस उपन्यासमा योगमायाले नारीहरूले आफ्नो अस्तित्वको खोजी आफै गर्नु पर्दछ अन्यथा

सदियौँदेखि जरा गाडेर बसेको पितृसत्तात्मक प्रभुत्वले महिला वर्गमाथि आफ्नो बर्बर दुश्चक्रमलाई यसरी नै लादिरहने तीतो यथार्थप्रति सङ्केत गरेकी छन् । त्यसैले योगमाया भारतबाट फर्किएपछि गाउँका सोझासाझा मानिसहरूलाई ठग्ने, आफ्नो अनुकूल शास्त्र र शास्त्रास्तको बखान गर्ने तत्कालीन ब्राह्मणवादी सोच राख्ने गाउँका जान्ने-बुझ्ने भनाउँदा ठूला पुरेतसँग उनको असन्तुष्टि पोखिन्छ ।

तत्कालीन राज्यसत्ताले शक्ति र प्रभुत्वका आडमा महिला शरीरमाथि गरेको दमनका विरुद्धमा योगमायाको प्रतिरोधी आवाज बुलन्द रहेको पाइनछ । उनको विद्रोहको मुख्य अभीष्ट सारा नारीजगत्को शरीर शोषणको मुक्तिको लागि भएको कुरा उनले आफ्नी बुहारीसँग भनेको यो प्रसङ्ग "अन्याय सहेर बाँच्नुभन्दा न्यायको निम्ति रेटिनु वेस । दिदीले दाह्रा किट्नुभो । अनि भन्नुभो, घरै जाम भो दुलही" (कार्की, २०७४ १२८) ।" बाट स्पष्ट हुन्छ । अन्याय र अत्याचारको जाँतोमा पिसिँदा-पिसिँदा योगमायाको तन-मन दुवै पहराजस्तो भएको छ । अन्याय र अत्याचार सहेर बस्नुभन्दा बरू मर्नु निको हुन्छ भन्ने उनको तर्क रहेको देखिन्छ र सदियौँदेखि जरा गाडेर बसेको पितृसत्तात्मक समाजको अन्त्यको लागि कम्मर कसिसकेको कुरा माथिको प्रसङ्गबाट प्रस्ट हुन्छ । उनले आफूलाई सम्पूर्ण रूपमा नारीजगत्को भलाइको लागि अर्पेको कुरासमेत उक्त भनाइबाट प्रस्ट हुन्छ ।

परम्परागत पितृसत्तात्मक समाजमा छोरीलाई एक पटक विवाह गरेर दिएपछि जतिसुकै दमनकारी परिवार भए पनि सहेर घर गरी खानुपर्छ भन्ने मान्यता रहेको छ । मारे पाप पाले पुण्य भन्ने उखान त हाम्रो समाजमा प्रचलित नै छ । त्यसकारण पनि विवाहित नारीले अर्को लोग्नेसित विवाह गर्नु बर्जित नै मानिन्छ । यसरी विवाह गरेका महिलालाइ अछुत बनाइन्छ । यस्तो किसिमको मान्यतालाई चुनौति दिँदै योगमायाले पहिलो लोग्नेको घर गरी खान नसकेपछि अर्कौ विवाह गर्छिन् । पुरुषले जतिपनि विवाह गर्न पाउने तर महिलाले जति नै अन्याय सहेर भए पनि एक पटक विवाह गरेपछि त्यही लोग्नेलाइ नै सर्वस्व मान्नु पर्ने परम्परागत चिन्तनलाई हाँक दिँदै योगमायालेले भनेकी छन् :

> दिदी डग्ने डराउनेमा हुनुहुन्नथ्यो, हाकाहाकी भनिदिनुहुन्थ्यो, हो म पोइल गएकी हुँ, म बिग्रिएकी हुँ ! लोग्नेमान्छेले स्वास्नी हुँदाहुँदै दोस्रो, तेस्रो नजाने कति स्वास्नीको माला लाउन हुने ? स्वास्नीमान्छेले बाध्यतामा सँघार नाघ्न नहुने ? (कार्की, २०७४, पृ. ११९-१२०) ।

प्रस्तुत कथनमा तत्कालीन पुरुषप्रधान समाजले घरमा श्रीमती हुँदाहुँदै अर्की श्रीमती ल्याउने तर कुनै नारीले आफ्नो बाध्यतावश सङ्घार बाहिर खुट्टा हाल्दा पनि उसको चरित्रमाथि नै प्रश्नचिन्ह खडा हुने सामाजिक अन्याययुक्त चलनको प्रतिकार गरेको देखिन्छ। दोस्रो विवाह गर्दा बिग्रिएकी सङ्ज्ञा दिने पितृसत्तात्मक समाजलाई योगमायाको यस्तो चुनौतिपूर्ण विद्रोहको यात्राले थर्कमान बनाएको छ। योगमायाको उक्त कथनमा महिला र पुरुषको विवाहको सवालमा पितृसत्ताले आफ्नो शक्तिको दुरुपयोग गरी निर्माण गरेको असमान विचारधाराको बिरोध गरिएको छ।

समाजमा पितृसत्ताको संरक्षणमा ब्राह्मणहरूले विभेदपूर्ण व्यवहार गरेकोप्रति योगमायाको विमति रहेको पाइन्छ। ब्राह्मणहरूद्वारा समाजमा भइरहेको अन्याय, अत्याचारको विरुद्ध आवाज उठाउँदै समाजमा सबै धर्म, जातजाति, लिङ्गका बिचमा समानता आउनुपर्छ, ठूला र सानाको बिचमा रहेको पर्खाल हटाउनुपर्छ, छोरी जातिले पनि वेद पढ्न पाउनुपर्छ भन्ने कुराको वकालत गर्दै हिँडेको कुरा यो भनाइबाट प्रस्ट हुन्छः

> सारा ब्राह्मण चिडिएका छन्। 'कति नै पुरान लाउने ब्राह्मणलाई समेत ज्ञान दिने भएकी। दुईचार ठाम के देखेकी फूर्ति लाउँदै हिँड्ने ? तेरी दिदीलाई सम्झाएर राख्' भने ठूला पुरेतले मलाई। सबैका अघिल्तिर पुरेत कस्तरी जङ्गे मसँग तँलाई के था ? ( कार्की, २०७४, पृ. ११७)।

माथिको साक्ष्यमा मायादेवीले सदियौँदेखि दमन र शोषण गर्दै आएका ब्राह्मणहरूको विरोध गरेको प्रस्ट देखिन्छ। शास्त्र र पुराणहरूलाई पितृसत्ताको अनुकूल हुने गरी बयान र प्रवचन गर्दै सारा नारीजातिमाथि आधिपत्य जमाउँदै आएका तत्कालीन पुरोहितको गलत कुराको बर्खिलाप गर्दा ती पुरेतहरूले योगमायाको प्रतिकार भने गर्न सकेका छैनन् तर उनका भाइलाई उचालेर उनकै विरुद्धमा प्रयोग गर्ने रणनीति भने भएको देखिन्छ तर योगमाया निडर र दृढ भएर एक्लै यसको प्रतिरोध गरेकी छन्।

तत्कालीन राजनीतिक शक्तिमा रहेको राणाहरूको शासन व्यवस्थाले नेपाली समाजमा गरेको महिलाहरूप्रतिको विभेद, शोषण र दमनबाट महिलाहरूलाई मुक्त राख्न योगमायाले धर्मराज्यको स्थापनाको मागपत्र लिएर आफैँ श्री ३ लाई भेट्न गएको कुरा यहाँ प्रस्ट छः "जे भए पनि अब म आफैँ काठमाडौँ जान्छु। धर्मराज्य स्थापनाको लागि जहाँ पुग्न परे पनि पुग्छु। परे जोसँग पनि डटेर कुरा गर्छु (कार्की, २०७४, पृ. ३५९)।" योगमायाले महिलाहरूले वेद पढ्न पाउनुपर्ने, विधवा महिलाले आफ्नो इच्छा भए विवाह गर्न पाउनु

पर्नेजस्ता कुरा गर्नु तत्कालीन समाजको मान्यताप्रतिको प्रतिरोध हो । योगमाया आफैं काठमाडौँ पुगेर श्री ३ लाई बिन्ति बिसाउँदा पनि सुनुवाइ नभएपछि न्यायका लागि सामूहिक अग्निदाह गरेर शासकहरूलाई दबाब दिने कुरा उपन्यासमा योगमाले यसरी अभिव्यक्त गरेकी छन्:

> अब यिनीहरूबाट साँचो धर्मभिक्षा पाउन मैले आफैं अग्निमा प्रवेश गरी प्राण त्याग गर्नुपर्छ भन्नेमा छु । मलाई मर्नमा कुनै सन्ताप छैन । यी पापीका राज्यमा बाँच्नुभन्दा मर्नु श्रेयष्कर लाग्दै गो । एक दिन मर्नैछ त म अब यी पापीको दुनियाँमा नरहने निर्क्योलमा पुगें । जो जतिले मउपर विश्वाश गऱ्यौ; शरण पाएका छौ, तिनका कर्म पनि मेरा भए । अब मैले अग्निसमाधि लिने निर्णय गरैं । (कार्की, २०७४, पृ. ४१८)

योगमायाले समाजका विकृति, अन्याय र भ्रष्टतालाई राज्यबाटै कानुन बनाएर हटाउनु पर्छ भन्ने उनले ठहर गर्दै धर्म भिक्षाका रूपमा समाज सुधारका महत्वर्ण मागहरू लिएर प्रेमनारायणलाई दूतका रूपमा राणा समक्ष पठाइन् । चन्द्र शमशेरदेखि जुद्ध शमशेरसम्म आफ्ना मागहरू पुऱ्याउँदा पनि सुनुवाई नभएपछि केही सहयोगीका साथ आफैं जुद्ध शमशेरलाई भेट्न गइन् र धर्म भिक्षाको आश्वासन पाएर फर्किन् । तर राणाहरूबाट उनको माग पूरा नहुने देखेपछि प्रतिरोध स्वरूप योगमाया र उनका अनुयायीहरूले अरूणमा आत्मदाह गर्ने निधो गरे र १९९८ असार, हरिशयनी एकादशीको दिन बिहानै योगमाया सहित छैसठ्ठी जनाले आत्मदाह गरेको कुरा दुखुनाले यसरी व्यक्त गरेकी छिन् : “मैले पीपलको बोटतिरबाट गन्न लागें- ठूलीहजुर एक । सानीहजुर दुई । दुई-तीन-चार-पाँच . . . तीस-तेत्तीस-चवालीस-उन्पचास-पचास-साठी-बैसट्ठी- पैंसट्ठी अनि आफैलाई जोडेँ अन्तिममा छैसठ्ठी । पैंसट्ठी जनाका पाइलाहरू अगाडि बढ्दै छन् । गड्गडाइरहेको अरूणतर्फ हिँड्दैछ ।” यसरी योगमाया लगायत छैसठ्ठी जनाले समाजका विकृति र विसङ्गतिको अन्त्य गर्दै समानताका लागि बलिदानी दिनु तत्कालीन शासनका बिरुद्ध शक्तिशाली प्रतिरोध हो ।

## ४.११ निष्कर्ष

नीलम कार्की 'निहारिका' का अर्की आइमाई, चीरहरण र योगमाया उपन्यासमा महिला शरीरमाथि भएको राजनीतिको प्रतिरोध गरिएको छ । अर्की आइमाई उपन्यासमा तारा, सावित्री, रोजगारका लागि दुधमुखे सन्तान छोडेर विदेशिन बाध्य भएका महिलाहरूले महिलाहरू शरीरमाथि विविध पक्षमा गरिएका दमनहरूको विरोध गरेका छन् । तारा यस उपन्यासकी प्रमुख पात्र हो । आफ्नो लोग्ने सुवर्णले उसको शरीरलाई आफ्ना यौनतृप्तिको साधनमात्र बनाएको छैन; उसको प्रजननमाथि समेत नियन्त्रण गरेको छ । आफूले उसको शरीर प्रयोग गरिसकेपछि अमेरिका बसोवास गर्न चाहने पुरुषहरूका लागि कागजी विवाह गरिदिने बस्तुका रूपमा पनि प्रयोग गर्ने कोसिस गरेको छ । ताराले ती कुराहरूको प्रतिरोध गर्दै नेपाल बस्ने निर्णय गरेर आफ्नो नियन्त्रित शरीरलाई मुक्त गरेकी छ । महिलालाई जबर्जस्ती गरेर यौन तुष्टि गर्ने साधनका रूपमा लिइन्छ र गर्भवती तुल्याइन्छ । त्यो गर्भमा रहेको सन्तानलाई जन्माउने अधिकार पनि महिलालाई हुँदैन । अर्की आइमाई उपन्यासकी महिला पात्रले पितृसत्ताको दलदलमा फँसेर आफ्नो प्रजनन् अधिकारको रक्षा गर्नुपर्ने प्रतिरोधी आवाज अभिव्यञ्जित गरेका छन् । पुँजीवादले महिलालाई कमाइ गरी खाने भाँडोका रूपमा प्रयोग गरेको छ । कागजी विवाह गरेर पुरुषलाई अमेरिका जाने भऱ्याङका रूपमा प्रयोग गरिएकाप्रति सावित्री तथा ताराजस्ता पात्रहरूले प्रतिरोध गर्दै उनीहरू नेपाल नै फर्किएर स्वतन्त्रपूर्वक जीवनयापन गरेका छन् ।

चीरहरण उपन्यासमा द्रौपदी, कुन्ती, मत्स्यगन्धा, अम्बा, गङ्गा आदि महिलाहरूले आफ्नो शरीरमाथि भएको राजनीतिको प्रतिरोध गरेका छन् । मत्स्यगन्धाले आफ्नो वैवाहिक स्वतन्त्रताका लागि आफ्नै माता पिताको पितृसत्तात्मक चिन्तनसँग प्रतिरोध गरेकी छन् भने अम्बाले पनि राजनीतिक शक्ति र प्रभुत्वलाई ठाडो चुनौति दिँदै आफूले मन पराएको व्यक्तिसँग विवाह गर्न पाउनुपर्ने कुराको वकालत गरेकी छन् । त्यस्तैगरी आफैँले जन्माएको सन्तानप्रतिको अधिकारका लागि पितृसत्ताको प्रभुत्वमाथि प्रतिरोध गरेकी छन् । कुन्तीले आफ्नै छोराहरूले द्रौपदीलाई वस्तुका रूपमा लिएकोप्रति रोष प्रकट गर्दै महिलालाई वस्तुकरण गर्ने चिन्तनप्रति प्रतिरोध गरेकी छन् । यस उपन्यासकी पात्र द्रौपदी एक शसक्त र विद्राहि पात्रका रूपमा प्रस्तुत भएकी छन् । उनले राजनीतिक शक्तिका आडमा दुर्योधनले राज्यसभाका माझ उनको शरीरको दुरूपयोग गरेकामा विरोध

गरेकी छन् । त्यति मात्र नभइ आफ्नै पतिबाट आफ्नो अनुमतिबिना आफूलाई दाउमा राख्दा उनले पितृसत्तात्मक चिन्तनप्रति ठाडो विद्रोह गरेकी छन् ।

कार्कीको योगमाया उपन्यासकी पात्र योगमाया विद्रोही पात्रका रूपमा देखिएकी छन् । उनीमात्र नभइ यस उपन्यासका गङ्गामाया, दुखुना आदि पात्रहरू महिला शरीरप्रति गरिएको राजनीतिको प्रतिरोध गरेका छन् । योगमायाद्वारा परम्परागत विवाह पद्धतिले नैतिकताको बन्धनभित्र राखेर महिलाको शरीरमाथि राजनीति गर्ने भएकाले त्यस्तो विवाहलाई नै अस्वीकार गर्दै स्वतन्त्र जीवनको पक्षमा आवज उठाइएको छ । त्यस्तै गरी विधवा महिलाले आफ्नो मञ्जुरी भएमा दोस्रो विवाह गर्न पाउनुपर्ने, महिलाले वेद पढ्न पाउनु पर्ने भन्दै धर्म र संस्कृतिका सङ्कीर्ण विचारहरूप्रति असन्तुष्टि जनाउँदै यसबारे महिलाहरूलाई सचेतना दिने काम गरेकी छन् ।

# पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

नीलम कार्की 'निहारिका' का उपन्यासमा शरीर राजनीति शीर्षकको प्रस्तुत शोधप्रबन्ध अमेरिकी सांस्कृतिक समालोचनाका क्रममा विकसित शरीर राजनीतिको सिद्धान्तमा आधारित भएर नीलम कार्की 'निहारिका' का उपन्यासहरू अर्की आइमाई, चीरहरण र योगमाया उपन्यासमा आधारित रहेर पाचौं परिच्छेदमा विस्तार गरी सम्पन्न गरिएको छ ।

प्रस्तुत शोधको पहिलो परिच्छेद शोध परिचय रहेको छ । यस परिच्छेदमा शोध्य विषयको परिचय दिएको छ । यही विषयसँग सम्बन्धित रहेर निलम कार्की 'निहारिका' का उपन्यासमा शरीर राजनीति के कस्तो छ भन्ने मूल प्राज्ञिक समस्या बनाइएको छ र यही मूल समस्याको समाधान गर्न कार्की उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि कस्तो रहेको छ, कार्कीका उपन्यासमा युद्ध र निर्वासनले महिला शरीरमाथि पारेको प्रभाव कस्तो रहेको छ तथा महिला शरीरद्वारा गरिएको प्रतिरोधको अवस्था कस्तो रहेको छ ? भन्ने शोध प्रश्नहरू निर्माण गरिएको छ । यिनै शोध प्रश्नहरूको समाधान गर्नु नै शोधको उद्देश्य निर्धारण गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा पनि गरिएको छ । यिनै विषयको अध्ययनबाट नीलम कार्कीका उपन्यासको शरीर राजनीतिका दृष्टिले अध्ययन विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्व स्पष्ट भएको छ ।

नीलम कार्कीका प्रकाशित तीनवटै उपन्यासको विभिन्न दृष्टिले अध्ययन हुन सक्ने भए पनि यहाँ सांस्कृतिक अध्ययनअन्तर्गत शरीर राजनीतिका विभिन्न पक्षमध्ये महिला शरीरमा युद्ध र निर्वासनको प्रभाव, पितृसत्तात्मक समाजिक दृष्टि र महिला शरीरद्वारा गरिएको प्रतिरोधमा मात्र केन्द्रित रही अध्ययन गरिएको छ, जुन शोधको सीमाका रूपमा रहेको छ । प्रस्तुत शोध पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी अमेरिकी सांस्कृतिक समालोचनाका क्रममा विकसित शरीर राजनीतिलाई सैद्धान्तिक आधार मानी त्यसको अध्ययनका क्रममा प्रतिपादन भएको मान्यताका आधारमा अध्ययन विश्लेषण

गरेको कुरा उल्लेख गरिएको छ । यसरी निर्माण गरिएको शोधप्रबन्धको रूपरेखा समेत पहिलो परिच्छेदमै निर्धारण गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेद नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि रहेको छ । यस परिच्छेदको प्रारम्भमा विषय परिचय र महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको पृष्ठभूमि राखिएको छ । त्यसैगरी पाठविश्लेषणको आधारका रूपमा यौनिकता र प्रजननप्रति महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, श्रम र उपार्जनका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि जस्ता उपशीर्षकको परिचय प्रस्तुत गरी पाठ विश्लेषण गरिएको छ । यी उपशीर्षकअन्तर्गत कार्कीका *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यासका महिला पात्रहरूको शरीरप्रति यौनिकता र प्रजनन्, शक्ति र प्रभुत्व, श्रम र उपार्जन, धार्मिक तथा सांस्कृतिक र लैङ्गिकताका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि के कस्तो रहेको को छ भन्ने कुराको अध्ययन गरिएको छ ।

*अर्की आइमाई* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक चिन्तनका कारण यौनिकता र प्रजननप्रति महिलाको शरीरमाथि विभिन्न किसिमले शोषण र दमन भएको कुरा उल्लेख गरिएको छ । यस उपन्यासका पात्रहरू सुवर्ण, जगन्नाथ, चेतन, आशुतोष, थोमस, ताराको नन्दे भाइ, ताराकी सासु, ताराका बाबु र दाजु आदिमा रहेको पितृसत्तात्मक सोचकै कारण तारा, सावित्री र अन्य महिला पात्रहरूको यौनिकता र प्रजनन् अधिकारलाई नियन्त्रण गरिएको छ । सुवर्णले तारालाई कागजी विवाह गरी अमेरिका लगेर उसको प्रजनन् अधिकार नियन्त्रण गरी यौन तुष्टि गर्ने साधनका रूपमा प्रयोग गरेको छ । ताराकी सासूद्वारा पनि सुवर्णको यस्तो हर्कतलाई साथ दिएर ताराको मातृत्व खोस्ने काम भएको छ । त्यति मात्र नभएर जगन्नाथ र आशुतोषले पनि ताराको शरीरमाथि यौनजन्य हिंसा गरेका छन् । पितृसत्तात्मक चिन्तनकै कारण सावित्रीलाई उसकै लोग्नेले परपुरुषसित शारीरिक सम्बन्ध राख्न बाध्य बनाएकोछ र अन्त्यमा उसलाई त्यागिदिएको छ । त्यसैगरी आर्थिक समस्याको चपेटामा परी विदेशिन बाध्य महिलाहरू आफ्नै पति तथा अन्य पुरुषबाट यौन हिंसामा परेका छन् । कार्कीको अर्को *चीरहरण* उपन्यासमा शान्तनु, ऋषि पराशर, दुर्योधन, भीष्म,

अर्जुन अदि पात्रहरू पितृसत्तात्मक चिन्तनबाट ग्रसित भएर सत्यवती, अम्बिका, अम्बालिकाजस्ता महिला पात्रहरूको यौनिकता र प्रजनन् अधिकारलाई नियन्त्रण गरेको पाइएको छ । परासर ऋषिले सत्यवतीलाई मत्स्यगन्धाबाट सुन्दरी बनाइदिने सर्तमा उनको यौनिकतामाथि नियन्त्रण गरेका छन् भने अम्बिका र अम्बालिकालाई आफ्नो इच्छन नहुँदा नुहँदै परपुरुषबाट गर्भ धारण गर्न बाध्य बनाइएको छ । यसैगरी *योगमाया* उपन्यासमा पितृसत्ताको आडमा पुरुषले छोराको उमेरभन्दा पनि सानी केटीसित विवाह गरेर सानै उमेरमा गर्भवती तुल्याउने अनि कुनै कारणले लोग्नेको मृत्यु भएमा उसको गर्भ फालेर उसलाई त्यो घरबाट नै निकाल्नेजस्ता हर्कत गरेर महिलाको प्रजनन्माथि दमन गरेको पाइएको छ ।

*अर्की आइमाई* उपन्यासमा पितृसत्तात्मक चिन्तनले ग्रसित ताराका बुवा र दाजुले पितृसत्तात्मक चिन्तनकै कारण ताराको स्वीकृतिबिना दुई सन्तानको बाबु बनिसकेको सुवर्णसित विवाह गरिदिएका छन् । विवाह गरेर अर्को मुलुक पुऱ्याइएकी ताराको शरीरमाथि सुवर्ण र उसकी आमाले शक्तिको आडमा राजनीति गरेका छन् । यहाँ राज्यको निकाय अदालत कानुन आदिका माध्यबाट नभई पितृसत्ता र शक्तिको आडमा उनीहरूको शरीरको प्रयोग गरिएको छ । शक्तिको दमन र नियन्त्रणकै कारण उपन्यासका महिला पात्रको श्रमको समेत शोषण भएको छ । घरमा बालबच्चा छोडेर विदेशी भूमिमा गएर पैसा कमाएकी सावित्रीको श्रीमानले सावित्री शरीर र श्रमको शोषण गरिएको पाइएको छ । *चीरहरण* उपन्यासका पुरुष पात्रहरू भीष्म, शान्तनु, धृतराष्ट्र, युधिष्ठिर आदि पात्रमा नारी शरीरलाई मनलाग्दो खेलौनाका रूपमा प्रयोग गर्ने प्रवृत्ति हाबी भएको छ । शान्तनुले शक्तिकै आडमा सत्यवतीको शरीर भोग गरेर शोषण गरेका छन् भने भीष्मले शक्ति र प्रभुत्व प्रयोग गरेर अम्बा, अम्बिका र अम्बालिकाहरूको स्वयम्वर भङ्ग गरी हरण गरेका छन् । युधिष्ठिरले पितृसत्तात्मक शक्तिका आडमा द्रौपदीलाई दाउमा राखेर नारी शरीरलाई वस्तुका रूपमा प्रयोग गरेका छन् ।

धार्मिक तथा सांस्कृतिक मान्यतामा पनि कार्कीका उपन्यासका महिला पात्रहरूको शरीरमाथि राजनीति भएको पाइएको छ । धार्मिक मान्यताले छोरीलाई दान गर्ने वस्तुका रूपमा वस्तुकरण गरिदिएको छ । रजस्वला हुनुपूर्व नै कन्यादान गरेमा पुण्य कमाइन्छ भन्ने धार्मिक मान्यता पितृसत्तात्मक समाजमा व्याप्त रहेका कारण *योगमाया* उपन्यासका योगमाया, गंगा, नैनकलाजस्ता महिला पात्रहरू प्रताडित छन् । बाल्यावस्थामा वृद्ध

अवस्थाको पुरुषसित विवाह गरिदिने र पतिको मृत्युपश्चात् आजीवन वैधव्यको जीवन बाँच्नु पर्ने पितृसत्तात्मक सामाजिक दृष्टिले नैनकलाले वैधव्यको जीवन बांच्नु परेको छ । कुमारी अवस्थामा सन्तान जन्माएर बाउबाजेको इज्जत जाने पतिृसत्तात्मक सांस्कृतिक दृष्टिका कारण *चीरहरण* उपन्यासकी कुन्तीले आफूले जन्माएको छोरालाई गंगामा बगाउन बाध्य छिन् । धार्मिक तथा सांस्कृतिक मान्यताकै कारण *योगमाया* उपन्यासका पात्रहरू योगमाया, गंगा, दुखुना, नैनकलाजस्ता धेरै महिला पात्रहरू पढ्न र लेख्नबाट वञ्चित रहेका छन् । मानिस जन्मँदा पुरुष र महिलाको जैविक शरीर संरचना फरक हुन्छ । यही शारीरिक संरचना फरक भएकै कारण कार्कीका उपन्यासका महिला पात्रहरूको शरीरप्रति हर्ने दृष्टिकोण विभेदपूर्ण रहेको छ । नीलम कार्की 'निहारिका' को *चीरहरण* उपन्यासमा पितृसत्तात्मक समाजले सिर्जना गरेको लैङ्गिक असमानताका कारण महिला पात्रहरू शोषणमा गर्नुका साथै पितृसत्ताले विभिन्न किसिमले उनीहरूको शरीरमाथि राजनीति गरेको पाइन्छ । यस उपन्यासकी पात्र सत्यवतीलाई उनका मातापिताले छोरी भएर्क कारण त्यागिदिएका छन् चेदीराजको शरणमा उनी हुर्किएकी छिन् । पितृसत्तात्मक समाजमा महिलासम्बन्धि जुनसुकै कुरामा पनि परुष्कै निर्णय हावी हन्छ । *योगमाया* उपन्यासकी पात्र योगमायाले पितृसत्तात्मक चिन्तनकै कारणले सानै उमेरमा विवाह गरेर पराइघर जानुपरेको छ र त्यो घरमा उनले धेरै समस्या सामना गर्नुपरेको छ । छोरी मान्छे भएर बोल्न नहुने, बोलेमा अनष्टि हुन्छ भन्ने पितृसत्तात्मक विचारधाराबाट यस उपन्यासका महिला पात्रहरु प्रतडित छन् । महिला शरीरलाई श्रममा जोताउने, बालविवाह गरिदिने, घर खान नसके सामाजिक लाञ्छना खप्नुपर्ने, धर्मका नाममा जिउँदै जलाउने, आजीवन वैधव्यको जीवन बाँचेर तिरस्कारपूर्ण जीवन बाँच्नुपर्नेजस्ता पितृसत्तात्मक सामाजिक व्यवस्थाले यस उपन्यासका महिलाहरूको शरीर दमन गरेको कुरा यस परिच्छेमा
उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि निर्वासनको प्रभाव शीर्षकमाथि अध्ययन गरिएको छ । यस परिच्छेदको प्रारम्भमा विषय परिचय राखिएको छ । त्यसैगरी पाठविश्लेषणको आधारका रूपमा युद्धका कारण महिला शरीरको निर्वासन, सामाजिक परम्पराका कारण महिला शरीरको निर्वासन, उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासनजस्ता उपशीर्षकको सैद्धान्तिक पक्षको परिचय प्रस्तुत गरी पाठ विश्लेषण गरिएको छ । युद्धका कारण कार्कीका *अर्की*

*आइमाई, चीरहरण दुई* ओटै उपन्यासका महिला पात्रहरूले निर्वासित हुनुपरेको छ । *अर्की आइमाई* उपन्यासमा युद्धका कारण घाइते भएको केनेडीलाई सहारा दिँदा इलिनाहले आफ्नो परिवार र घर नै त्यागेर नर्विासित भएकी छ । नेपालको दश वर्षे द्वन्द्वले पनि महिला शरीर बाध्यात्मक रूपमा निर्वासनमा परेका छन् । । यस उपन्यासकी पात्र अनन्तकी पत्नी सुत्केरी अवस्थामा अपहरणमा राज्य पक्षको अपहरणमा परेर बाध्यात्मक निर्वासनमा परेकी र राज्यपक्षबाट नै उसको हत्या गरिएको छ ।

त्यसैगरी *चीरहरण* उपन्यासका नारी पात्रहरूको शरीर महभारत महाभारतकालीन युद्धका कारण निर्वासनमा परेका छन् । यस उपन्यासका पात्र पाण्डु र मद्र नरेशका बिच भएको युद्धका कारण माद्रीको शरीरर निर्वासित भएको छ । पाण्डुले युद्ध जितेर माद्रीलाई दरबारमा भित्र्याएपछि नवदुलही कुन्तीको चित्त कुँडिन्छ । विवाह गरेको केही दिनमा नै सौता स्वीकार गर्नुपर्दा कुन्ती आन्तरिक निर्वासनमा परेकी छन् । अम्बा, अम्बिका र अम्बालिका पाण्डब कौरबबचि भएको महाभारतकालीन युद्धका कारण द्रौपदी लगायत धेरै नारी पात्रहरू निर्वासित भएका छन् ।

सामाजिक परम्पराका कारण नेपाली समाजका महिलाहरूको शरीर दोहनमा परेको छ । योगमाया *उपन्यास*की पात्र योगमायाले महिलाहरू रजस्वला हुँदा अछुत र अपवित्र हुन्छन भन्ने सामाजिक परम्पराका कारण अँध्यारो कोठामा बस्नुपरेको छ । बाल्यावस्थामा नै विवाह भएका कारण माइतीको न्यास्रो लाग्दा घरबाट अनमति नपाएपछि भागेर माइत आउँदा योगमायाले घरबाट त्यागिनुपरेको छ भने माइतीको पनि अपहेलित भएर भारतको आसाम जानुपरेको छ । यसरी उनीहरूको शरीरमाथि भएको निर्वासन स्वेच्छिक नभएर बाध्यात्मक किसिमको छ । काइँली कमिनीले जातका कारण भजन किर्तन भएको ठाउँमा जान पाएकी छैन । ऊ समाजमा अछुत कहलिएकी छे । त्यसैले काइँली कमिनीले जातीय विभेदपूर्ण सामाजिक मान्यताका कारण आफ्नो पहिचान गुमाई आत्मनिर्वासित हुनुपरेको कुरा प्रस्ट हुन्छ ।

पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको उपभोग गरेको छ । *अर्की आइमाई* उपन्यासमा तारालाई सुवर्णले सम्पत्तिकै आडमा दोस्रो विवाह गरेर अमेरिका लगी मनोरञ्जनको साधन तथा घरायसी कामदारका रूपमा उपभोग गरेको छ । आर्थिक विपन्नता र सामाजिक दबाबका कारण तारा स्वतन्त्र निर्णय गर्नबाट वञ्चित भएकी छ । यही कारणले गर्दा पुँजीवादी

उपभोक्ता संस्कृतिकै कारण उसको शरीरको निर्वासन भएको र उसले आफ्नो पहिचान गुमाएर बाँच्न बाध्य भएकी छ । इलिनाह आर्थिक विपन्नताका कारण केन्याबाट अमेरिका गएकी पात्र हो । ऊ अमेरिका गएर पैसा कमाएर जीवन राम्रोसित सञ्चालन गर्न स्वनिर्वासित भएकी छे । पुँजीवादी उपभोक्तावादी संस्कृति कै कारण आर्थिक प्रलोभनमा परेर कल्पना किर्ते पासपोर्ट बनाएर विदेश पुगेकी छ । किर्ते पासपोर्टका कारण कानुनी अप्ठ्यारोमा परिने डर देखाएर इमिग्रेसनको कर्मचारीबाट लुटिएकी छे । यसरी पुँजीवादी उपभोक्तावादी संस्कृति कै कारण उसको शरीर निर्वासित हुन पुगेको छ । उपभोक्तवादी चिन्तनले महिलालाई वस्तुका रूपमा गरेर रुपवती र आकर्षक हुनुपर्छ भन्ने मानक निर्धारण गर्छ । यसले निर्धारण गरेको मानकभन्दा फरक शरीर भएकै कारण महिला शरीर दमनमा पर्ने गरेको छ । *चीरहरण* उपन्यासमा सत्यवतीको शरीर कुरुप र दुर्गन्धित भएकै कारण आमा बाबुबाट त्यागिनु परेको छ । यसरी उपभोक्तावादी चिन्तनका कारण महिलाको शरीरमाथि निर्वासनले प्रभाव पारेको कुरा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेद नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शारीरिक राजनीतिक प्रतिरोध रहेको छ । यसको प्रारम्भमा विषयपरिचय रहेको छ । यसपछि शरीर प्रयोगप्रतिको प्रतिरोधसम्बन्धी अवधारणा राख्नुका साथै पाठविश्लेषणमा यौनिकता र प्रजनन्का मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध, धार्मिक तथा सांस्कृतिक मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध, लैङ्गिकताका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोध, शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीर प्रयोगप्रतिको प्रतिरोधजस्ता सैद्धान्तिक पक्षको परिचय प्रस्तुत गरी नीलम कार्की 'निहारिका' का उपन्यासममा महिला शरीरद्वारा के कसरी प्रतिरोध गरिएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

यौनिकता र प्रजनन्का विषय महिला शरीरसँग जोडिएका विषय भएकाले यससँग सम्बन्धित कुराहरूमा महिलाको हक हुनुपर्छ भनी कार्कीका उपन्यासका महिला पात्रहरूले प्रतिरोध गरेको देखिएको छ । *अर्की आइमाई* उपन्यासका महिला शरीरहरू यौनिकता र प्रजनन्मा दृष्टिले शोषित रहेका छन् र उनीहरूले आफ्नो ठाउँबाट प्रतिरोधको प्रयास पनि गरेका छन् । यस उपन्यासकी तारा आफूभन्दा दुई गुणा उमेरको व्यक्तिकी पत्नी र दुई सन्तानकी आमा भएर अमेरिका पुगेकी र लोग्नेकी स्वास्नीभन्दा पनि अर्की आइमाई बन्न पुगेको बोध भएपछि ऊ नेपाल फर्किन्छे । नेपाल फर्किएपछि पनि उसलाई उसको

नन्देज्वाइँले अर्की आइमाईको दर्जामा राख्न चाहन्छ । उपन्यासमा उसको शरीर प्रयोग गरेर सन्तान जन्माउन चाहने नन्देज्वाइँको प्रस्तावलाई अस्वीकार गरेर नन्देज्वाइँलाई घरबाट निकालिदिएर प्रतिरोध गरेकी छ । यस उपन्यासकी अर्की महिला पात्रले परपुरुषले आफ्नो शरीरलाई भोगको साधनको रूपमा प्रयोग गरेर गर्भ पतन गर्न बाध्य पार्दा प्रतिरोध गरेकी छ । चीरहरण उपन्यासकी पात्र कुन्तीले तत्कालीन समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक मूल्य र मान्यताका कारण आफूले प्रजनन् र मातृत्व गुमाउनु परेकोप्रति विद्रोही स्वर प्रस्तुत गरेकी छन् । यस उपन्यासकी एउटी वृद्ध पात्रले आफूले भुलबश अविवाहित अवस्थामा गर्भधारण गर्दा बच्चालाई नदीमा बगाउनुपरेको छ र उनले अबदेखि कसैले यसरी आफ्नो सन्तान बगाउन नपरोस भनी आगामि दिनमा समाजसँग लड्ने प्रण गरेकी छन । त्यसैगरी अर्की पात्र उर्वशीले  पुरुषहरूले अप्सराहरूसँग क्षणिक मनोरञ्जन लिने, उनीहरूको शरीरलाई भोग्ने, हाँसखेल गर्ने अनि विवाह गरेर पत्नी बनाउन नसक्ने अर्जुनको पितृसत्तात्मक सोचप्रति विरोध गरेकी छन् ।

धार्मिक तथा सांस्कृतिक मान्यतालाई आधार बनाएर गरिएको महिला शरीर प्रयोगप्रतिको शसक्त प्रतिरोध कार्कीका उपन्यासमा पाइन्छ । चीरहरण उपन्यासकी पात्र कुन्तीले पति पाण्डुको मृत्युपश्चात् सति जानुपर्ने तत्कालीन धार्मिक तथा सांस्कृतिक मान्यताको प्रतिरोध गरेकी छन् । द्रौपदीले उनलाई जबर्जजस्ती पत्नी बनाउन लागेको किच्चकको मृत्युपश्चात् सती पठाउन लागेको समाजप्रति प्रतिरोध गरेकी छन् । यस उपन्यासका महिला पात्रहरू कुन्ती, द्रौपदी, भानुमती आदिले नारीको रक्षा गरे धर्म हुन्छ भन्ने धारणा परम्रागत रहेको र यसले महिलालाई कमजोर बनाउने, संरक्षणका वाहनामा पुरुषले उनीहरूको शरीर भोग गर्ने प्रवृत्तिको विकास भएकाले यसको अन्त्य गरी महिलालाई शक्तिशाली, आत्मनिर्भर बनाउनु पर्ने परम्परा विरोधी धारणा राख्छन् । कार्कीको अर्को उपन्यास *योगमाया* ले धार्मिक तथा संस्कृतिका मान्यतामा गरिएको महिला शरीर दोहनको विषयलाई उठाएर त्यसप्रति विद्रोहको चेतनालाई प्रखर रूपमा प्रस्तुत गरेको छ । यस उपन्यासमा योगमायो घरको यातना र बुहार्तन खप्न नसकेर माइत आउँदा धर्म र संस्कृतिका नाममा त्यहाँ भोग्न परेका लाञ्छना, घृणा, निन्दा र तिरस्कारले उनीभित्रको विद्रोहचेतनाको दीप बालिदिएको छ र उनले प्रतिरोधस्वरूप माइतीघर छाडेर भारतको आसाम गएर स्वतन्त्र जीवन बिताएकी छन् ।

लैङ्गिकताका आधारमा पुरुषले स्त्रीशरीरमाथि शरीर राजनीति गर्दै आएको भाष्यलाई तोड्दै कार्कीका उपन्यासका महिला पात्रहरूले समाजले सदियौँदेखि महिला शरीरलाई गरेको नियन्त्रण, शोषण र दमनबाट मुक्तिको चाहना राखी प्रतिरोध गरेका छन् । *अर्की आइमाई* उपन्यासमा तारा, सावित्री, मायाजस्ता पात्रहरूले महिला शरीरप्रयोग सम्बन्धि मान्यतालाई चुनौति दिएका छन् । सवित्रीले जब आफू शोषित भएको कुरा थाहा पाउँछे तब मानव बेचबिखनका बिरुद्धमा काम गर्ने दृढ सङ्कल्प गरेकी छे । ताराले महिला पुरुषभन्दा कमजोर हुन्छन् भन्ने पितृसत्तात्मक विमर्शलाई तोड्दै समाजमा महिलाले पनि पुरुषसरह समान हैसियत राख्न सक्छन् र महिलाले पनि पखेटा फिँजाएर उड्नुपर्ने धारणा राखेकी छ । यस उपन्यासकी महिला पात्रले एकल बलात्कारी पुरुषलाई घृणा गर्दै सन्तानको अभिभावकत्व गरेर पितृसत्तात्मक चिन्तन र शक्तिले गर्ने महिला शरीर प्रयोगको प्रतिरोध गरेकी छ ।

चीरहरण उपन्यासकी मत्स्यगन्धाद्वारा आफू छोरी भएका कारण लैङ्गिक विभेदको चपेटामा परेको कुराको बोध भएपछि छोरा र छारीमा विभेद गर्ने आमाबाबुलाई अस्वीकार गरी प्रतिरोध गरिएको छ । महिलाको शरीरलाई बजारमा बेच्न राखिएको वस्तुसरह ठानेर विवाह सभाको आयोजना गरिएकोप्रति द्रौपदीले आक्रोस पोखेकी छन् । द्रौपदीलाई उनका पतिले जुवामा राखेर हारेपछि जन्मदाता तथा सृष्टिका सुन्दर फूलहरूलाई वस्तुकरण गरी उपभोग्य वस्तु ठान्ने पितृसत्तात्मक चिन्तनप्रति माता कुन्तीले विद्रोहको आक्रोस प्रस्तुत गरेकी छन् ।

## ५.२ निष्कर्ष

नीलम कार्की 'निहारिका' का उपन्यासमाथि शरीर राजनीतिका कोणबाट गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त मूल निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क. नीलम कार्की 'निहारिका' द्वारा लेखिएका *अर्की आइमाई, चीरहरण* र *योगमाया* उपन्यासमा यौनिकता र प्रजनन, शक्ति र प्रभुत्व, श्रम र उपार्जन, धार्मिक तथा सांस्कृतिक मान्यता, तथा लैङ्गिकताका आधारमा पितृसत्ताले महिलाको शरीर शोषण र दमन गरी राजनीति गरेको छ । *अर्की आइमाई* उपन्यासमा सुवर्णले ताराको शरीरलाई नियन्त्रणमा लिएर हैकम जमाउने, आफ्नो स्वार्थका लागि प्रयोग

गर्ने, घरेलु कामदारका रूपमा प्रयोग गर्ने, आय आर्जनको साधनका रूपमा लिने, यौनप्यास मेटाउने साधन बनाउने काम गरेको छ । पितृसत्तात्मक सामाजिक विचारधाराले उपन्यासका महिला पात्रहरूलाई पनि प्रभाव पारेको छ र महिलाले महिलालाई नै शोषण गरेका छन् । *चीरहरण* उपन्यासमा कुन्ती तथा द्रौपदीको स्वनिर्णयको अधिकार, वैयक्तिक चाहना, स्वपहिचान तथा विचारधारामाथि पाण्डु तथा युधिष्ठिरले प्रतिबन्ध लगाएर आफू अननुकूल उनीहरूको शरीरमाथि राजनीति गरेका छन् । *योगमाया* उपन्यासमा योगमाया तथा नैनकलाको शरीरमाथि पितृसत्ताले धार्मिक तथा सांस्कृतिक मान्यता, शक्ति र प्रभुत्वका आडमा शोषण गरी राजनीति गरेको छ ।

ख. कार्कीका तीन ओटै उपन्यासहरूमा महिला शरीरमा निर्वासनको प्रभाव परेको छ ।

यी उपन्यासका महिला पात्रहरू युद्ध, सामाजिक परम्परा तथा उपभोक्तावादी चिन्तनका कारण निर्वासित भएका छन् । यी पात्रहरू कोही आत्मनिर्वासन, कोही आन्तरिक निर्वासन त कोही बाह्यनिर्वासनमा परेका छन् । *अर्की आइमाई* उपन्यासकी पात्र तारालाई यौन सन्तुष्टि मेटाउने वस्तुका रूपमा सुवर्णले अमेरिका लगेको छ भने सावित्रीहरूलाई उसकै श्रीमानले आय आर्जनका दृष्टिले बाह्य निर्वासित हुन बाध्य बनाएको छ । *चीरहरण* उपन्यासमा उपभोक्तावादी संस्कृतिको प्रभाव तथा युद्ध, पद, प्रतिष्ठा, पैसा, भोगविलासका कारण अरुको शरीर प्रयोग गर्ने चरित्रको प्रयोग भएको छ । युद्धका कारण माद्री, अम्बा, अम्बिका, अम्बालिका, सुभद्रा, द्रौपदी, कुन्ती आदि पात्रहरू आत्मनिर्वासित भएका छन् भने धार्मिक परम्पराका कारण कुन्ती, गंगा, द्रौपदीहरू आत्मनिर्वासित भएका छन् । *योगमाया* उपन्यासमा धार्मिक परम्पराका कारण योगमाया, नैनकला, गंगा आदिको शरीरमाथि राजनीति भएको छ र उनीहरूको स्वनिर्णयको अधिकार तथा स्वतन्त्रतामाथि नियन्त्रण गरेर उनीहरूलाई निर्वासित बनाएको छ ।

ग. नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला पात्रहरू स्वपहिचान र आफ्नो

शरीरप्रतिको अधिकारका बारेमा सचेत देखिन्छन् । प्रतिरोधकै क्रममा जलसमाधि लिएका पात्रहरू पनि छन् ।  महिला शरीर प्रयोगप्रतिको प्रतिरोधका सन्दर्भमा यी उपन्यासहरूमा *चीरहरण* र *योगमाया* सशक्त देखिन्छन् । यद्यपि *अर्की आइमाई* उपन्यासमा पनि शरीर प्रयोगप्रतिको प्रतिरोधी चेतना रहेको पाइन्छ । *अर्की आइमाई* उपन्यासका पात्रहरू तारा,

सावित्रीहरूले उनीहरूको शरीरमाथि यौनिकता र प्रजननका मान्यतामा, लैङ्गिकताका मान्यतामा, शक्ति र प्रभुत्वका मान्यतामा गरिएको राजनीतिको प्रतिरोध गरेका छन् । त्यसैगरी *चीरहरण* उपन्यासका पात्रहरू यौनिकता, लैङ्गिकता, शक्ति र प्रभुत्व, धार्मिक तथा सांस्कृतिक मान्यताले महिला शरीरप्रति गरिएका दमनका बिरुद्ध उभिएका छन् । आफ्नै शरीरको अधिकार आफूसँग नभएपछि द्रौपदीले आफूलाई जुवामा राख्ने श्रीमान् युधिष्ठिरसित विद्रोह गरेकी छिन् । द्रौपदीले सत्ता र शक्तिका कारण दुर्योधनद्वारा गरिएको अन्यायप्रति प्रतिशोध नै लिएकी छिन् । कुन्ती पनि विद्रोही नारी पात्रका रूपमा रहेकी छिन् । *योगमाया* उपन्यासकी पात्र योगमाया नारीमाथि गरिएको अन्याय र अत्याचारविरुद्ध सचेत पात्रका रूपमा देखिएकी छिन् । उनले पितृसत्ताले धर्म, परम्पराका नाममा गरेको शोषण र अन्यायका विरुद्ध आवाज उठाएकी छन् । कुनै पनि आधारमा महिला, पुरुष, जात तथा वर्गका आधारमा विभेद गरिनु हुन्न भन्ने बुलन्द आवाज उठाउने योगमाया लगायत अन्य थुप्रै पात्रहरूले विद्रोहस्वरूप जलसमाधि लिएका छन् ।

समष्टिमा हेर्दा नीलम कार्की 'निहारिका' का उपन्यासमा महिला शरीरमाथि विभिन्न किसिमका उत्पीडनको अभिव्यक्ति रहेको पाइन्छ । राजनीतिक सत्ता, सामाजिक सत्ता तथा पारिवारिक सत्तामा रहेका शक्तिशाली व्यक्तिहरूले आफ्नो अधीनस्थको शरीरलाई आफ्नो अनुकूल प्रयोग गरेका छन् । पितृसत्तात्मक सोच र व्यवहारका कारण महिला शरीरलाई आफ्नो नियन्त्रणमा लिई भोग्याका रूपमा महिला शरीरको दुरूपयोग गरिएको छ । उनका तीनओटा उपन्यासमध्ये पितृसत्तात्मक सामाजिक दृष्टिले *चीरहरण* र *योगमाया* सशक्त रहेका छन् भने यी दुईका तुलनामा *अर्की आइमाई* केही कमजोर रहेको पाइन्छ । शरीरमाथि निर्वासनको प्रभावका दृष्टिकोणले तीनओटै उपन्यास सशक्त रहेका छन् ।

शरीरमाथिको रानीतिको प्रतिरोधका दृष्टिकोणले *योगमाया* धेरै बलियो हुनका साथै *चीरहरण* पनि उत्तिकै सशक्त रहेको छ भने *अर्की आइमाई* उपन्यास केही कमजोर देखिएको छ । यद्यपि यी उपन्यासमा महिला शरीरमाथि विभिन्न किसिमले भएका उत्पीडन र नियन्त्रणको प्रभावकारी  अभिव्यक्ति भने निकै सशक्त रूपमा रहेको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (२०७२). अर्की आइमाई उपन्यासको नारीवादी विशलेषण. *दीपशिखा,* पूर्णाङ्क १७, पृ. ९१-१०१ ।

अधिकारी, ज्ञानु (२०७५). योगमाया : इतिहासले अन्याय गरेको पात्रमाथि न्याय. *इनयाँ पत्रिका,* असार ९ ।

उप्रेती, सञ्जीव. (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स ।

एटम, नेत्र (२०७९). पहेँलो गुलाफ कथामा नारी शरीरमाथिको राजनीति. *वाङ्मय,* अङ्क १८, पृ. ५१ - ६० ।

ओझा, ईश्वरा पौडेल (२०७६). योगमाया उपन्यासमा रहेको लैङ्गिक विभेदको विश्लेषण. *प्रज्ञा,* पूर्णाङ्क ११९, पृ. ५७-६५ ।

कार्की, नीलम 'निहारिका' (२०७०). *अर्की आइमाई.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

कार्की, नीलम 'निहारिका' (२०७२). *चीरहरण.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

कार्की, नीलम 'निहारिका' (२०७४). *योगमाया.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

खनाल, रामप्रसाद (२०७६). कृष्ण धरावासीका उपन्यासमा शरीर राजनीति. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रिय विभाग ।

खनाल, रामप्रसाद, (२०७६). तल्लो बाटो उपन्यासमा शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग. *समकालीन साहित्य.* माया ठकुरी, (सम्पा.). (भदौ-कात्तिक). पूर्णाङ्क ८९, पृ. ११९-१२५ ।

खनाल, रामप्रसाद (२०७६). शरणार्थी उपन्यासमा शरीर राजनीति. *प्रज्ञा,* पूर्णाङ्क ११८, पृ. १२७-१३५ ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौँ : भृकुटी ऐकेडेमिक पब्लिकेसन्स ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन

ढकाल, यादेवी (२०७६). नीलम कार्की 'निहारिका' का उपन्यासमा नारी संचेतना. *कग्निसन,* पूर्णाङ्क १, पृ. ३६-४२ ।

तिमल्सिना, राम्जी (२०७४). इतिहासमाथि जीवन्त सम्बोधन. *अन्नपूर्ण पोस्ट,* फागुन २६ ।

त्रिपाठी, गीता (२०७५). पारिभाषित आँखाहरूमा प्रयुक्त शरीर राजनीति. *भृकुटी,* पूर्णाङ्क २२, पृ. ५१- ५८ ।

नेपाल, शक्तिराज (२०७७). योगमाया उपन्यासमा सबाल्टर्न. *इन्टेलेक्चुअल्ज,* पूर्णाङ्क २२, पृ. ५१-५८ ।

पन्थी, टंकप्रसाद (२०७५). चीरहरण उपन्यासमाथि समीक्षात्मक दृष्टि. *प्रज्ञान,* ६/४, पृ २०-३१ ।

पराजुली, राजेन्द्र (२०७१). नारी दुःखको पाटो. *हिमाल खबर पत्रिका,* जेठ ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, सावित्रा (२०७६), पद्मावती सिंहका उपन्यासमा शरीर राजनीति, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पौडेल, शान्ती (२०७७), पारिजातका उपन्यासमा शरीर राजनीति, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पौड्याल, षडानन्द (२०७७). *नेपाली आख्यानमा शरीर राजनीति.* काठमाडौँ : नेपाल प्रज्ञा - प्रतिष्ठान ।

भद्रा, चन्द्रा (सम्पा.) (२०७०). *लैङ्गिक अध्ययन,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, रमेशप्रसाद (२०६८). 'लैङ्गिक समालोचना'. रत्न बृहत नेपाली समालोचना (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली*

*सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मिश्र, चैतन्य (२०७४). पुँजीवाद र नेपाल. काठमाडौँ : फिनिक्स बुक्स ।

लामा, कुमारी (२०७६). समकालीन नेपाली कथामा शरीर राजनीति. *प्रज्ञा समकालीन नेपाली कथा विमर्श.* ज्ञानु अधिकारी, (सम्पा.). (पृ.७३-१०१). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Foucault, M. (1977). The eye of power. In C. Gordon (Ed.), *Power/knowledge* (pp. 55–62). Pantheon.

Foucault, M. (1978). *The history of sexuality* (vol. 1). Pantheon Books.

Foucault, M. (1984). The body of the comdemned. In P. Rabinov (Ed.), *The Foucault reader* (pp. 170-178). Panthen Books.

Foucault, M. (1997). *Discipline and punish* (Trans. A. Sherdian). Vintage Books.

Hooks, B. (2000). *Feminism is for everybody: Passionate politics.* Sauthend Press.

IRIN. (2004). Our bodies – Their battle ground: Gender-based violence in conflict zones. *IRIN Web Special on violence against women and girls during and after conflict.* IRIN/UN Office for the Coordination of Humanitarian Affairs.

Kartak, K. H. (2006). *The female body.* Rutgers University.

Lerner, G. (1986). *The creation of patriarchy.* Oxford University Press.

Munkler, H. (2005). *The new wars* (Trans. P. Camiller). Polity Press.

Puri, G. (1999). *Woman body, desire in post-colonoal India, narratived of gender and sexuality.* Routledge.